पुस - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क १७ | २०८१ पुस १-१५ | पूर्णाङ्क ७७९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | |
| संयुक्त इजलास | १७ |
| इजलास नं. १ | ३४ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ५ | |
| **जम्मा** | **५६** |

| | |
|---|---|
| इजलास नं. ६ | |
| इजलास नं. ९ | १ |
| इजलास नं. ११ | |
| इजलास नं. १५ | १ |
| इजलास नं. | |
| **जम्मा** | **२** |

**कूल जम्मा ५८ + २ = ५८**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ। यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, पुस – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १७** |
| १. | अंश चलन | शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत | १ |
| २. | मूल्य अभिवृद्धि कर (आ.व. ०६६।०६७) | श्रीमती निलमदेवी जैन वि. आन्तरिक राजस्व कार्यालय, ललितपुरसमेत | २ |
| ३. | सवारी ज्यान | नेपाल सरकार वि. सुनिल पौडेल | ३ |
| ४. | जबरजस्ती करणी | नेपाल सरकार वि. नवराज फुयाँल | ३ |
| ५. | सवारी ज्यान | नेपाल सरकार वि. शहिद बम | ४ |
| ६. | जबरजस्ती करणी / हाडनाता करणी | नेपाल सरकार वि. खेमराज पोखरेल | ५ |
| ७. | अंश दर्ता | विनम्र पराजुली वि. अरुणा शाही | ५ |
| ८. | लेनदेन | तिलबहादुर नेपाली वि. शंकरप्रसाद भट्टराई | ६ |
| ९. | बालयौन दुराचार | नेपाल सरकार वि. मुस्ताङ ४२(ग) बहादुर | ७ |
| १०. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. सुशील पौडेल | ८ |
| ११. | जबरजस्ती करणी उद्योग | रामलोचन महतो, नेपाल सरकार | ९ |
| १२. | जबरजस्ती करणी | नेपाल सरकार वि. विष्णुहरी घिमिरे | १० |
| १३. | कर्तव्य ज्यान | राजकुमार यादव वि. नेपाल सरकार | ११ |
| १४. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. विष्णु खत्री आचार्य | १२ |
| १५. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. घमण्ड भन्ने गोपाल शर्मा | १४ |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मतराम थारू, नेपाल सरकार वि. खुसिराम थारू | १५ |
| १७. | ज्यान मारी डाँका गरेको | नेपाल सरकार वि. परिवर्तित नाम ०२-०७५/०७६ञ | १६ |
| **इजलास नं. १** | | | **१८ - ४४** |
| १८. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. अमितकुमार मण्डल | १८ |
| १९. | जबरजस्ती करणी | नेपाल सरकार वि. सत्यमान महर्जन | १८ |
| २०. | जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | सत्यमान महर्जन वि. नेपाल सरकार | १९ |

| | | | |
|---|---|---|---|
| २१. | घर उठाई जग्गा खिचोला चलन | मनोजकुमार साह वि. सरस्वती पोखरेलसमेत | २० |
| २२. | उत्प्रेषणसमेत | विनोद शाक्य वि. जिल्ला प्रहरी कार्यालय, धादिङ, धादिङबेसीसमेत | २१ |
| २३. | उत्प्रेषणसमेत | श्यामकुमार श्रेष्ठ वि. सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँचीसमेत | २१ |
| २४. | अपहरण गरी कर्तव्य ज्यान | नजिर खाँ वि. नेपाल सरकार, नेपाल सरकार वि. सि.पि. सिंह भन्ने चन्द्रेश्वरप्रसाद सिंह, कैलाशकुमार गडरिया वि. नेपाल सरकार, इब्राहिम मनिहार वि. नेपाल सरकार, इन्साफ अली शेष वि. नेपाल सरकार, रज्जव अली साई वि. नेपाल सरकार, रामशोभित कुर्मी वि. नेपाल सरकार, राजीतराम कुर्मी वि. नेपाल सरकार, साकिरअली बेहना वि. नेपाल सरकार, अहमद साई वि. नेपाल सरकार | २२ |

| | | | |
|---|---|---|---|
| २५. | लिखत दर्ता बदर दर्ता | मन्जुदेवी रौनियार वि. जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं.४ बस्ने जोनीदेवी साहसमेत | २४ |
| २६. | लेनदेन | राउत अहिर वि. कौशिलियादेवी अहिरिन | २४ |
| २७. | अंश दर्ता | भरोसी कामैतसमेत वि. सिमरिफ कामैतसमेत | २५ |
| २८. | करारबमोजिम रकम असुल गरिपाऊँ | निर्मलकुमार रिजाल वि. संजय के.सी. | २६ |
| २९. | रकम दिलाइपाऊँ | डोरबहादुर घिमिरेसमेत, जिल्ला काठमाडौं, काठमाडौं म.न.पा. वडा नं.१० स्थित खानी निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. २३/०५१/०५२) नयाँ बानेश्वरसमेत | २७ |
| ३०. | उत्प्रेषण | ठागा राय वि. सर्लाही जिल्ला अदालत मलंगवासमेत | २७ |
| ३१. | अवैध मोही लगत कट्टा | लिलादेवी वि. जैमुन खातुन | २८ |
| ३२. | सवारी ज्यान | नेपाल सरकार वि. रामकिसन रामसमेत | २९ |
| ३३. | जातीय विभेद तथा छुवाछुत | नेपाल सरकार वि. शशिभुषण पाण्डेयसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३४. | सुन, चाँदी भन्सार चोरी निकासी / पैठारी | बलरामप्रसाद गुप्ता वि. राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारासमेत | ३१ |
| ३५. | बन्दी प्रत्यक्षीकरण | विकास ज्योति वि. उच्च अदालत पाटनसमेत | ३१ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | ध्रुब दमाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ३२ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | प्रमेश राजवंशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३३ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | राजेन्द्रकुमार शाक्य वि. मिठ्ठु शाहीसमेत | ३४ |
| ३९. | जबरजस्ती करणी | नेपाल सरकार वि. जमिल मियाँ | ३५ |
| ४०. | अंश चलन | शकतीबहादुर लामा वि. सविन लामासमेत, सविन लामा समेत वि. राजु तामाङसमेत | ३५ |
| ४१. | उत्प्रेषण / परमादेश | रेलकुमार तामाङ वि. रामकृष्ण पौडेलसमेत | ३६ |
| ४२. | लेनदेन | साबित्री कस्ती वि. रमेशकुमार भण्डारीसमेत | ३६ |

| | | | |
|---|---|---|---|
| ४३. | निषेधाज्ञा | शिवराज चौधरी वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ३७ |
| ४४. | उत्प्रेषण / परमादेश | डिल्लीराम उप्रेतीसमेत वि. प्रकाश पौडेलसमेत | ३७ |
| ४५. | उत्प्रेषणसमेत | कर्णाली डिस्टिलरी प्रा.लि. समेत वि. नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३८ |
| ४६. | उत्प्रेषणसमेत | विनु श्रेष्ठ नगरकोटीसमेत वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत | ३९ |
| ४७. | जबरजस्ती करणी | नेपाल सरकार वि. विजय मेहता | ४० |
| ४८. | वैदेशिक रोजगार कसुर | भरत भट्टराई वि. नेपाल सरकार, नेपाल सरकार वि. भरत भट्टराई | ४१ |
| ४९. | अदालतको अवहेलना | गंगादेवी भट्टराई वि. रुपन्देही जिल्ला, फर्साटिकर गा.वि.स. को कार्यालय हाल परिवर्तित सुद्धोधन गाउँपालिकाको कार्यालय, रुपन्देहीसमेत | ४२ |
| ५०. | अंशसमेत | पूर्णबहादुर कामी वि. भिमबहादुर कामीसमेत | ४३ |
| ५१. | लागु औषध खैरो हेरोइन | रवि कपाली, वि. नेपाल सरकार, नेपाल सरकार वि. दिपककुमारसमेत | ४३ |

| इजलास नं. २ | | | ४४ – ५० |
|---|---|---|---|
| ५२. | आयकर | सुरेश प्रधान वि. प्राइम इन्टरनसनल प्रा.लि. त्रिपुरेश्वर, काठमाडौं | ४४ |
| ५३. | कर्तव्य ज्यान र डाँका | लछुमन गिरी वि. नेपाल सरकार, नेपाल सरकार वि. अमृत बहादुर राईसमेत | ४६ |
| ५४. | जग्गा खिचोला चलन | रामशरण राय यादव वि. विद्यालाल राउत अहिर | ४७ |
| ५५. | उत्प्रेषणयुक्त परमादेश | जौमाया वि.क. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४८ |

| | | | |
|---|---|---|---|
| ५६. | बन्दी प्रत्यक्षीकरण | रेनुका पोखरेल, काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत | ४९ |
| **इजलास नं. ९** | | | **५० – ५१** |
| ५७. | फैसला बदर | मदनप्रसाद पंडित कुम्हार वि. रामपतीदेवी तेलीनसमेत | ५० |
| **इजलास नं. १५** | | | **५१ – ५२** |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चाँद खानसमेत | ५१ |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७४-CI-००८३, अंश चलन, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत*

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।९।१३ मा तायदाती फाँटवारी माग हुँदा निजी सम्पत्ति हो भनी दाबी लिनेबाट सोको प्रमाण पेस गर्न लगाउनु भन्ने आदेश भएको देखिन्छ । तर प्रतिवादीहरूले निजी आर्जनको हो भन्ने देखिने प्रमाण कागज पेस गरेको नदेखिँदा उक्त सम्पत्ति आफूखुस गर्न पाउने निजी आर्जनको भन्न मिल्ने देखिएन । प्रतिवादी बिक्रम सिलवालसमेतले मिति २०६७।५।२९ मा मिलापत्र तथा मिति २०६१।५।१० को अंश भरपाई कागजलाई देखाई सो आधारमा निजहरूको नाममा रहेको सम्पत्ति बन्डा नलाग्ने भनी दाबी गरे तापनि लगाउका मुद्दाहरूमा प्रतिवादीहरूबिचको मिलापत्र तथा अंश भरपाईको लिखत बदर हुने ठहरेकोले सो आधारमा तायदातीमा उल्लिखित सम्पत्ति बन्डा नलाग्ने भन्ने नदेखिने ।

प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्ति निजी आर्जनको हो भनी पुष्टि गर्न नसकेकोले प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (क) को कानूनी व्यवस्था तथा यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्त (नि.नं. ८४९२) समेतको आधारमा प्रतिवादीहरूले पेस गरेको अंशको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्ति सगोलकै हुँदा अंशियारहरूबिच बन्डा लाग्ने नै देखियो । उक्त सम्पत्तिबाट वादीले अंश नपाउने गरी भएको उच्च अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अब, वादीले के कति अंश पाउने भन्ने सम्बन्धमा हेर्दा माथि उल्लिखित तथ्य एवं विवेचनासमेतको आधारमा चिरञ्जिवी सिलवाल, सीता सिलवाल, विक्रम सिलवाल र वादीका पति पिता विकास सिलवाल गरी मूल अंशियारको रूपमा ४ जना रहेको देखिन्छ । त्यसै गरी वादीको पति पिता प्रतिवादी विकास सिलवालबाट अंश पाउनेमा प्रतिवादी विकास सिलवाल, यी वादी शर्मिला पौडेल सिलवाल र निजहरूको छोरा सिलस सिलवाल गरी जम्मा ३ अंशियार रहेको देखिन्छ । तसर्थ, वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित वादी प्रतिवादीको दर्ता स्रेस्ता भिड्ने सम्पूर्ण सम्पत्तिलाई ४ भाग गरी सो ४ भागको १ भागलाई पुनः ३ भाग गरी सो ३ भागको १ भागमा वादी शर्मिला पौडेलको र १ भाग सिलस सिलवालको अंश हक रहने देखियो । सिलस सिलवाल नाबालक रहेकोले निजको सर्वोत्तम हितलाई दृष्टिगत गरी निजको हकको सम्पत्ति निजको उमेर नपुगुन्जेलसम्मको लागि संरक्षित गर्नु उचित हुने ।

वादी शर्मिला पौडेल सिलवालका ससुरा चिरञ्जिवी सिलवाल, सासू सीता सिलवाल, जेठाजु विक्रम सिलवाल, पति विकास सिलवालसमेत एकासगोलका मूल ४ अंशियार रहेको देखिएको र प्रतिवादी विक्रम सिलवालसमेतले पेस गरेको तायदातीमा उल्लिखित सम्पत्ति बन्डा नलाग्ने निजी आर्जनको भन्ने नदेखिएको हुँदा उक्त सम्पत्तिबाट समेत अंशबन्डा गरिदिनुपर्नेमा सुरू काठमाडौं जिल्ला अदालतबाट वादीले प्रतिवादी विकास सिलवालले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येबाट मात्र अंश पाउने र अन्य प्रतिवादीहरूबाट समेत अंश पाउँ भन्ने वादी दाबी नपुग्ने गरी मिति २०७२।३।२८ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७३।०९।२४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई वादी प्रतिवादीले पेस गरेको

तायदाती फाँटवारीमा उल्लिखित वादी प्रतिवादीको दर्ता श्रेस्ता भिड्ने सम्पूर्ण सम्पत्तिलाई ४ भाग गरी सो ४ भागको १ भाग वादीका पति पिता विकास सिलवालको भागलाई पुनः ३ भाग गरी सो ३ भागको १ भाग सिलस सिलवालको अंश हक बिक्री वितरण गर्न नपाउने गरी उमेर पुगेपछि निजको नाममा दर्ता हुने गरी र १ भाग वादी शर्मिला पौडेलले अंश छुट्याइलिन पाउने ठहर्ने ।

इजलास अधिकृत-महेश खनाल

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल भदौ २१ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएको छ :

- ०७४-CI-००८४, अंश भरपाई बदर हक कायम, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CI-००८५, लिखत बदर, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CI-००८६, मिलापत्र बदर, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CI-००८७, लिखत बदर, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CR-०१००, जालसाजी (मिलापत्र), शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CR-०१०१, जालसाजी (अंश भरपाई), शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CR-०१०२, जालसाजी, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत
- ०७४-CR-०१०३, जालसाजी, शर्मिला पौडेल (सिलवाल) वि. चिरञ्जीवी सिलवालसमेत

२

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७४-RB-०५१७, मूल्य अभिवृद्धि कर (आ.व. ०६६।०६७), श्रीमती निलमदेवी जैन वि. आन्तरिक राजस्व कार्यालय, ललितपुरसमेत*

यसरी करदाताले वस्तु खरिद गरेको प्रमाणित हुन नसकी नक्कली मूल्य अभिवृद्धि कर बीजक मात्र लिई कर कट्टी दाबी लिएको देखिन आएको छ । उल्लिखित ३ वटा फर्महरूबाट वस्तु खरिद भएको भनी लिइएका बीजकहरूमा एउटै व्यक्तिको जस्ता हस्ताक्षरहरू रहेको सामान्य आँखाले हेर्दा पनि अनुमान गर्न सकिन्छ । फरक फरक अस्तित्वमा रहेका फर्महरूबाट सामान खरिद गरी बिल बीजक प्राप्त गरिएको अवस्था भए ती अलग अलग फर्मका अलग अलग कर बीजकहरूमा एउटै व्यक्तिको जस्तो प्रतीत हुने एकै किसिमका अक्षरहरू बिल बीजकमा रहने अवस्था हुँदैन । यस स्थितिमा उक्त बिल बीजकहरू वास्तविक कारोबारबाट प्राप्त भएको भन्ने नदेखिई नक्कली बिल बीजक तयार गरी पेस गरेको भन्ने पुष्टि हुने ।

पुनरावेदक करदाता प्रिन्टसेल इमेजिङ प्रा. लि. कुपण्डोल ललितपुरलाई आ.व. २०६६।०६७ को मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी सुरू आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०६९।०३।१८ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०६९।०७।२१ मा भएको निर्णय सदर हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७३।०९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

इति संवत् २०८० मङ्सिर १८ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७४-RB-०५१८, मूल्य अभिवृद्धि कर (आ.व.२०६६/०६७), श्रीमती निलमदेवी जैन वि. आन्तरिक राजस्व कार्यालय, ललितपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०५८३, सवारी ज्यान, नेपाल सरकार वि. सुनिल पौडेल*

सवारी साधन चलाउने अनुमतिपत्र लिनुपर्ने व्यवस्था ऐच्छिक नभई ऐनले गरेको अनिवार्य व्यवस्था भएको र सवारी साधन चलाउने अनुमतिपत्र नलिएको व्यक्तिले सार्वजनिक सवारी साधन चलाएको कारण घटना घट्न पुगी मानिसको ज्यान गएमा सो कार्य स्वतः लापर्बाहीपूर्वक गरिएको मान्नुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादीले सार्वजनिक सवारी चलाउने अनुमति लिएको नदेखिएको र निजले चलाएको सवारी साधन बसले जाहेरवालाको छोरा वर्ष ३ को आयुष गौलीलाई किची घटनास्थलमै ज्यान गएको अवस्था देखिँदा प्रस्तुत वारदातमा प्रतिवादीको कार्य स्वतः लापर्बाहीअन्तर्गत मान्नुपर्ने देखिन आयो। यस स्थितिमा निज प्रतिवादी सुनिल पौडेललाई सवारी तथा यातायात व्यवस्था ऐन, १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा दफा १६१(३) बमोजिम सजाय गरेको सुरू तथा उच्च अदालतको फैसला सो हदसम्म मिलेको देखिने।

प्रतिवादी सुनिल पौडेलले सवारी चालक अनुमति पत्र प्राप्त नगरी लापर्बाहीपूर्वक सवारी चलाएको कारण घटना घट्न गई आयुष गौलीको घटनास्थलमै मृत्यु भएको देखिँदा निज प्रतिवादीको सो कार्य सवारी तथा यातायात व्यवस्था ऐन, १६१(३) अन्तर्गतको कसुर ठहर गरी निजलाई सोही दफाबमोजिम २५ दिन कैद रु २०००।- रूपियाँ जरिवाना हुने ठहऱ्याई सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७३।५।६ मा भएको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७४।१।२२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी सुनिल पौडेललाई सवारी तथा यातायात व्यवस्था ऐन, १६१(२) बमोजिम दुई वर्ष कैद हुने ठहर्छ । सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाएको भनी दफा १६१ (४) बमोजिम थप रु. २०००।– (दुई हजार) जरिवाना हुने ठहऱ्याई सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- महेश खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१४०७, जबरजस्ती करणी, नेपाल सरकार वि. नवराज फुयाँल*

जबरजस्ती करणी मुद्दामा पीडितको मौकाको जाहेरी र बकपत्र महत्त्वपूर्ण प्रमाण हो । तर सो प्रमाण अन्य तथ्यहरूसँग स्वाभाविक विश्वासयोग्य देखिनुपर्दछ । यस अदालतको पूर्ण इजलासबाट नेपाल सरकार विरुद्ध यज्ञबहादुर थापासमेत भएको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०६९ अङ्क २ नि.नं. ८७६४) मा "जाहेरी दरखास्तलाई अदालतले अन्य सङ्कलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन नगरेसम्म त्यस्तो जाहेरी आफैँमा स्वतन्त्र प्रमाण हुन सक्दैन" भनी सिद्धान्त प्रतिपादन भएको छ । प्रस्तुत मुद्दामा पीडितले जाहेरी दिँदा प्रतिवादी नवराज फुयाँलसमेतले बाटो छेकी जबरजस्ती हात समाई बाँसको झ्याङतिर लगी मुख थुनी करणी गरेँ भनी उल्लेख गरेको देखिन्छ। निजले अदालतमा बकपत्र गर्दा प्रतिवादी नवराज फुयाँलले दुई चोटि करणी गरेको हो भनी सवाल १५ को जवाफमा लेखाएको देखिन्छ। त्यसै गरी सवाल १६ को जवाफमा "पहिलो

चोटि करणी भएपछि आधा घण्टापछि पुनः दोस्रो पटक करणी भएको हो, त्यो बिचमा केहीबेर हामी बसेका हौँ, गफगाफ केही भएन, फेरि पुनः लुगा खोलेर करणी लिनुदिनु गरेका हौँ भनी बेहोरा लेखाएको देखियो । निजको बकपत्रबाट वारदातस्थलमा एकपटक करणी भएपछि लुगा लगाई प्रतिवादीसँग आधा घण्टासम्म सोही स्थानमा बसिरहनुपर्ने के कस्तो कारण परेको हो ? सो समयमा प्रतिवादीले डर, त्रास, धम्की आदि दिएको हो, होइन ? आदि कुनै कुराहरू खुलाउन सकेको देखिएन । तत्पश्चात् जाहेरवालाले कपडा खोली पुनः दोस्रोपटक प्रतिवादीले करणी गरेको भनी बकपत्रमा लेखाएको देखिन्छ । घटनास्थल मुचुल्कामा खुलाइएको विवरणबाट घटनास्थल वरिपरि घरहरू रहेको, उज्यालोको समय रहेको तथा जाहेरवालाले लगाएको कपडा च्यातिएको भन्ने प्रमाण नभएको स्थितिमा एउटै वारदात स्थलमा एकपटक करणी गरिसकेपछि आधा घण्टा प्रतिवादीसँग सोही स्थानमा बसी पुनः दोस्रोपटक जबरजस्ती करणी गरेको भन्ने जाहेरवालाको जाहेरी बेहोरा र बकपत्र स्वाभाविक नदेखिने ।

साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा " कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने कानूनी व्यवस्था छ । त्यसै गरी सोको स्पष्टीकरणको खण्ड (क) मा "डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । तर प्रस्तुत मुद्दामा जाहेरवाला पीडितको उमेर १६ वर्षभन्दा माथि देखिएको र जबरजस्ती करणीको १ नं. विपरीतको कार्य भएको भन्ने पुष्टि हुन नआएकोले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी तत्कालीन पुनरावेदन इलामबाट भएको फैसला परिवर्तन गर्नुपर्ने नदेखिने ।

प्रतिवादी नवराज फुयाँलले जबरजस्ती करणी गरेको भन्ने देखिन नआएकोले यी प्रतिवादी नवराज फुयाँललाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७३।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - महेश खनाल

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम् ।

## ५

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-०५८३, सवारी ज्यान, नेपाल सरकार वि. शहिद बम*

सडक दुर्घटना प्रतिवेदन हेर्दा राजमार्ग पूर्वबाट पश्चिमतर्फ प्रतिवादीले मोटरसाइकल चलाइआएको भन्ने देखिन्छ । विपरीत दिशा पश्चिमबाट पूर्वतर्फ मृतक बाबुकाजीले साइकल चलाइआएको उल्लेख छ । सो स्केचमा सडकको पूरा चौडाइ २२ फिट देखाइएको छ । साइकलले अचानक मोडी गलत साइडमा गएको र दुर्घटनास्थल मुख्य बिन्दुको उल्लेखनबाट साइकलयात्रीले अचानक मोडी गलत साइडतर्फ प्रवेश गरेकै कारण सो दुर्घटना हुन गएको स्पष्ट देखिन्छ । प्रतिवेदनको बुँदा नं. ४८ मा चालक आदेश भन्ने सहीद बमको गल्ती "अति नजिक" भन्ने उल्लेख छ भने बुँदा नं. ५१ मा साइकल चालक बाबु बादीको गल्ती "ध्यान नभएको" र "गलत घुमाइ" भनी उल्लेख भएको देखिन्छ । यसबाट मोटरसाइकल चालक प्रतिवादीले गम्भीर त्रुटि गरी मोटरसाइकल चलाएको नदेखिने ।

मिसिल संलग्न सडक दुर्घटना प्रतिवेदनलगायतका प्रमाणहरूबाट प्रतिवादीले चलाएको से१प ७९३२ को मोटरसाइकलले

जाहेरवालाको छोरा बाबु बादीलाई ठक्कर दिँदा निजको मृत्यु भएको देखिन आएको तर उक्त घटना प्रतिवादीले लापर्बाहीपूर्वक मोटरसाइकल चलाएको थियो भन्ने नदेखिएकोले मोटरसाइकल चालक प्रतिवादी आदेश भन्ने शहिद बमलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(३) बमोजिमको कसुर गरेको ठहऱ्याई सुरू कैलाली जिल्ला अदालतबाट भएको मिति २०७२।३।३१ को फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत दिपायलको मिति २०७३।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास :- महेश खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल भदौ १७ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-११७८, जबरजस्ती करणी / हाडनाता करणी, नेपाल सरकार वि. खेमराज पोखरेल*

प्रतिवादी खेमराज पोखरेलले वारदातको समयमा तेह्र वर्ष उमेरकी अर्थात् चौध वर्षभन्दा कम उमेरकी पीडित परिवर्तित नाम झ-१ उपर जबरजस्ती करणीको कसुर गरेको पुष्टि भएको तथा निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम दश वर्ष कैद सजाय हुने र ऐ. महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडित परिवर्तित नाम झ-१ लाई रु.५,००,०००।– (पाँच लाख रूपियाँ) क्षतिपूर्ति भराइदिनुपर्ने देखिएको अवस्था छ । यस अवस्थामा सोअनुरूप नगरी सुरू अदालतबाट कसुरदार ठहर भएका यी प्रत्यर्थी प्रतिवादी खेमराज पोखरेललाई सुरू फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने देखिन आयो। प्रतिवादी र पीडितको नाता सम्बन्ध हाडनाता सम्बन्धअन्तर्गत पर्ने भनी पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी खेमराज पोखरेललाई ऐ. ऐनको हाडनाता करणीको महलको २(२) नं. को बमोजिमको सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सो हदसम्म मनासिब र तर्कसङ्गत देखिने।

प्रतिवादी खेमराज पोखरेलउपरको किटानी जाहेरी दरखास्त, पीडित परिवर्तित नाम झ-१ ले घटना विवरणको सविस्तार खुलाई गरिदिएको मौकाको कागज तथा अदालतसमक्षको निजको बकपत्र बेहोरा एवं निज पीडितको स्वास्थ्य परीक्षणसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी खेमराज पोखरेल जबरजस्ती करणीको कसुरमा कसुरदार रहेको देखिँदा, निज प्रतिवादीलाई कसुरदार ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७३।११।०२ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबमोजिम प्रतिवादी खेमराज पोखरेललाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(२) नं. को कसुरमा सोही ३(२) नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने तथा पीडितलाई प्रतिवादीबाट रू.५,००,०००।– (पाँच लाख रूपियाँ) क्षतिपूर्ति भराइदिने र हाडनातातर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७२।०१।२० मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल कार्तिक १९ गते रोज १ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७५-CI-०२७५, अंश दर्ता, विनम्र पराजुली वि. अरुणा शाही*

अविवाहित विमोचन पराजुली तथा विनया

पराजुलीको विवाह खर्च पर सार्ने सम्बन्धमा पुनरावेदन जिकिर रहेको नदेखिँदा सोतर्फ थप विवेचना गरिरहनु परेन । वादी र प्रतिवादी बिनम्र पराजुलीको मिति २०६६।०३।१७ मा सामाजिक परम्परा अनुसार विवाह भई निजहरूको बिचमा पति पत्नीको सम्बन्ध रहेकोमा कुनै विवाद देखिँदैन । प्रतिवादी बिनम्र पराजुलीले प्रतिवादीहरू नन्दलाल पराजुलीसमेतबाट अंश बुझी लिई छुट्टी भिन्न भइसकेको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । मिसिल संलग्न मिति २०६७।०२।१६, र.नं. ८३१३क को अंश भरपाई लिखत हेर्दा, उक्त लिखतमा प्रतिवादी विनम्र पराजुलीले आफ्नो पैतृक सम्पत्तिबाट अंशबापत रू.४९,००,०००।– बुझी अन्य सम्पत्तिमा अंश हक छाडी छुट्टी भिन्न भई बस्न मन्जुर भएको भन्ने उल्लेख भएको देखिन्छ । उक्त लिखतमा के कति पैतृक सम्पत्ति रहेको र प्रतिवादी विनम्र पराजुलीले के कति सम्पत्तिबाट उक्त रकम बुझिलिएको भन्ने स्पष्ट उल्लेख भएको देखिँदैन । पुनरावेदक प्रतिवादी बिनम्र पराजुली तथा नन्दलाल पराजुलीले उक्त लिखतमा सहीछाप गरी लिखत बेहोरालाई स्वीकारेको भए तापनि अंश हक रहेका वादीसमेतलाई रोहबरमा राखेको वा निजहरूको सहमति लिएको भन्ने नदेखिने ।

साबिक मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. मा अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिने र साक्षीको समेत सहीछाप गरी रजिस्ट्रेसन गर्नुपर्नेमा सो गरिराख्नुपर्छ । सोबमोजिम नभएको बन्डा सदर हुन सक्दैन । भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उल्लिखित व्यवस्था अनुसार अंशबन्डा गर्दा लिने दिनेले लिखतमा सहीछाप गरी अन्य व्यक्तिहरूलाई रोहबरमा राख्नुपर्ने देखिन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूले जिकिर गरेको बन्डापत्रको भरपाईमा लिने विनम्र पराजुली तथा दिने नन्दलाल पराजुलीले सहीछाप गरेको भए तापनि वादीलगायतका अन्य अंशियारहरूलाई साक्षी वा रोहवरमा राखेको देखिँदैन । निजहरूको सो सम्बन्धमा सहमति भएको कुनै प्रमाण पनि देखिँदैन । विवाहपश्चात् वादीको सहमतिबेगर कानूनबमोजिम साक्षी नराखी भएको अंशबन्डाको भरपाई नै बदर हुने अवस्थामा उक्त लिखतबमोजिम अंशबन्डा भएको भनी प्रतिवादी बिनम्र पराजुलीबाट मात्र वादीलाई अंश भराउनुले वादीको अंश हकमा आघात पुग्ने देखिने ।

अविवाहित अंशियारहरूको विवाह खर्च पर सारी तायदातीमा उल्लिखित सम्पत्तिबाट ५ जना मूल अंशियारबिच ५ भाग लगाई सोमध्ये वादीका पति अर्थात् प्रतिवादी बिनम्र पराजुलीको १ भागबाट पुन: २ भाग गरी सोको १ भाग अंश वादीले पाउने ठहरी उच्च अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :– कृष्णशोभा सुवाल
कम्प्युटर :– विकेश गुरागाई
इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-CI-०४१७, लेनदेन, तिलबहादुर नेपाली वि. शंकरप्रसाद भट्टराई*

मिति २०६१।९।२४ मा खडा भएको तमसुकमा उल्लिखित रकम लिनुदिनु भएको र मिति २०६८।८।१६ मा तमसुकी रूपियाँमध्ये रु.४०,०००।– प्रतिवादीले बुझाएको र वादीले बुझिलिएको तथ्यमा दुवै पक्षको मुख मिलिरहेको अवस्थामा तमसुकमा भएको रकम कलमबाहेकका अन्य अङ्क अक्षरहरूका सम्बन्धमा प्रमाण बुझ्नपर्ने अवस्था रहँदैन । प्रमाण ऐन, २०३१ को दफा ३ मा “अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्नुपर्छ” भन्ने व्यवस्था रहेको छ । कानूनले स्पष्ट गरिरहेको अवस्थामा प्रस्तुत मुद्दामा लेखककोलेखाइबाट भएको इति

संवत्लगायतका केही विवादित अङ्कका सम्बन्धमा रेखा विशेषज्ञबाट जाँच गराउनुपर्ने औचित्यता रहेको देखिएन । ऐ. ऐनको दफा ५४ मा बुझ्नुपर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएको कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ" भन्ने व्यवस्था रहेको छ । कानूनले बुझ्न नहुने प्रमाण बुझेपछि हुने परिणामको बारेमा स्पष्ट व्यवस्था गरेको सन्दर्भमा प्रस्तुत मुद्दामा रेखा तथा लेखा विशेषज्ञबाट लिखत जाँच गराएको र जाँच गराएपछि प्राप्त हुन आएको प्रतिवेदनको कुनै औचित्य नै रहेन । औचित्यविनाको विशेषज्ञको प्रतिवेदनका आधारमा किर्ते ठहऱ्याई गरेको सुरूको फैसला सदर कायम गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला प्रमाण ऐन, २०३१ को दफा, ३, ५४ तथा तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. समेतको प्रयोग र व्याख्यामा त्रुटिपूर्ण देखिने।

लिखतको हदम्यादका सम्बन्धमा पनि कानूनले स्पष्ट गरेको छ । मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. बमोजिम तमसुक भएका मितिले १० वर्षभित्र केही ब्याज असुल नभएको भाखापत्र पनि नगराएकोमा सो म्यादपछि नालिस लाग्न सक्दैन १० वर्षको बिचमा भाखापत्र गराएको वा केही ब्याज असुल गरेको रहेछ भने सो मितिले फेरी १० वर्षको म्याद पाउँछ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीले मिति २०६८।८।१६ मा रु.४०,०००।– वादीलाई बुझाएको तथ्यका सम्बन्धमा माथि विवेचना गरिसकिएको हुँदा सो बुझाएको मिति २०६८।८।१६ बाट सो तमसुकको नयाँ अस्तित्व कायम हुने भएकोले सोही मितिबाट पुनः १० वर्षको म्याद पाउने हुँदा मिति २०६८।८।१६ बाट पुनः हदम्याद सुरू हुने भएकोले मिति २०७१।९।१३। मा दायर भएको फिराद हदम्यादको अभाव भनी खारेज गर्ने गरेको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ तथा तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १० नं. समेतको प्रयोग र व्याख्यामा त्रुटिपूर्ण रहेको देखिने।

हदम्यादको अभाव भनी फिराद खारेज गर्ने गरेको र लिखतलाई किर्ते ठहर गरी प्रतिवादीलाई तत्कालीन मुलुकी ऐन, किर्ते कागजको १० नं. बमोजिम रु.२७,०००।- जरिवाना गर्ने गरी सुरू पाल्पा जिल्ला अदालतबाट मिति २०७३।८।२३ मा भएको फैसला सदर कायम हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।४।२९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने । सो ठहर्नाले पुनरावेदक वादीले फिराद दाबीबमोजिमको सावाँ र सोको कानूनबमोजिम हुने ब्याजसमेत प्रत्यर्थी प्रतिवादीबाट भराई लिन पाउने ।

फैसला तयार गर्ने : चिन्तामणी शर्मा

इति संवत् २०७९ साल जेष्ठ ५ गते रोज ५ शुभम् ।

**९**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-१४७७, बालयौन दुराचार, नेपाल सरकार वि. मुस्ताङ ४२(ग) बहादुर*

प्रतिवादीले अनुसन्धानमा बयान गर्दा उक्त वारदात मिति र समयमा मैले निजउपर अप्राकृतिक मैथुन गरेको हुँ भनी आरोपित कसुरमा रही बयान गरेकोमा अदालतमा उपस्थित भई बयान गर्दासमेत आरोपित कसुरमा साबित रही बयान गरेको पाइन्छ । मिति २०७३।११।१२ गते राम ल्यागनसमेतका मानिसहरूले खडा गरिदिएको घटनास्थल मुचुल्काको बेहोराबाट अभियोग माग दाबीलाई समर्थित हुने गरी कागज गरिदिएको मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ । मौकामा घटना विवरण कागज गरिदिने प्रमिला नेपालीले प्रतिवादीले परिवर्तित नाम मुस्ताङ ४२ आरबहादुरलाई अप्राकृतिक मैथुन गर्दाकै अवस्थामा आफैँले देखेको हुँ । घटना विवरण कागज गरिदिएकोमा अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत अनुसन्धानमा भएको

कागज बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । प्रतिवादी मुस्ताङ ४२ ग बहादुरले मलाई चाउचाउ र बिस्कुट खान दिन्छु भनी ललाइफकाइ गाउँको समाज घरपछाडि लगि मेरो दिसागर्ने ठाउँमा अप्राकृतिक मैथुन गरेका हुन् भनी मुस्ताङ ४२ आरबहादुरले घटना विवरण कागजको बेहोरालाई अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका मुस्ताङ ४२ बि समेतका मानिसहरूले घटना विवरण कागजको बेहोरा एवं अदालतको बकपत्रबाट सो जाहेरी बेहोरालाई समर्थित हुने गरी कागज र बकपत्र गरिदिएको देखिएबाट पीडित मुस्ताङ ४२ आरबहादुरउपर प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भन्ने तथ्य वस्तुगत रूपमा प्रमाणित भएको देखिने ।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २ को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा "तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने व्यवस्था रहेको छ । त्यस्तै ऐ. ऐनको दफा ३९ को उपदफा (२) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा "तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ करणीसम्बन्धी कसुरको को दफा २२६ अप्राकृतिक मैथुन गर्न नहुनेअन्तर्गत उपदफा १ मा "कसैले कसैको मन्जुरीविना अप्राकृतिक मैथुन गर्नु गराउनु हुँदैन र ऐ.ऐ. उपदफा २ मा "उपदफा १ बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तिस हजार रुपियाँसम्म जरिवाना हुनेछ" भन्ने उल्लेख भएकोमा अपराध घटित भएको अवस्थामा तत्काल प्रचलित कानून जुन छ, त्यही कानून नै लागु हुनुपर्दछ भनी लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी मुस्ताङ ४२ ग बहादुरले पीडित मुस्ताङ ४२ आरबहादुरउपर अप्राकृतिक मैथुन गर्ने कसुरमा संलग्नता देखिएको हुँदा प्रतिवादी परिवर्तित नाम मुस्ताङ ४२ ग बहादुरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२६ (२) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ अनुसार डेढ वर्ष (१८ महिना) कैद र रु. ५,०००।– (पाँच हजार) जरिवाना हुने र पीडितलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयअन्तर्गतको मुस्ताङ जिल्लामा रहेको कार्यालयबाट रु. १५,०००।– (पन्ध्र हजार) क्षतिपूर्तिसमेत भराइदिने ठहर गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।०६।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- नम्रता गैरे

कम्प्युटर :- रामशरण तिमिल्सिना

इति संवत् २०७९ जेष्ठ ५ गते रोज ५ शुभम्

**१०**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-CR-१६३४, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सुशील पौडेल*

ट्वाइलेटको चुकुल नभएको भन्ने जाहेरी बेहोराबाट देखिएको छ । घटनास्थल मुचुल्कामा देखाइएको ट्वाइलेटको रेखाचित्रबाट उक्त ट्वाइलेटको उचाइ ३ १/२ फिट, चौडाइ २ १/२ र लम्बाइ ४ १/२ फिट रहेको देखिन आएको छ। ४ १/२ फिट लम्बाइमा मानिस सुत्न सक्नेसमेत नदेखिँदा यति साँघुरो स्थान भएको ट्वाइलेटमा पीडितलाई सुताएर जबरजस्ती करणीको उद्योगको वारदात हुन सक्नेसमेत देखिँदैन । पीडितको आमाको बकपत्रबाट ट्वाइलेटको ढोका बाहिरपट्टिबाट खुल्ने र पीडितको एउटा हात प्रतिवादीले समाएको

भए पनि अर्को हात खुलै रहेको भन्ने देखिएको छ । प्रतिवादीलाई घटना हुनुभन्दा अगाडि चिनेको थिइनँ भनी पीडित जाहेरवालीले बकपत्र गरेको देखिँदा यी प्रतिवादी र पीडितबिच चिनजान रहेको भन्ने देखिँदैन । चुकुल नलागी बाहिरपट्टि खुल्ने ढोका रहेको ट्वाइलेटमा अपरिचित व्यक्तिले आफूलाई आफ्नो इच्छाविपरीत जबरजस्ती करणीको उद्योग गरेको मा प्रतिकार गरी ट्वाइलेटबाट बाहिर आउन सक्ने देखिन्छ । यस अवस्थामा पीडितले प्रतिवादी विरुद्ध कुनै प्रतिकारसम्म गरेको नदेखिएको र प्रतिवादीले मौकामा र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको तथा निजको साक्षी नविन श्रेष्ठले निजको इन्कारी बयान पुष्टि गर्दै पीडितको ट्वाइलेटमा जबरजस्ती करणीको उद्योग हुनै सक्दैन, त्यहाँबाट कराएको घरका मानिसले सुन्न सक्छन् भनी बकपत्र गरिदिएको र घरमा सम्पूर्ण परिवार रहेको अवस्थामा घरनजिकै रहेको ट्वाइलेटमा चिनजान नै नभएकी पीडितलाई यी प्रतिवादीले जबरजस्ती करणीको उद्योगको कसुर गर्न सक्ने अवस्थासमेत रहेको नदेखिँदा प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने पुष्टि हुन सकेको नदेखिने ।

प्रतिवादी सुशील पौडेलउपर लगाइएको अभियोग दाबी वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिँदा सुरू ओखलढुङ्गा जिल्ला अदालतले अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. तथा सोही महलको ५ नं. बमोजिम प्रतिवादीलाई तजबिजी दुई वर्ष ६ महिना कैदको सजाय हुने गरी मिति २०७५/१०/२३ मा गरेको फैसला उल्टी गरी प्रतिवादी सुशील पौडेलले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७६।०५।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- नम्रता गैरे

कम्प्युटर :- रामशरण तिमिल्सिना

इति संवत् २०७९ साल जेष्ठ ५ गते रोज ५ शुभम् ।

**११**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-CR-०३४३, जबरजस्ती करणी उद्योग, रामलोचन महतो, नेपाल सरकार*

प्रतिवादी रामलोचन महतो १६ वर्ष पूरा नभएको १५ वर्षको बालक रहेको देखिन्छ । प्रतिवादीको चालचलन राम्रो रहेको भनी प्रतिवादीका आमाले सुरू धनुषा जिल्ला अदालतमा बकपत्र गरेको देखिन्छ । सोबाहेक प्रतिवादीको चालचलन राम्रो रहेको वा सजाय स्थगन गर्नुपर्नेसम्मको कुनै अवस्था नदेखिएको, निज स्वस्थ रहेको र मौकामा कागज गर्ने चन्देश्वर यादव तथा फूलगेन यादवले प्रतिवादी खराब आचरणको व्यक्ति रहेको भनी गरेको बकपत्रसमेतबाट प्रतिवादीलाई ठहर भएको सजाय स्थगन गर्नुपर्ने कुनै अवस्था देखिँदैन । यसका बाबजुद प्रतिवादीका आमाले आफ्नो छोरा राम्रो आचरणको रहेको भनी गरेको बकपत्रकै आधारमा प्रतिवादीलाई ठहर भएको कैद सजाय स्थगन गरेको सुरू अदालतको फैसला बदर गरेको उच्च अदालत जनकपुरको फैसला मिलेकै देखिने ।

प्रतिवादी रामलोचन महतोले पीडितलाई जबरजस्ती करणी गर्ने प्रयास गर्दा पीडित चिच्याएको कारण अन्य मानिसहरू आएको र प्रतिवादी वारदातबाट भागी गएको भन्ने पुष्टि भई प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि भएको अवस्थामा छ । प्रतिवादी १५ वर्षको नाबालक रहेको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) को चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने

भन्ने कानूनी व्यवस्थाका आधारमा यी प्रतिवादीलाई जबरजस्ती करणी उद्योग कसुरमा हुने सजाय वर्ष तीनको आधा एक वर्ष छ महिना कैद सजाय हुने गरी सुविधा प्रदान गरेको छ। तर सोही ऐनको दफा ५०(२) बमोजिम सजाय स्थगन हुने अवस्थासमेत विद्यमान रहेको पुष्टि हुने कुनै वस्तुनिष्ठ प्रमाणहरू नरहेको परिस्थितिमा उक्त कानूनी व्यवस्थाबमोजिम सजाय स्थगन गर्न नमिल्ने।

प्रतिवादी रामलोचन महतो नाबालक देखिई निजको आमाले चालचलन राम्रो छ भनी उल्लेख गरेको आधारमा मात्र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सजाय स्थगन गर्ने गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सो हदसम्म मिलेको नदेखिई केही उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणी उद्योगको कसुरमा हुने सजाय एक वर्ष छ महिनाको कैद भुक्तान गर्न पठाउने ठहर्‍याएको उच्च अदालत जनकपुरको मिति २०७५।०५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कृष्णशोभा सुवाल / नम्रता गैरे

इति संवत् २०७९ साल जेठ ५ गते रोज ५ शुभम्।

**१२**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-१९५१, जबरजस्ती करणी, नेपाल सरकार वि. विष्णुहरी घिमिरे*

जबरजस्ती करणी महलको ५ नं.मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ भनी करणी गर्ने प्रयास गरेको तर कुनै कारणबाट जबरजस्ती करणी गर्ने कार्य पूरा हुन नसकेको अवस्थामा जबरजस्ती करणीको उद्योगसम्म हुन्छ भनी ऐनले स्पष्ट गरेको देखिन्छ। प्रस्तुत वारदातमा प्रतिवादीले पीडितालाई कोठाभित्र लगी ढोकासम्म लगाएको अवस्थामा जाहेरवाला र खिमबहादुर परियार तत्काल पुगी ढोका ढकढकाएर खोलेको तथ्य पुष्टि हुनआएकोले प्रतिवादीले पीडितालाई करणी गर्ने प्रयास गरेको तर करणी गर्न नपाएको तथ्य वारदातको घटनाक्रमले स्थापित गरेको देखिने।

जबरजस्ती करणी उद्योग आपराधिक क्रिया (Criminal offence) भएकोले सोही मापदण्ड एवं अवधारणामा आधारित भएर न्यायिक निरूपण गर्नुपर्ने हुन्छ। जबरजस्ती करणी उद्योगजस्ता मुद्दामा प्रतिवादीको खराब नियत (Ill-Intention) अपराध गर्नका लागि तयारी (Preparation) अपराध गर्न पर्याप्त कार्यहरू तथा सो बखतमा तेस्रो पक्षीय उपस्थितिको हस्तक्षेप वा आकस्मिक कार्यहरू (Third party intervention or sudden causes) विचारणीय हुन आउँछन्। प्रस्तुत वारदातमा पीडिता नै वारदातको प्रत्यक्ष प्रमाण (Direct evidence) रहे भएको देखिन्छ। अनुसन्धानको सिलसिलामा खडा भएका कागजात वा सङ्कलित प्रमाण अदालतसमक्ष साक्षी परीक्षणको (Examination of witness) उपायद्वारा प्रमाण ग्राह्य हो वा होइन भन्ने सवालको निर्धारण गरिन्छ। प्रत्यक्ष प्रमाणको रूपमा रहेकी स्वयं पीडिताको स्वतन्त्रतापूर्वक अदालतमा भएको बकपत्रलाई भरयोग्य प्रमाण (Reliable evidence) को रूपमा लिनुपर्ने हुन्छ। साथै प्रतिवादीको अदालतसमक्षको बयानसमेतमा जबरजस्ती करणी उद्योग हुनका लागि वर्णित आधार एवं अवयवहरू विद्यमान देखिन आउँछन्। प्रतिवादी विष्णुहरी घिमिरेले करणीको हरप्रयत्न गरेको तर अचानक निज पीडिताकी आमा जाहेरवाली र घटना विवरण कागज गर्ने खिमबहादुर परियार आई ढोका ढकढकाएकोले सो करणीको क्रिया पूरा हुन नसकेको हुँदा Third Party Intervention नभएको भए जबरजस्ती करणी गर्न सक्ने अवस्था विद्यमान रहेको देखिन्छ। यस स्थितिमा प्रतिवादीलाई जबरजस्ती करणी उद्योगको कसुर ठहर गरी ५ वर्ष कैद सजाय गर्ने गरेको सुरू तनहुँ जिल्ला अदालतको मिति

२०७४।२।२८ को फैसला सदर कायम हुने ठहऱ्याई भएको उच्च अदालत पोखराको मिति २०७५।०१।०७ को फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । सो हुँदा पुनरावेदक वादी नेपाल सरकारतर्फबाट विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा आदेशमा लिइएका आधार, प्रमाणसँगसमेत सहमत हुन नसकिने।

सुरू तनहुँ जिल्ला अदालतबाट तत्कालीन प्रचलित मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं. बमोजिम प्रतिवादीलाई ५ (पाँच) वर्ष कैद हुने गरी मिति २०७४।२।२८ मा भएको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७५।०१।०७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजालास अधिकृत - चिन्तामणी शर्मा

इति संवत् २०७९ साल जेठ ५ गते रोज ५ शुभम्।

**१३**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७४-CR-१०५०, कर्तव्य ज्यान, राजकुमार यादव वि. नेपाल सरकार*

प्रतिवादी राजकुमार यादवले अभियोग दाबीको कसुर नगरेको भन्ने जिकिर गरे तापनि वारदातको समयमा निज प्रतिवादी वारदातस्थलमा रहेको, दोहोरो कुटपिट हुँदा स्वयम् पनि सख्त घाइते भई अन्य व्यक्तिहरू पनि घाइते भएको तर को को कति घाइते भएको बारेमा थाहा नभएको भनी बयान गरेको देखिन्छ । प्रतिवादीले दोहोरो कुटपिट भएको स्वीकारेको र मृतक अरूण मगर र अम्बरसिंह धिमाल र घाइते राजिव लिम्बूको शरीरमा अनगिन्ती चोटहरू रहेको भन्ने मृतकहरूको शव परीक्षण प्रतिवेदन र लास जाँच मुचुल्का तथा घाइते राजिव लिम्बूको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएबाट निजहरूउपर कुटपिट भएको स्थापित हुने नै देखिन्छ। घटनास्थलबाट भाला, खुकुरी, पेस्तोललगायतका हातहतियार बरामद भएको भन्ने बरामदी मुचुल्कालाई पनि प्रतिवादी राजकुमार यादवले सनाखत गरिदिएको देखिन्छ । प्रस्तुत वारदातका प्रत्यक्षदर्शीसमेत रहेका घाइते राजिव लिम्बूले सुनियोजित तरिकाले प्रतिवादीहरूसमेत भई कुटपिट गरेको भनी मौकामा गरेको कागज, प्रतिवादीहरूउपर परेको किटानी जाहेरीलाई समर्थन गर्दै मौकामा बुझिएका व्यक्तिहरूले गरेको बकपत्रसमेतबाट प्रतिवादी राजकुमार यादवसमेत भई गरेको कुटपिटका कारण अरूण मगर र अम्बर सिंह धिमालको मृत्यु भएको र राजिव लिम्बू घाइते भएको स्थापित भएको देखिने।

प्रतिवादी राजकुमार यादवसमेतको कुटपिटबाट मृतक अरूण मगरको मस्तिष्कमा लागेको चोटका कारण मिति २०६९।०३।०८ मा मृत्यु भएको र मृतक अम्बर सिंह धिमालको पनि तत्काल टाउकोमा भएको प्रहारबाट लागेको चोटका कारण मिति २०६९।०३।१२ मा मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १० नं. मा "यस महलको ५ नम्बरले भवितव्य ठहर्नेबाहेक सन्धी कु ठाउँमा हातले हान्दा त्यसै पीरले उठ्न नसकी थला परी सात दिनभित्र मऱ्यो भने त्यसैको कर्तव्यले ज्यान मरेको ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा पनि वारदात मिति २०६९।०३।०५ मा प्रतिवादीसमेतको कुटपिटबाट लागेको चोटका कारण उपचारमा रहेका अरूण मगरको मिति २०६९।०३।०८ मा मृत्यु भएको र अम्बर सिंह धिमालको मिति २०६९।०३।१२ मा मृत्यु भई ऐनका म्यादभित्रै रहेको देखिँदा प्रतिवादी राजकुमार यादवको कर्तव्यकै कारण अरूण मगर र अम्बर सिंह धिमालको मृत्यु भएको स्थापित भई निज प्रतिवादीले अभियोग दाबीको कसुर गरेको पुष्टि भएको देखिने।

जहाँसम्म प्रतिवादीको ज्यानसम्बन्धीको महलको ५ नं. र ७ नं. बमोजिम कसुरदार ठहऱ्याई सजाय गर्न मिल्दैन भन्ने पुनरावेदन जिकिर छ, सो

सम्बन्धमा विचार गर्दा, ज्यानसम्बन्धीको महलको ५ नं.मा इविलाग वा मनसाय नभई गरेको कर्तव्यको कारण मानिस मर्लाजस्तो नदेखिएको अवस्थामा भवितव्य ठहर्ने भन्ने व्यवस्था रहे पनि प्रस्तुत वारदातमा प्रतिवादीले मनसायसहित नै कुटपिट गरेको कारण अरूण मगर र अम्बर सिंह धिमालको मृत्यु भएको पुष्टि भएको र बरामदित हतियारको कुटपिटबाट कसैको पनि ज्यान जान सक्नेजस्तो देखिएको अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिरबमोजिमको कानूनी व्यवस्था प्रस्तुत मुद्दामा लागु हुने देखिँदैन । त्यस्तै ज्यानसम्बन्धीको महलको ७ नं. ले आफ्नो बचाउका लागि कुनै कार्य गरे पनि ज्यान मार्नेको बात नलाग्ने भन्ने व्यवस्था गरे पनि प्रस्तुत मुद्दाका प्रतिवादीहरू र मृतक अरूण मगरसमेतका बिच कुटपिट भएको र त्यसैक्रममा आफू बच्नका लागि प्रतिरक्षाका लागि उक्त कुटपिट नगरेको भनी प्रतिवादीले बयानमा भन्न नसकेको तथा अन्य प्रमाणहरूबाट समेत नदेखिएको अवस्थामा प्रतिवादीको उल्लिखित पुनरावेदन जिकिर पनि पुग्न नसक्ने ।

प्रतिवादी राजकुमार यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई मोरङ जिल्ला अदालतबाट मिति २०७०।०३।११ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- मोहन सुवेदी / कृष्णशोभा सुवाल
इति संवत् २०७८ साल चैत्र १५ गते रोज ३ शुभम् ।

**१४**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-RC-००८०, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. विष्णु खत्री आचार्य*

प्रतिवादी विष्णु खत्री आचार्यले सुरू अदालतमा बयान गर्दा मेरो पेटमा रहेको बच्चा गर्भपतन गराउन डाक्टरलाई भनेकोमा डाक्टरले मेरो योनिमा केही औषधी राखिदिएको र औषधीसमेत खान दिनुभएको थियो । मिति २०७५।१०।१३ गते ११/१२ बजेको समयमा बच्चा जन्म भयो । जन्म हुँदा मलाई चक्कर आई बेहोस भएँ । बच्चा मृत अवस्थामा जन्मियो वा जिउँदो जन्मियो मलाई थाहा भएन । मैले बच्चालाई मारेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि निजले मौकामा अनुसन्धानका क्रममा बयान गर्दा मलाई मिति २०७४।१०।१३ गते प्रसव पीडा भई बच्चा जिउँदो जन्मिएको र पालन पोषण गर्ने झन्झटबाट मुक्त हुन घाँटी च्याँपी टाउको दबाएको र केही क्षणपछि बच्चाले सास फेर्न छोडेको हुँदा सोही स्थानमा बसिरहेकोमा पछि गाउँलेहरूले थाहा पाई प्रहरीमा खबर गरेका हुन् भनी आरोपित कसुरमा साबिती रही मौकामा बयान गरेको देखियो । सुरू मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदन हेर्दा “The baby is a mature term new born of ३७ weeks of gestation and has undergone respiration after birth. Death is due to subdural hemorrhage and asphyxia. Examination findings suggest live birth of the baby” भन्ने उल्लेख भएको पाइन्छ । प्रतिवादी विष्णु खत्री आचार्यले मिति २०७४।१०।१३ मा बच्चा जन्माएको र उक्त बच्चा जिउँदो जन्मेको भन्ने कुरा पोष्टमार्टम प्रतिवेदनबाट खुलेको र मृत्युको कारण Subdural Hemorrhage and asphyxia भन्ने उल्लेख भएको, लास जाँच मुचुल्काबाट घाँटीमा चोट निलडाम देखिएकोले मृत बच्चा जिउँदो जन्मिएको पुष्टि भएको र शव परीक्षण गर्ने चिकित्सक डा. विकास शर्माले अदालतमा आई बकपत्र गर्दासमेत आफ्नो सुरू प्रतिवेदन बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएकोले मिति २०७५।१०।१३ मा मृत नवजात शिशु जिउँदो

जन्मिएको, सुरू जाहेरी बेहोरा, प्रतिवादीको मौकाको साबिती बयान, प्रतिवेदकले अदालतमा गरेको बकपत्रसमेतबाट यी प्रतिवादी विष्णु खत्री आचार्यले मास पुगेको बच्चा शिशुलाई जिउँदै जन्म दिई नवजात शिशुलाई घाँटी अठ्याई टाउकोमा दबाई यिनै प्रतिवादीको कर्तव्यबाट घटना घट्न गई वारदात कसुर भएको पुष्टि भएको देखिने।

प्रतिवादी विष्णु खत्री आचार्यलाई मुलुकी ऐन, अ.वं. १८८ नं. बमोजिम ५ वर्ष मात्र कैद सजाय गर्न राय व्यक्त गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको राय मनासिब छ छैन ? भन्ने सम्बन्धमा विचार गर्दा सर्वप्रथम त्यससम्बन्धी कानूनी व्यवस्थालाई उल्लेख गर्न सान्दर्भिक देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमको चित्तले भवितव्य हो कि भन्ने हुनेसम्मको शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नुहुन्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजाय घटाई तोक्न हुन्छ भन्ने व्यवस्था गरेको देखिन्छ। त्यसै गरी हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १४५(१क) मा समेत घटी सजायको प्रस्ताव गरी राय व्यक्त गर्न सक्ने व्यवस्था अनुसार प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारणसहित घटी सजायको प्रस्ताव गरी रायसहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले पैँतिस (३५) दिनभित्र मिसिलसहित पुनरावेदन सुन्ने अदालतमा राय पेस गर्नुपर्ने छ भन्ने कानूनी व्याख्या गरेको देखिने।

अ.वं.१८८ नं. बमोजिम ५ वर्षको सजाय हुने गरी व्यक्त भएको रायतर्फ हेर्दा प्रस्तुत मुद्दामा घटित वारदातको प्रकृति तथा स्वरूप हेर्दा मृतक नवजात शिशुलाई पूर्वयोजना बनाई योजनाबमोजिम मारेको देखिँदैन । आफैँले जन्माएको नवजात शिशुलाई लोकलाजबाट बच्नका लागि क्षणिक आवेगमा आई वारदात घटाएको पाइन्छ । यी प्रतिवादीको पहिलो पतिसँगको सम्बन्ध सुमधुर नभएपछि दोस्रो पुरूषसँग विवाह गरी गएको अवस्थामा अवैध सम्बन्धबाट गर्भ रहन गएको र आफ्नो पेटमा भएको बच्चालाई गर्भपतन गराउने क्रममा जिउँदो नवजात शिशुको जन्म भएको देखिन्छ। कमजोर आर्थिक अवस्थाको कारण अवैध सम्पर्कबाट जन्म भएको बच्चाको पालनपोषण गर्ने दायित्वबाट उम्कन र कमजोर मानसिक अवस्थाको परिणामस्वरुप प्रस्तुत वारदात घट्न गएको देखिन्छ। आफूले जन्म दिएको बच्चालाई हत्या गर्नु कल्पनाभन्दा बाहिरको कुरा हो । तथापि कतिपय अवस्थामा पारिवारिक सम्बन्ध सामाजिक आर्थिक अवस्था एवम् अवैध शारीरिक सम्पर्कको कारणबाट अनधिकृत रूपमा रहन गएको गर्भका कारण जन्मिएको बच्चाको पालन पोषणको झन्झट र सामाजिक लोकलाजका कारण आफ्नो आमाद्वारा नै हत्या हुन पुगेको अवस्थामा सुनियोजित हत्यामा जस्तो कठोर सजाय गर्नु न्यायोचित नदेखिँदा सुरू अर्घाखाँची जिल्ला अदालतबाट अ.वं.१८८ नं. बमोजिम यी प्रतिवादी विष्णु खत्री आचार्यलाई ५ वर्ष कैद सजाय हुने भनी व्यक्त राय उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट सदर गर्ने गरेको राय भएकोमा यी प्रतिवादीलाई ४ वर्ष मात्र कैद सजाय मात्र गर्नु उपर्युक्त हुने।

इजलास अधिकृत :- डिल्लीराम प्रसाई
कम्प्युटर :- रमला पराजुली
मिति २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

**१५**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-RC-००९८, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. घमण्ड भन्ने गोपाल शर्मा*

प्रतिवादी घमण्ड भन्ने गोपाल शर्माले अनुसन्धान क्रममा बयान गर्दा मिति २०७४।१२।२३ गते मृतक रियाना अधिकारीसँग रातभरि यौन कार्य गर्न भनी रु. २,०००।- मा तय गरी काठमाडौं टोखा नगरपालिका स्थित न्यू भुवनेश्वरी एण्ड अर्जुन पाहुना घरको कोठा नं. २०३ मा ल्याई रक्सी वियरसमेत खाएकोमा मृतकले आफूलाई ज्यादै तल्लोस्तरमा जथाभावी गाली गलौज गरेबाट रिस उठी निजको घाँटीमा दुवै हातले अन्दाजी एक मिनेटजति दबाउँदा मृतक रियाना अधिकारी चालचुल नगरेबाट मरी होला भन्ने ठानी निजको टाउजरले मुख तथा घाँटीमा बेरी खुट्टामा टावेलले बेरी निजको साथमा रहेको kivi०६ लेखिएको मोबाइलसमेत चोरी गरी कोठाको ढोका ढप्काई हिँडेको र उक्त मोबाइल भारतमा रु. १२००।– मा बेचेको हो भनी आरोपित कसुरमा साबिती भई बयान गरेको देखिन्छ । त्यसै गरी यी प्रतिवादीले अदालतमा बयान गर्दा मृतक रियाना अधिकारीसँग यौन कार्य गर्ने सल्लाह भई रात भरिका लागि रु. २०००।– मा सम्झौता गरी उक्त गेष्ट हाउसको कोठा नं. २०३ मा ल्याई रक्सीसमेत सेवन गरी निजले रक्सी लागेपछि तथानाम गाली गलौज गर्न थालेपछि रिस उठी मृतकको घाँटी थिची मारी निजको साथमा भएको मोवाइल लिई भागेको हुँ भनी अनुसन्धानको क्रममा व्यक्त भनाइलाई पूर्ण समर्थन हुने गरी बयान लेखाएको पाइन्छ । सुरू मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदन हेर्दा मृतकको मृत्युको कारण "Pressure over the neck with blunt force injury to the head" भनी उल्लेख भएको पाइन्छ । त्यसै गरी प्रहरी प्रतिवेदक प्रहरी नायब निरीक्षक टेकबहादुर कुँवरले सुरू अदालतमा बकपत्र गर्दा यी प्रतिवादीलाई कन्चनपुर गड्डाचौकीबाट मिति २०७४।१२।३० मा पक्राउ गरी मिति २०७५।१।१ मा महानगरीय प्रहरी वृत्त महाराजगन्जमा बुझाएका छौँ भनी बकपत्र गरेको पाइन्छ भने प्रतिवादीका साक्षी पवन अधिकारीले घटनाको प्रकृति विचार गर्दा, यी प्रतिवादी र मृतकबिच त्यस्तो कुनै दुस्मनी नरहेको, रक्सी खाई सामान्य झगडा हुँदा घटना घट्न गएको हो । मृतक रियाना अधिकारीलाई मार्न कुनै हात हतियार प्रयोग नभएकोले अकस्मात् उठेको रिसका कारण यी प्रतिवादी गोपाल शर्माद्वारा मृतकको मृत्यु भएको हुँदा कानूनबमोजिम न्यूनतम सजाय होस् भनी बकपत्र गरिदिएको पाइन्छ । यसरी लास जाँच मुचुल्का प्रतिवेदनबाट Pressure over the neck with blunt force injury to the head भन्ने उल्लेख भएको देखिएको । प्रतिवादीकै साक्षीले यी प्रतिवादीलाई कानूनबमोजिम सजाय होस् भनी बकपत्र लेखाएको, यिनै प्रतिवादी घमण्ड भन्ने गोपाल शर्माले मृतकलाई रक्सी सेवनपछि आपसी वादविवाद भई झगडा हुँदा जथाभावी गाली गलौज गरेको हुँदा रिस उठी मृतकको घाँटीमा दुवै हातले एक मिनेटजति दबाउँदा मृतकको मृत्यु भएको हो भनी अनुसन्धान तथा सुरू अदालतसमक्षको साबिती बयान, प्रतिवेदक प्र.ना.नि. एवं बुझिएका व्यक्तिहरूको बकपत्र, लास जाँच मुचुल्कासमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट घटना पुष्टि भएको देखिएकोले मृतक रियाना अधिकारीलाई यिनै प्रतिवादीले कर्तव्य गरी मारेको तथ्य पुष्टि हुने ।

प्रतिवादीलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याई मिति २०७५।५।६ मा भएको फैसला साधक जाँचका लागि पेस भएकोमा प्रस्तुत मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।७।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । यी प्रतिवादीका हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा

४०(२) बमोजिम सर्वश्व गर्नुपर्ने नहुँदा जन्मकैदको सजाय हुने भनी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(२) एवम् न्याय प्रशासन ऐन, २०७३ को दफा १० बमोजिम साधक जाँचको लागि उच्च अदालत पाटनबाट जन्मकैदको सजाय गरी सो सजाय चर्को पर्न जाने भनी दश वर्ष कैद सजाय हुन व्यक्त रायमा सहमत हुन सकिएन । यी प्रतिवादीलाई जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत - डिल्लीराम प्रसाई

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम् ।

**१६**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०१४४, ०७८-RC-००४३, कर्तव्य ज्यान, नेपाल सरकार वि. मतराम थारू, नेपाल सरकार वि. खुसिराम थारू*

प्रतिवादीमध्येका मतराम थारूले अनुसन्धानका क्रममा बयान गर्दा मैले हरिकृष्ण थारूको घरपछाडि बाटोमा साइकल राखेको छु, लिन जाउँ भान्जा भनी मृतक अनन्तकुमार थारूले भनेकोमा हामी दुई जना घरबाट हिँड्यौँ र खुसिरामको घरमा आयौँ। अनन्तले एक क्वाटर रक्सी मागे। मलाई रक्सीको बोतल खोल भनेकोले मैले बोतल खोलेँ र अनन्त रक्सी खाँदै थिए, सोही समयमा हरिकृष्णको श्रीमती आफ्नो श्रीमान् खोज्दैआएकोमा अनन्तले हामी सँगै थियौँ दाजु उतै हुनुहुन्छ भनेकोले उनी गइन् । अनन्तले रक्सी खाँदा ढिलो गरेकोले मामा जाउँ भन्दा जाउँला न भनी खाँदै थिए। म हतार गरी एक्लै जान्छु भनी हिँड्न थालेँ, २/४ मिटरअगाडि बाटोमा पुग्दा अनन्तकुमार थारू पनि मेरो पछि साइकल ल्याई बाटोमा आएका रहेछन् । सोही बेला साइकल ढलेकोजस्तो आवाज आएकोले पछाडि फर्की हेर्दा अनन्तकुमार थारू भुइँमा ढलेको देखेँ, टाउको, मुखमा सेतो कपडा बाँधेको मानिस दौडदै गरेको देखेँ पहिचान गर्न सकिन । पछाडिबाट हेर्दा खुसीराम थारूजस्तो देखेको थिएँ । घटनास्थलमा आउँदा मृतक अनन्तकुमार थारूको मुख, घाँटी र छातीमा रगत लागी रग्ताम्य थिए। नजिकको छिमेकी कालुराम थारूसमेतको घरमा गई बोलाई उठाई गाउँका मानिस भेला भएपछि प्रहरीलाई खबर गरेको हुँ। मैले मारेको होइन भनी कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दासमेत इन्कारी बयान गरिदिई अनुसन्धानका क्रममा व्यक्त भनाइलाई समर्थित गरी बयान लेखाएको पाइन्छ। त्यसै गरी प्रतिवादीमध्येका हरिकृष्ण थारूले पनि मौकामा बयान गर्दा वारदात भएको दिन मृतक सँगसँगै थियौँ। हामी छुट्टिएको केही समयपछि गाउँकै छिमेकी लिखिराम थारू मेरो घरमा आएर तपाइँको साथी अनन्तकुमार थारूलाई मेरो घरअगाडि बाटोमा कसले मारिदियो भन्दै कराएपछि म हतार-हतार घटनास्थलमा गएपछि त्यहाँ मतराम थारू, कालुरामलगायतका गाउँका छिमेकीहरू आएका थिए। मैले प्रहरीमा फोन गरी प्रहरीलाई खबर गरेको हुँ। मृतक मेरा मिल्ने साथी हुन् । हामी छुट्टिएको केहीछिनपछि घटना घट्न गएछ । घटना कसरी भयो थाहा भएन । निजको मृत्युमा मेरो संलग्नता छैन भनी इन्कारी बयान गरेको देखिन्छ भने अदालतमा बयान गर्दासमेत घटनामा पूर्णरूपमा इन्कारी रही बयान लेखाइ अनुसन्धानको क्रममा व्यक्त भनाइलाई समर्थित गरी बयान लेखाएको पाइयो। जाहेरवाली मृतककी श्रीमती इन्द्रावती थारूले अदालतको बकपत्रमा हरिकृष्ण थारूले फोन गरी प्रहरी र एम्बुलेन्स बोलाएका हुन्। मैले शङ्का लागी प्रतिवादी मतराम थारू र हरिकृष्ण थारूको नाम लेखी जाहेरी दिएको हो । पछि अनुसन्धानबाट वास्तविक दोषी खुसीराम थारू हुन् भन्ने पत्ता लागेको र यिनै प्रतिवादी खुसिराम थारूले नै मेरा पतिलाई हानेको छुरा निजले देखाएको स्थानमा बरामद भएकोले मेरा पतिलाई कर्तव्य गरी मार्ने प्रतिवादीमध्येका खुसिराम थारू हुन् भनी लेखाएको देखिन्छ। यसरी यी प्रतिवादीहरू मतराम थारू र हरिकृष्ण थारूले प्रहरीलाई वारदातको सूचना

दिएको भन्ने प्रतिवादीहरूको बयानलाई जाहेरवालीले गरिदिएको बकपत्रले समेत पुष्टि गरिदिएको देखिने।

प्रतिवादी खुसिराम थारू स्वयंले मृतक अनन्तकुमार थारूलाई घरायसी पूर्वरिसइवीका कारण मृतकको ज्यान मार्ने मनसायले आफ्नो साथमा बोकी लिई गएको चक्कु प्रहार गरी मृतकलाई घटनास्थलमा कर्तव्य गरी मारेको हुँ भनी बयान लेखाएको पाइन्छ। प्रतिवादी स्वयंले स्वीकार गरेको तथ्यहरू जाहेरी बेहोरा, जाहेरवालीको अदालतसमक्षको बकपत्र, बुझिएका मानिसहरूले अदालतसमक्ष गरिदिएको बकपत्र, घटनास्थल मुचुल्का एवं शव परीक्षण प्रतिवेदनसमेतबाट कसुर समर्थित भएको अवस्था छ। अतः प्रतिवादी खुसीराम थारूले यी मृतक अनन्तकुमार थारूलाई घाँटीमा चक्कु प्रहार गरी मारेको तथ्य पुष्टि हुनआएकोले यी प्रतिवादी खुसीराम थारूलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(१) को कसुर अपराधमा सोही ऐनको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बर्दिया जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत, तुल्सीपुर नेपालगन्ज इजलासको मिति २०७४।५।१ को फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनुपर्ने अवस्था नहुँदा सदर हुने।

प्रतिवादी खुसीराम थारूलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहरी फैसला भएकोमा उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासको मिति २०७४।५।१ को फैसला साबिक मुलुकी ऐन अदालती बन्दोबस्तको १८६ नं. बमोजिम पेस भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहरी हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) र ऐ. ऐनको दफा १७७(२) बमोजिम यी प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृत :- डिल्लीराम प्रसाई

इति संवत् २०७९ वैशाख २७ गते रोज ३ शुभम्।

## १७

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RC-००२०, ज्यान मारी डाँका गरेको, नेपाल सरकार वि. परिवर्तित नाम ०२-०७५/०७६ञ*

बाल बिज्याइँकर्ता परिवर्तित नाम ०२-०७५।०७६ञ ले अनुसन्धानका क्रममा बयान गर्दा मृतक सुजता तामाङले एन.एम.बि. माइक्रो फाइनान्सबाट सञ्चालित हाम्रो गाउँमा समूह गठन गरी ऋण लगानी गरी साँवा ब्याजबापतको रकम प्रत्येक महिनाको ३ गते मिटिङ बसी रकम उठाई लाने गर्दथिन्। मैले निज पैसा उठाइजाने जोरपोखरीको सिटेखोल्सीनजिकै ढुकी पैसा माग्छु दिए लिन्छु नदिए खुकुरी देखाई तर्साई पैसा लुटेर ल्याउँछु भन्ने सोची घरमा भएका दुईवटा खुकुरी साथमा लिई गई बाटोको एकान्त जङ्गलमा ढुकी कुरेर बसी रक्सी बनाउन प्रयोग गरिने मर्चा बनाउने झार खोज्ने चिया बारीमा बसेँ। मृतक सुजता तामाङ पैसा बोकेर आउनासाथ निजको पछि लागेँ। म सिटेखोल्सी पुग्नुभन्दा पहिला मिस मलाई २००००।- (बिस हजार) पैसा दिनुहोस् भनी मागेँ। निजले नदिई गाली गरेपछि म निजको पछिपछि लागि घटनास्थलनजिक खोल्सीमा एकान्त ठाउँ पुगिसकेपछि मैले दाहिने हातले खुकुरी समाती निजको पछाडिबाट कपाल समाई निजको अगाडि घाँटीमा खुकुरीले रेट्दा ममी भन्दै चिच्याई मलाई नमार पैसा दिन्छु भनी भुइँमा थुचुक्क बसेपछि मैले निजको भनाइलाई नसुनी पछाडिबाट खुकुरीले काटिसकेपछि निज तल उछिट्टिएर लड्दै झरिन्। मैले निजको झोलामा लिई गएको पैसासमेत निकाली निजलाई हेर्दा फोन गर्न खोजेकोजस्तो देखेकोले पुनः म तल गई निजले हातमा बोकेको फोनमा खुकुरीले प्रहार गरी, निजको भुँडी र घुच्चुकमा पुनः प्रहार गरी नगद बोकी केही पर खोल्सामा गई खुकुरी कपडा र हातखुट्टामा लागेको रगत पखाली घर गएँ। घर जानुभन्दा अगाडि

खुकुरी र नगद लुकाएको थिएँ भनी कसुर गरेको कुरा पूर्णरूपमा स्वीकार गरेको साथै निजले अदालतमा बयान गर्दासमेत अनुसन्धानको क्रममा व्यक्त भएको भनाइलाई हु-बहु समर्थित गरी बयान बेहोरा लेखाई मृतक सुजता तामाङलाई खुकुरीले काटी मारी झोलामा भएको नगद रु. ८१,०९०।- लुटी लगेको कुरा स्वीकार गरेको देखियो । सुरू मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदन हेर्दाः- Injuries: CUT INJURY PRESENT IN NECK EXTENDING FROM POSTERIOR RIGHT MEASURING 35.5 CM LONG × 7 CM BROAD EXPOSING MUSCLES AND BLOOD VESSELS. THERE IS A STAB INJURY IN ANTERIOR CHEST 8 CM LONG 1.5 CM WIDE AND APPROX. 7 CM DEEP. ABRASIONS 2 CM×1 CM PRESENT IN FOREHEAD. MAGGOTS PRESENT OVER CUT INJURY OF NECK, Opinion on cause of Death: COMBINED EXSANGUINATION & ASPHYXIA, Opinion on probable type of objects or weapon causing injuries: SHARP WEAPON भन्ने बेहोराको मिति २०७६।३।४ गतेको जिल्ला अस्पताल पाँचथर फिदिमको शव परीक्षण प्रतिवेदन रहेको देखिने।

त्यसै गरी घटना विवरण कागज गर्ने विशाल राई, ममता सुब्बासमेत तथा बाल बिज्याइँकर्ता परिवर्तित नाम ०२-०७५।०७६ञ को भाइ ०२-०७५।०७६ञ२ तथा निजको आमा परिवर्तित नाम ०२-०७५।०७६ञ४ समेतका मानिसहरू एवम् जाहेरवाला बुद्धमान तामाङले मृतकलाई यी प्रतिवादी बाल बिज्याइँकर्ता परिवर्तित नाम ञ ले घाँटी रेटी मारी साथमा रहेको नगदसमेत लुटी लगेको हो भनी मौकाको बेहोरालाई थप पुष्टि हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिएको अवस्थामा निजले अभियोग दाबीबमोजिमको कसुर अपराधसमेत गरेको पुष्टि भएको देखिने।

बाल बिज्याइँकर्ता परिवर्तित नाम ०२-०७५-०७६ञ ले अनुसन्धान एवम् अदालतसमक्ष गरेको साबिती बयान, मिसिलसाथ रहेको घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा जाहेरवालासमेतका सरकारी गवाह एवम् मिसिल संलग्न रहेका मृतकका फोटोहरूसमेतका कागज प्रमाणहरूबाट प्रतिवादी बाल बिज्याइँकर्ता परिवर्तित नाम ०२-०७५।०७६ञ ले मृतक सुजता तामाङलाई धारिलो हतियार खुकुरीले काटी कर्तव्य गरी मारी नगदसमेत लुटी लगेको तथ्य निर्विवाद रूपमा पुष्टि भएकै देखिँदा यी बाल बिज्याइकर्तालाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१)(२) बमोजिम जन्मकैदको सजाय हुनेमा निज बाल बिज्याइकर्ता १७ वर्ष ३ महिना पूरा गरी १८ वर्षभन्दा कम उमेरको नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम दुई तिहाइ मात्र सजाय हुने हुँदा १६ वर्ष ८ महिना कैद सजाय हुने ठहर गरी सुरू पाँचथर जिल्ला अदालतबाट भएको फैसला, सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७७।१०।४ को फैसला मिलेकै देखिन आयो। तसर्थ, उच्च अदालत विराटनगर, इलाम इजलासबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(२) बमोजिम अन्तिम साधक जाँचका लागि पेस भएको मिति २०७७।१०।४ को उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :– डिल्लीराम प्रसाई

कम्प्युटर :– विकेश गुरागाई

इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

## इजलास नं. १

### १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-CR-१०८५, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. अमितकुमार मण्डल*

घटना बिहानको ९ बजेको समयमा भएको भन्ने पाइन्छ । पीडिता ८ महिनाको गर्भवती रहेको अवस्था देखिन्छ । निजको शरीरमा सामान्य घा चोट रहेको भन्ने देखिए तापनि वारदात अर्थात् घटना घटेको धेरै दिनपछि (१५ दिनपछाडि) घा जाँच गराएकोमा सोलाई विश्वास गर्न सक्ने अवस्था रहँदैन । प्रतिवादीसँग उल्लिखित अपराध हुँदाका बखत पीडक र पीडितका बिचमा सङ्घर्ष भई निजको शरीरमा सामान्य चोटपटक लागेको हो भन्नलाई तत्कालै घा जाँच नभएकाले धेरै समयपछि भएको जाँचले सोही घटनाबाट भएको हो भन्न सकिने अवस्था हुँदैन । यसका साथै हल्लाखल्ला भई अन्य व्यक्तिहरू जम्मा भेला हुँदा निज प्रतिवादी फरार भएको भन्ने जाहेरीको बेहोरालाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको छैन । यसबाट बिहानको ९ बजेको समयमा घटना भएको, हल्ला भई प्रतिवादीलाई भिडले पक्री ल्याउँदा निज प्रतिवादी भागेको भन्ने कुरा पनि पत्यारलाग्दो देखिँदैन । मुद्दाको अनुसन्धानको सिलसिलामा भएको कागजमा पीडितले जबरजस्ती करणीको उद्योग गरेको भनी लेखाइनु तर निजै पीडितले अदालतमा उपस्थित भई बकपत्र गर्दा जबरजस्ती करणी गरेको भनी लेखाइदिनुबाट पीडितको कथन विरोधाभास देखिने ।

फौजदारी कसुरमा शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायाको मान्य सिद्धान्त रहेको अवस्था छ । जसलाई न्यायलयले अनुसरण र परिपालना गरिआएको अवस्था छ । प्रतिवादीउपर लिएको दाबी शंकारहित तवरबाट पुष्ट्याइँ गर्ने भार दाबी लिनेकै पक्षमा हुने प्रमाण ऐन, २०३१ मा व्यवस्था भएको पाइन्छ । यसरी प्रतिवादीउपर लिएको दाबी शंकारहित तरिकाले पुष्ट्याइँ हुन नसकेको अवस्थाका प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नसकिने ।

प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू सिराहा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७०।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल वैशाख १० गते रोज १ शुभम् ।

### १९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७६-CR-१२६१, जबरजस्ती करणी, नेपाल सरकार वि. सत्यमान महर्जन*

पोखरा-१० ले प्रतिवादीले आफूलाई पटकपटक जबरजस्ती करणी गरेको र मिति २०७२।०४।१७ गते पनि जबरजस्ती करणी गरेको भनी अदालतमा बयान गरे तापनि निजको सो भनाइ निजको स्वास्थ्य परीक्षण प्रतिवेदन, स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको बकपत्रसमेतका प्रमाणहरूबाट विवादरहित तवरले स्वतन्त्र रूपले तथ्यगत प्रमाणहरूबाट समर्थित हुन आएको देखिँदैन । निजले मौकामा प्रतिवादीले आफूलाई पटकपटक जबरजस्ती करणी गर्न खोजेको भनी बयान गरेको देखिँदा मौकामा र अदालतमा भएको बयान नै आपसमा मेल खाएको देखिएन । निजको भनाइ अनुसार प्रतिवादीले पटकपटक जबरजस्ती करणी गरेको भए निजको कन्याजाली च्यातिएको हुनुपर्ने, सो सम्बन्धमा तत्काल प्रतिक्रिया जनाउने उपचार खोज्नेलगायतका

प्रक्रियाहरू अवलम्बन गरेको हुनुपर्नेमा त्यस्तो भए गरेको देखिँदैन । पीडितको मौकाको र अदालतको बयान आपसमा बाझिएको, स्वास्थ्य परीक्षण प्रतिवेदन र विशेषज्ञ चिकित्सकको बकपत्रबाट जबरजस्ती करणी भएको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन । पीडिता पोखरा १० ले अदालतमा आई बकपत्र गर्दा मम्मी काममा गएको बेलामा पटकपटक जबरजस्ती करणी गरेका हुन् । प्रतिवादीले धम्क्याउने र मार्छु भनेको हुँदा कसैलाई नभनेको हुँ भनी बकपत्र गरिदिएको देखिन्छ तापनि पीडिताको भनाइलाई स्वास्थ्य परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रसमेतबाट स्वतन्त्र रूपले विवादरहित तवरबाट स्थापित हुन आएको देखिँदैन । उमेर नपुगेकी बालिकालाई उमेर पुगेको वयस्क पुरूषले करणी नै गरेको भए स्त्री जनेन्द्रीयमा त्यस्तो करणीका कुनै चिन्नहरू, पीडाको अवस्था तथा घाउ खत, रातोपनजस्ता कुराहरू देखिनुपर्ने र करणी नै भएको अवस्थामा उमेर नपुगेकी बालिकाको कन्याजाली च्यातिएको र यौनाङ्गमा घर्षणको चिह्नहरूसमेत देखिनुपर्ने सोसमेतको अवस्था देखिँदैन भने फौजदारी कसुरमा मौखिक भनाइलाई तथ्यगत वस्तुनिष्ठ आधार प्रमाणहरूबाट समर्थित हुनुपर्ने विनाआधार प्रमाण शंका र अनुमान तथा मौखिक कथनकै आधारमा मात्र जबरजस्ती करणीजस्तो नैतिक पतन हुने कसुरमा कसुरदार ठहर गर्न फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने

अतः पीडित परिवर्तित नाम पोखरा-१० को स्वास्थ्य परीक्षण प्रतिवेदनमा करणीका लक्षणहरू देखा नपरेको भन्ने उल्लेख भएको सो स्वास्थ्य परीक्षण गरी प्रतिवेदन दिने चिकित्सकले प्रतिवेदनलाई समर्थन गरी सुरू अदालतमा बकपत्र गरेको देखिएको र प्रतिवादीउपरको अभियोग दाबी वस्तुनिष्ठ, विश्वसनीय सबुद प्रमाणबाट पुष्टि भएको नदेखिएको हुँदा अभियोग दाबी पुग्न नसक्ने र प्रतिवादी सत्यमान महर्जनले प्रस्तुत मुद्दाबाट सफाइ पाउने ठहर गरी उच्च अदालत पोखराबाट मिति २०७४।११।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- दिब्यराज घिमिरे

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल फाल्गुण १७ गते रोज २ शुभम् ।

## २०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७४-CR-१३९८, जबरजस्ती करणी (अप्राकृतिक मैथुन), सत्यमान महर्जन वि. नेपाल सरकार*

वारदातको दिन पुनरावेदक/प्रतिवादीले आफू पोखरामा नभई काठमाडौंमा रहेको भनी लिएको जिकिर सम्बन्धमा दृष्टिगत गर्दा निजले अनुसन्धान अधिकारीसमक्षको बयानमा त्यस बारेमा कुनै कुरा उल्लेख गर्न नसकी आफूउपर आरोपित कसुरमा साबित रही बेहोरा लेखाएको देखिन्छ । अदालतमा गरेको बयानमा वारदातको दिन अर्थात् मिति २०७२।०४।१८ गते आफू काठमाडौंमा थिएँ भनी बेहोरा लेखाए तापनि पोखराबाट कुन मितिमा काठमाडौं गएको र काठमाडौंबाट कहिले पोखरा आएको भनी भन्न सकेको देखिँदैन । साथै उक्त कुरालाई प्रमाणित हुने गरी वस्तुनिष्ठ प्रमाण पेस गरी समर्थित गराउन सकेको पाइँदैन । यस्तो अवस्थामा प्रतिवादीको मौखिक कथनलाई विश्वसनीय मान्न सकिएन । निजको साक्षी बुद्धिकुमार खड्गीले प्रतिवादीको उक्त जिकिरलाई समर्थन गरी बकपत्र गर्न सकेको पाइँदैन । यसरी वारदातको बखत आफू वारदातस्थलमा नभएको भनी जिकिर लिने यी पुनरावदेकले प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम सो कुरा वस्तुनिष्ठ, शंकारहित, विश्वसनीय प्रमाणद्वारा पुष्टि गर्नुपर्ने प्रमाणको भार वहन गर्न सकेको नदेखिँदा निजको पुनरावेदन जिकिर सही थियो भन्न नसकिने ।

मुलुकी अपराध संहिता, २०७४ मा करणीसम्बन्धी कसुरको दफा २१९ मा "कसैले

जबरजस्ती करणी गर्न हुँदैन । कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ । गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनिमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिने छ भनी जबरजस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी दश वर्षभन्दा कम उमेरकी बालिका भए जन्मकैदको सजाय गर्नुपर्ने व्यवस्था रहेको छ । तर साबिक मुलुकी ऐनमा "दश वर्षभन्दा कम उमेरकी बालिका भएकोमा दशदेखि पन्ध्र वर्ष कैदको सजाय गर्नुपर्ने" व्यवस्था रहेको छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ मा उल्लेख गरिएको व्यवस्था अनुसार , "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने व्यवस्था गरिएको छ । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिम बालदुराचारमा थप सजाय हुने व्यवस्था नहुँदा तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ९(क) बमोजिम थप ६ महिना कैद सजाय गर्ने गरिएको हदसम्म उच्च अदालत पोखराको फैसला मिलेको नदेखिने ।

सुरू कास्की जिल्ला अदालतबाट मिति २०७३।११।०२ मा भएको फैसलालाई सदर गरेको उच्च अदालत पोखराको मिति २०७४।११।२१ फैसलामा मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) बमोजिम प्रतिवादीलाइ १० वर्ष कैद हुने ठहऱ्याएको हदसम्म मिलेकै देखिँदा सदर हुन्छ । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिम बालदुराचारमा थप सजाय हुने व्यवस्था नहुँदा तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ९(क) बमोजिम थप ६ महिना कैद सजाय गर्ने गरिहेको हदसम्म उक्त फैसला नमिलेको साथै क्षतिपूर्तिको हकमा हाल प्रचलित पीडित राहत कोषबाट भराइदिनुपर्ने हुँदा महिला बालबालिका कार्यालयबाट भराइदिने भनी उल्लेख भएको हदसम्म नमिलेको देखिँदा सो हदसम्म उक्त मिति २०७४/११/२१ को फैसला केही उल्टी हुने ।

इजलास अधिकृत :- दिब्यराज घिमिरे

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७७ साल फाल्गुण १७ गते रोज २ शुभम् ।

## २१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CI-००१२, घर उठाई जग्गा खिचोला चलन, मनोजकुमार साह वि. सरस्वती पोखरेलसमेत*

मुलुकी ऐन, घर बनाउने महलको ११ नं.मा जग्गा मिची घर बनाएकोमा घर तैयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने व्यवस्था रहेको छ । यी वादीले मिति २०६९।०२।२६ मा आरतीदेवी साहबाट कि.नं.८७० को जग्गा राजीनामा पास गरी लिएको भन्ने कुरामा विवाद देखिँदैन । यी वादीले आफ्नो नाममा हक प्राप्त गरेलगत्तै मिति २०६९।०२।२७ मा प्रतिवादीले गरेको निर्माण कार्य रोक्का गरिपाउँ भनी निवेदन दिई कारबाही चलाएको र कारबाहीको क्रममा नगरपालिकाले हक बेहकमा जिल्ला अदालतमा जानु भनी मिति २०६९।०३।११ निर्णय भएबमोजिम सोही मिति २०६९।०३।११ मा निर्णय जानकारी दिएकोसमेत देखिन्छ । उक्त निर्णयको मिति २०६९।०३।११ मा जानकारी पाएको आधारमा प्रस्तुत मुद्दा मिति २०६९।०३।१७ मा मोरङ्ग

जिल्ला अदालतमा दर्ता भएको देखियो । उल्लिखित तथ्यसमेतबाट यी पुनरावेदक वादीले प्रस्तुत मुद्दा हदम्याद नघाई दायर गरेका रहेछन् भनी भन्न मिलेन । यसरी हदम्यादभित्र दायर भएको प्रस्तुत मुद्दालाई मुलुकी ऐन घर बनाउनेको महलअन्तर्गतको हदम्याद नघाई वादीले फिराद दायर गरेको भनी वादी दाबी खारेज गर्ने गरी उच्च अदालत, विराटनगरबाट भएको फैसला मिलेको नदेखिने ।

वादीको दाबी हदम्यादभित्र नरहेको कारण खारेज गर्ने गरेको उच्च अदालत, विराटनगरको मिति २०७३।०७।३० को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । उपस्थित पक्षलाई तारेख तोकी जो जे बुझ्नुपर्ने हो बुझी चाँडो कारबाही गर्नु भनी सुरू मिसिल र रेकर्ड मिसिल उच्च अदालत, विराटनगरमा पठाइदिने ।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २४ गते रोज ३ शुभम् ।

२२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७५-WO-१२३६, उत्प्रेषणसमेत, विनोद शाक्य वि. जिल्ला प्रहरी कार्यालय, धादिङ, धादिङबेसीसमेत*

निवेदक एम.के./श्रृष्टि जे.भी. ले निज निवेदकलाई ३ वर्षको अवधिसम्म कालो सूचीमा राख्ने गरी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७६।०२।०१ मा भएको निर्णय तथा प्रकाशित सूचनालगायतका काम कारबाही गैरन्यायिक रहेकोले उत्प्रेषणको आदेशले बदर गरिनुपर्ने भनी रिट दायर भएकोमा हाल उक्त ३ वर्षको अवधि व्यतीत भइसकेको तथा बाँकी कामको लागि नयाँ बोलपत्र आह्वान भई कार्यसमेत सुरू भइसकेको भन्ने देखिएकोले निवेदकलाई ३ वर्षको लागि कालो सूचीमा राख्ने गरी भएको अवधिसमेत व्यतीत भइसकेको हुँदा निवेदनको औचित्य समाप्त भइसकेकोसमेत देखिने ।

रिट निवेदक एम.के./श्रृष्टि जे.भी. ले निज निवेदकलाई ३ वर्षको अवधिसम्म कालो सूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७६।०२।०१ मा भएको निर्णय तथा प्रकाशित सूचनालगायतका काम कारबाही गैरन्यायिक रहेकोले उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी रिट निवेदन दायर गरेकोमा उक्त ३ वर्षको अवधि व्यतीत भइसकेको तथा बाँकी कामको लागि नयाँ बोलपत्र आह्वान भई कार्यसमेत सुरू भइसकेको देखिएको हुँदा अब प्रस्तुत निवेदनको औचित्य नै नरहेको यस स्थितिमा प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम् ।

**२३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WO-०३२७, उत्प्रेषणसमेत, श्यामकुमार श्रेष्ठ वि. सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँचीसमेत*

रिट निवेदकले ठेक्का सम्झौता गरेको SSDRP/३३७१२०४/०७१/०७२-००७ नं. को पुरानो ठेक्का सम्झौता रद्द भई उक्त ठेक्काको नापजाँच, मूल्याङ्कनसमेत गरी मिति २०७७।०६।०५ को सूचनाबाट थप नयाँ कामसमेतको लागि SSDRP/३३७०११०६/०७७/७८-०३ नं. को नयाँ ठेक्काको बोलपत्र आह्वान भएको अवस्था देखिन आएको छ । यस अवस्थामा, ठेक्का तोडी कालो सूचीमा नाम समावेश गर्ने भनी मिति २०७६।०३।१६ मा भएको पत्राचार तथा मिति २०७६।०३।२४ मा प्रकाशित सूचनासमेत कानूनविपरीत रहेको नदेखिएको

भनी उक्त ०७६-WO-०००७ को उत्प्रेषणसमेतको रिट निवेदन अन्तिम आदेशसमेत भइसकेको यस स्थितिमा थप नयाँ कार्यसमेतको लागि विपक्षी सडक योजनाले बोलपत्र आह्वान गरी मिति २०७७।०६।०५ मा प्रकाशित गरिएको सूचनासमेत कानूनविपरीत रहेको नदेखिँदा कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश प्रस्तुत रिट निवेदनमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिने।

ठेक्का तोडी भएको कामको नापजाँच, मूल्याङ्‌न गरी कालो सूचीमा नाम समावेश गर्ने भनी मिति २०७६।०३।१६ मा विपक्षी सालझण्डी सन्धिखर्क ढोरपाटन सडक आयोजनाबाट रिट निवेदक वि.टि./जयबाबा जे.भी. लाई भएको पत्राचार तथा मिति २०७६।०३।२४ मा पत्रिकामा प्रकाशित सूचनासमेत कानूनविपरीत रहेको नदेखिएको भनी उक्त ०७६-WO-०००७ को उत्प्रेषणसमेतको रिट निवेदन खारेज हुने ठहरी अन्तिम आदेशसमेत भइसकेको यस स्थितिमा थप नयाँ कार्यसमेतको लागि विपक्षी सडक योजनाले बोलपत्र आह्वान गरी मिति २०७७।०६।०५ मा प्रकाशित गरिएको सूचनासमेत कानूनविपरीत रहेको नदेखिँदा प्रस्तुत रिट निवेदनमा उल्लिखित सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- *०७६-WO-०००७, उत्प्रेषणसमेत, श्यामकुमार श्रेष्ठ वि. सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना, सन्धिखर्क, अर्घाखाँचीसमेत*
- *०७५-WO-०२४२, उत्प्रेषणसमेत, श्यामकुमार श्रेष्ठसमेत, वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CR-१२४१, ०७२-CR-१४६८, ०७२-CR-१६०७, ०७२-CR-१६०८, ०७२-CR-१६०९, ०७२-CR-१६७३, ०७२-CR-१६७६, ०७२-CR-१७०७, ०७२-CR-१९२७, ०७३-CR-००४६, ०७५-RC-०११०, अपहरण गरी कर्तव्य ज्यान, नजिर खाँ वि. नेपाल सरकार, नेपाल सरकार वि. सि.पि. सिंह भन्ने चन्द्रेश्वरप्रसाद सिंह, कैलाशकुमार गडरिया वि. नेपाल सरकार, इब्राहिम मनिहार वि. नेपाल सरकार, इन्साफ अली शेष वि. नेपाल सरकार, रज्जव अली साई वि. नेपाल सरकार, रामशोभित कुर्मी वि. नेपाल सरकार, राजीतराम कुर्मी वि. नेपाल सरकार, साकिरअली  बेहना वि. नेपाल सरकार, अहमद साई वि. नेपाल सरकार, नेपाल सरकार वि. जियाउल सिद्धिक

कसुर प्रमाणित भएका प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्ने उल्लिखित कानून आकर्षित हुने भए पनि साबिक मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा महिला वा नाबालक विरुद्धको कसुरमा थप २ वर्ष कैद गर्ने व्यवस्था भएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१७ मा अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरमा नाबालकलाई अपहरण तथा शरीर बन्धक लिएमा थप सजाय हुने कानूनी व्यवस्था रहेको देखिन आएन। साथै प्रस्तुत

वारदातमा मृतकको उमेर १६ पूरा भइसकेका कारण नाबालक विरुद्धको कसुरमा अभियोग मागदाबीसमेत रहेको देखिएन। तसर्थ कसुर ठहर भएका उल्लिखित प्रतिवादीहरूलाई साबिक मुलुकी ऐन अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ९ नं. बमोजिम थप २ वर्ष सजाय गरेको सुरूको फैसला उल्टी गरेको तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जको फैसला सो हदसम्म मिलेकै **देखिने।**

सोबाहेक सुरूको फैसला केही उल्टी गरेको तत्कालीन पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेको छ, छैन ? प्रतिवादी जियाउल सिद्दिकीको हकमा साधक सदर हुने हो होइन भन्ने दुई वटा अन्तिम र महत्त्वपूर्ण प्रश्नको निरूपण गर्नुपर्ने देखियो। सर्वप्रथम प्रतिवादी जियाउल सिद्दिकीको हकमा साधकको रोहमा विचार गर्दा माथि विभिन्न प्रकरणमा विवेचना गरिएअनुरूप निजले मृतकको अपहरण गर्ने कार्यमा प्रतिवादी मेराज अहमद साईसँगै योजना बनाउनेदेखि हत्यास्थलमा मृतकलाई भुइँमा लडाई मृतकलाई मार्नेसम्मको कार्यमा संलग्न रहेको र एक लाख पचास हजार फिरौती रकम लिएको भन्ने प्रतिवादी मेराज अहमद साईसमेतको अनुसन्धान अधिकारीसमक्षको बयान रहेको पाइन्छ। अदालतसमक्ष बयान गर्दा यी प्रतिवादीले उक्त मितिमा आफू भारतको बम्बईमा रहेको भन्ने जिकिरसहित कसुरमा इन्कार रही बयान गरेको भए पनि यसप्रकार अन्यस्थलको (Alibi) प्रमाणित हुन नआएको बारेमा माथि विस्तृत विवेचनासमेत भइसकेको छ। यस अवस्थामा यी प्रतिवादी प्रस्तुत वारदातमा कसुरदार देखिएकाले निजको कसुर स्थापित गरेको सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला कसुर स्थापित गरेको हदसम्म साधकको रोहमा मिलेकै **देखिने।**

पुनरावेदन अदालत नेपालगन्जको फैसलाउपर पुनरावेदन गरेका प्रतिवादीहरू वर्षादी भन्ने नजीर खाँ, इन्साफ अली शेष, इब्राहिम मनिहार, कैलाशकुमार गडिरया, रामशोभित कुर्मी, रज्जब अली साई, राजितराम कुर्मी, साकिर अली बेहना र मेराज अहमद साई तथा वादी नेपाल सरकारको पुनरावेदनमा विपक्षी बनाइएका प्रतिवादी सि.पि. भन्ने चन्द्रेश्वरप्रसाद सिंह र साधकको रोहमा पेस भएको पुनरावेदन अदालत नेपालगन्जको फैसलामा प्रतिवादी बनाइएका जियाउल सिद्दिकीसमेतका प्रतिवादीहरूको हकमा पुनरावेदन अदालतको फैसला मिले नमिलेको सम्बन्धमा हेर्दा प्रतिवादीहरू प्रतिवादी मेराज अहमद साईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. को कसुरमा ऐ.१३(१) बमोजिम जन्मकैद र मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा सोही महलको ३ नं. बमोजिम १५ वर्ष कैद र ऐ. को ७ नं. बमोजिम थप २ वर्ष र ऐ.को ९ नं. बमोजिम थप २ वर्ष कैद र बिगोबमोजिम जरिवाना हुने र अन्य प्रतिवादी इब्राहिम मनिहार, कैलाशकुमार गडरिया, राजिताराम कुर्मी, रामसोभित कुर्मी, बर्षादी भन्ने नजिर खाँ, रज्जब अली साई, इन्साफ अली शेषलाई मुलुकी ऐन,ज्यानसम्बन्धीको १३(४) को कसुरमा ऐ.को १३(४) नं. बमोजिम जन्म कैद हुने र ऐ.अपहरण तथा शरीर बन्धक लिनेको १ नं.को कसुरमा ऐ.को ३ नं. बमोजिम १५ वर्ष कैद ऐ.को ७ र ९ नं. बमोजिम थप २/२ वर्ष कैद हुने र ऐ.को १२ नं. बमोजिम बिगोबमोजिम जरिवाना हुने र प्रतिवादी साकिर अली बेहनालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम १५ वर्ष कैद तथा ऐ.को ७ र ९ नं. बमोजिम थप २/२ वर्ष कैद हुने र सी.पी.सिंह भन्ने चन्द्रेश्वरप्रसाद सिंहले अभियोग दाबीबाट सफाइ पाउने एवं जाहेरवालासँगबाट फिरौती लिएको रकम मेराज अहमद साईसमेतका प्रतिवादीहरूबाट दामासाहीले जाहेरवालालाई भराई पीडित परिवारलाई प्रतिवादीहरूबाट दामासाहीले

क्षतिपूर्तिबापत रु.१,००,०००।– भराइदिने ठहऱ्याएको सुरूको फैसला केही उल्टी गरी साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.मा कैद र जरिवाना भन्ने उल्लेख भएको हुँदा सो ३ नं. बमोजिम जरिवानासमेत गर्नुपर्नेमा कैद मात्र गरी जरिवाना नगरेको र सोही महलको ९ नं. अनुसारको सजायको मागदाबी नरहेकोमा थप दुई वर्ष कैदसमेत गरेको सुरूको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई कसुर ठहर भएका प्रतिवादीहरूलाई सो ३ नं. बमोजिम जनही रु. ५०,०००।– (पचास हजार) जरिवानासमेत हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७२।३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल माघ ९ गते रोज २ शुभम्।

## २५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१५७४, लिखत दर्ता बदर दर्ता, मन्जुदेवी रौनियार वि. जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं.४ बस्ने जोनीदेवी साहसमेत*

प्रतिवादीमध्येकी अरुणादेवीले सुरू म्याद नै गुजारी बसेको देखिन्छ। यी पुनरावेदक प्रतिवादीले प्रतिउत्तर पत्रमा फिरादी जोनीदेवी साह सासू/हजुरआमा नाताकी भए पनि उनी घरको मुख्य व्यक्ति नभई मुख्य व्यक्ति भनेको आफूलाई जग्गा बिक्री गर्ने अरुणादेवी नै हुन् भनी जिकिर लिएको पाइन्छ। सो जिकिरतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा फिराद गर्ने जोनीदेवी जग्गा बिक्री गर्ने अरुणादेवी सासू नाताका मानिस हुन् भन्ने कुरामा विवाद देखिँदैन। एकाघरमा सासू नाताकी व्यक्ति हुँदा हुँदै बुहारी घर व्यवहार चलाउने मुख्य व्यक्ति हुन् भन्नका लागि व्यवहार प्रमाणबाट पुष्टि हुनुपर्ने हुन्छ। यी बुहारी नाताकी व्यक्ति घरको मुख्य व्यक्ति हुन् भनी प्रतिवादी पक्षले पुष्टि गर्न सकेको मिसिल प्रमाणबाट देखिँदैन। सामान्य समझबाट हेर्दासमेत एकासगोलमा सासू नाताकी यी वादी घरमा हुँदा रहँदाको अवस्थामा बुहारी घरको मुख्य व्यक्ति हुन् भन्न पनि मिलेन। व्यवहार प्रमाणबाट यी प्रतिवादी बुहारी घरको मुख्य व्यक्ति भई घर व्यवहार चलाएको अवस्था हो भनी थप प्रमाण पेस गरी पुष्टि गर्न सकेको पनि देखिँदैन। यसरी सासू एकाघरमा सगोल रहेको अवस्थामा निज सासूको सहमति र मन्जुरीविना घर व्यवहार चलाउन बुहारी घरको मुख्य व्यक्ति रहेभएको भन्ने आधारमा सगोलको सम्पत्ति बिक्री गर्न परेको हो भन्ने जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी अरुणादेवी घरको मुख्य व्यक्ति रहेको र घर व्यवहार चलाउने क्रममा आधा अचल सम्पत्तिसम्म बिक्री गर्दा यी वादीहरूको सहमति र मन्जुरी लिनुपर्ने होइन भनी लिएको जिकिर मनासिब देखिएन। यस अवस्थामा पुनरावेदक प्रतिवादीले उल्लेख गरेको उक्त कानूनी सिद्धान्त प्रस्तुत विवादमा आकर्षित हुने नदेखिएकोले पुनरावेदन अदालतबाट भएको फैसला कानूनसम्मत नै देखिने।

वादी दाबीको लिखत र सो लिखतबमोजिम भएको जग्गाको दर्ता नरम करम मिलाई वादी दाबी अनुसार बदर भई वादीहरूको नाउँमा दर्तासमेत हुने गरी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६९।०७।२० मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।०२।२६मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

## २६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-००९९, लेनदेन, राउत*

*अहिर वि. कौशिलियादेवी अहिरिन*

वादीले मिति २०६०।०२।१३ को लिखतमा उल्लेख भएको साँवा ब्याजको हिसाब मिलान नगरी बाँकी नै राखी मिति २०६९।१।१२ को लिखतमा उल्लेख भएको पूरै रकम यी प्रतिवादीलाई भुक्तान गरेका होलान् भन्न सामान्य समझको दृष्टिकोणले विश्वास गर्न मनासिब देखिँदैन। वादीले आफ्नो पुरानो लेनदेनको हिसाबको साँवा र ब्याज असुल गर्न बाँकी नै राखी यिनै ऋणीलाई रु.१,९०,०००।-रकम भुक्तान दिई जग्गा खरिद गरेको भन्ने तथ्य स्वाभाविक र पत्यारलायक नदेखिने।

प्रस्तुत विवादको कपाली तमसुकको लिखतमा उल्लेख भएको साँवा ब्याज असुलउपर नगरी मिति २०६९।०१।२२ मा वादीको छोरालाई जग्गा बिक्री गरेको लिखतमा उल्लेख भएको पूरै रकम यी प्रतिवादीलाई दिए होलान् भनी भन्न मनासिब नदेखिँदा पुनरावेदन अदालतबाट वादी दाबीबमोजिम साँवा र सोको कानूनबमोजिम हुन आउने ब्याजसमेत वादी दाबी अनुसार प्रतिवादीसँगबाट भराइलिन पाउने भनी भएको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नदेखिने।

वादी दाबीको साँवा रु.४०,०००।- र सोको कानूनबमोजिम हुन आउने ब्याजसमेत वादी दाबी अनुसार प्रतिवादीसँगबाट भराइलिन पाउने ठहर्‍याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०९।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी मिति २०७०।०३।३० मा भएको फैसला सदर हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-०७९३, अंश दर्ता, भरोसी कामैतसमेत वि. सिमरिफ कामैतसमेत*

प्रस्तुत मुद्दाका वादी तथा प्रतिवादी अंशियारहरूको बिचमा २०२५ सालमा नै रैती सत्यनारायणको नाउँमा दर्ता रहेका जग्गाहरूलाई कित्ता नम्बर र क्षेत्रफल खुलाई स्रेस्ताबाट नै अंश छुट्ट्याई दर्ता फुटाएको भन्ने तथ्य मिति २०२५।१२।३ को लिखतबाट देखिन्छ। पछि नापी हुँदा उक्त जग्गाहरू वादी तथा प्रतिवादीहरूले आ-आफ्नो नाउँमा दर्तासमेत गरेका छन्। वादी तथा प्रतिवादीहरू हालसम्म सगोलमा बसिआएको भए एउटै कित्ता जग्गालाई कित्ताफोर गरी आ-आफ्नो नाउँमा दर्ता गराउनुपर्ने आवश्यकता नै पर्ने थिएन। साथै यी वादी र प्रतिवादीहरूका बिचमा समय समयमा लेनदेन कारोबार भएको र जग्गा सुक्रीबिक्रीका लिखतहरूसमेत भएको देखिएको छ। यसले व्यवहार प्रमाणबाट यी वादी तथा प्रतिवादीहरूका बिचमा अंशबन्डा भइसकेको तथ्यलाई थप पुष्टि गरेको छ। केवल अंशबन्डाको लिखत नभएको भन्ने मात्र कारणले यी वादी तथा प्रतिवादीका बिचमा अंशबन्डा हुन बाँकी रहेको भनी मान्न नमिल्ने।

एकपटक अंश लिइसकेपछि पुनः उही अंशियारहरूबाट अंश हक माग गर्न र प्राप्त गर्न नमिल्ने भएकाले पुनरावेदक वादीहरूले प्रत्यर्थी प्रतिवादीहरूबाट दाबीबमोजिम अंशभाग पाउन सक्ने अवस्था रहँदैन। यस्तो अवस्थामा वादी दाबी नपुग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला मनासिब नै देखिँदा सो फैसला उल्टी गरी वादी दाबीबमोजिम फैसला गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी भरोसी कामैतसमेतको पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोर्‍याई हेरिपाउने अनुमति हुँदा लिइएका आधारसँग समेत सहमत हुन नसकिने।

प्रतिवादीबाट २ भागको १ भाग अंश दिलाइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०६९।०६।१४

को फैसला सदर ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७१।०३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - कल्याण खड्का र मनिता गुरुङ

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल आश्विन २५ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएको छ :

- ०७४-CI-०७९५, अंशबन्डा पत्र लिखत बदर, भरोसी कामैतसमेत वि. सिमरिफ कामैतसमेत
- ०७४-CI-०७९४, हालै देखिको बकसपत्र दर्ता बदर, भरोसी कामैतसमेत वि. सिमरिफ कामैतसमेत
- ०७४-CR-११३२, जालसाजी, भरोसी कामैतसमेत वि. सिमरिफ कामैतसमेत

## २८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७१-RB-००३८, करारबमोजिम रकम असुल गरिपाऊँ, निर्मलकुमार रिजाल वि. संजय के.सी.*

करार गर्ने प्रत्येक पक्षले करारबमोजिमको दायित्व पूरा गर्नुपर्ने बाध्यकारी कानूनी व्यवस्था रहेको पाइन्छ । संयुक्त करारको परिपालना सम्बन्धमा दफा ७७(१), (२) र (३) को व्यवस्था हेर्दा संयुक्त करार गर्ने पक्षहरूमध्ये कुनै वा सबै व्यक्तिबाट सो करारबमोजिमको दायित्व पूरा गर्नु गराउनुपर्ने व्यवस्था भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाले संयुक्त रूपमा अर्को पक्षसँग करार गर्ने व्यक्तिहरूले आफूहरूले पूरा गर्नुपर्ने दायित्व आफूमध्ये कुनै एक व्यक्तिले पूरा गर्नुपर्ने गरी आपसमा करार गर्न सक्ने कुरालाई इङ्गित गरेको पाइन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा वादी संजय के.सी. र प्रस्तुत कम्पनीका बिच भएको प्रस्तुत करार भएपश्चात् पुनः प्रतिवादी निर्मलकुमार रिजाल र कम्पनीका सेयरधनी तथा सञ्चालकसमेत रहेका अन्य व्यक्तिहरूका बिच मिति २०६२।१०।२२ मा भएको करारमा निज वादी संजय के.सी. को रकम तिर्ने दायित्व यी प्रतिवादी निर्मलकुमार रिजालले स्वीकार गरी थप करार गर्नुका साथै सो कम्पनीको सञ्चालनको जिम्मासमेत निजले नै लिएको परिप्रेक्ष्यमा अन्य प्रतिवादीहरूको संजय के.सी. सँगको करारीय दायित्वमा सहभागिता रहन देखिन आएन । साथै निज वादी संजय के.सी.ले पनि कम्पनी र निर्मल रिजालका बिचको करार स्वीकार गरी निर्मल रिजाललाई रकम बुझाउने म्याद थपसमेत गरिदिएको देखिन्छ । तसर्थ प्रतिवादी निर्मलकुमार रिजालले आफूले गरेको उपर्युक्तानुसारको करारबाट सिर्जित करारीय दायित्वबाट उन्मुक्ति पाउने अवस्था नदेखिने ।

जहाँसम्म करारका अन्य सर्तअनुरूप नगई एकैपटक रकम भुक्तानीको दाबी प्रस्तुत गरिएको भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा, मिति २०६२।१०।२२ को करारनामाको दफा ६ मा शेयरमा दाबी गर्नुपर्ने भन्ने व्यवस्था भएको र दफा ७ मा रकममा दाबी लिन सक्ने व्यवस्था भएको अवस्थामा फिरादीले सेयरमा दाबी किन नगरिएको भन्ने कुराको स्पष्ट कारणसमेत उल्लेख गरी रकममै दाबी गरेको देखिन्छ । करार भएको कुरामा विवाद नभएको र कम्पनी घाटामा गएको कुरा जगजाहेर भएको अवस्थामा करारनामामा उल्लेख गरिएका विकल्पहरूमध्ये आफूलाई जुन विकल्प अनुकूल हुन्छ त्यो विकल्पको छनौट गर्न पाउने फिरादीको स्वइच्छाको विषय हुँदा सेयरमा दाबी नगरी रकम नै दाबी गरेको कुरालाई पनि अन्यथा मान्नुपर्ने नदेखिने ।

यसरी करारमा उल्लिखित विकल्पहरूमध्ये आफूलाई उपर्युक्त लागेको विकल्प फिरादीले रोज्न पाउने नै देखिँदा करारबमोजिमको रकम असुलउपर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिलेको

नदेखिई उल्टी हुने ठहऱ्याई मिति २०६२।१०।२२ को करारनामाको लिखतमा उल्लेख भएबमोजिम रु.२,००,००,०००।- (दुई करोड रूपियाँ) र त्यसको प्रतिफल करारमा नै उल्लेख गरिएको रु. २५,००,०००।- (पच्चिस लाख रूपियाँ) वादीले प्रतिवादीहरूबाट भराइलिन पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल चैत १४ गते रोज २ शुभम्।

**२९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-०८७५, रकम दिलाइपाऊँ, डोरबहादुर घिमिरेसमेत, जिल्ला काठमाडौं, काठमाडौं म.न.पा. वडा नं.१० स्थित खानी निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. २३/०५१/०५२) नयाँ बानेश्वरसमेत*

सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन भवन कार्यालय, काभ्रेपलान्चोकले प्रतिवादी खानी निर्माण सेवा प्रा.लि. सँग मिति २०६८।५।१६ मा सम्झौता गर्दा मिति २०६९।८।१६ को मिति राखी सो मितिसम्म कार्य सम्पन्न गर्नुपर्ने म्याद राखिएको देखिन्छ । पछि पटकपटक गरी सो म्याद थप भई डिभिजन भवन कार्यालय, काभ्रेपलान्चोकको पछिल्लो मिति २०७०।६।७ को निर्णयले सो भवन निर्माण गरिसक्ने मिति २०७१।२।११ को म्याद तोकेको तथ्य मिति २०७०।८।१६, च.नं. ३४२ को प्रेषित पत्रबाट देखिन्छ । साथै सोही पत्रमा उक्त तोकिएको मिति २०७१।२।११ भित्र निर्माण सम्पन्न नभएमा डिभिजन कार्यालयबाट स्वतः Liquidated damage लगाउने कुराको पत्राचार भएको देखिन्छ । त्यस्तै सो डिभिजन कार्यालयले ग्लोबल आइ.एम.इ. बैंकमा रहेको ग्यारेन्टिको रकम पठाइदिन उक्त बैंकलाई पनि मिति २०७०।१०।१३, च.नं. १४४ को पत्र पठाएको देखिन्छ । साथै निर्माण कार्य अगाडि नबढाइएको हुँदा मोविलाइजेसनबापत राखेको जमानत फिर्ता माग गरिएको छ भनी सोही पत्र खानी निर्माण सेवाको नाममा पनि बोधार्थ पठाएको पाइन्छ । यसरी खानी निर्माण सेवा प्रा.लि. ले निर्माण गर्ने जिम्मा लिएको उक्त जिल्ला स्वास्थ्य कार्यालय रामेछापको भवन निर्माणको कार्यलाई यथासक्य चाँडो पूर्णता दिन डिभिजन कार्यालयको तर्फबाट पटकपटक पत्राचार भइरहेको अवस्था देखिन्छ। उक्त आधारहरूबाट भवन निर्माण कार्य वादीले समयमा नगरी बाँकी राखेको हुँदा नै पटकपटक म्याद थप गर्नपर्ने अवस्था सिर्जना हुन गएको भन्ने देखियो । साथै Liquidated damage लगाउने, मोविलाइजेसनबापत राखेको जमानत फिर्ता माग गर्न परेको र बैंक ग्यारेन्टी रकमसमेत पठाउन बैंकलाई पत्राचार गरिएको कार्यबाट पनि वादीले काम इमान्दारीपूर्वक सम्पन्न गरेको भन्ने तथ्य पुष्टि भएको पाइएन। पुनरावेदक वादीहरूले नै सो भवन निर्माणको कार्य सम्पन्न गरेका हुन् भन्ने फिराद दाबी वस्तुतः वस्तुगत तथ्यबाट पुष्टि हुन आएको नदेखिने।

तसर्थः फिराद दाबी नपुग्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको मिति २०७२।०९।०१ को फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७३।०९।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

शाखा अधिकृत - कल्याण खड्का

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल वैशाख ११ गते रोज १ शुभम्।

**३०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-WO-०५३१, उत्प्रेषण, ठागा राय वि. सर्लाही जिल्ला अदालत मलंगवासमेत*

उच्च अदालत जनकपुरको उक्त मिति २०७४।०३।३० को आदेशअनुसार पनि निवेदक जिल्ला अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने र

अदालतबाट भएको आदेश चित्त नबुझेमा थप कानूनी उपचारको लागि उच्च अदालतमा निवेदन दिन सक्ने अधिकार सुरक्षित नै रहन्छ । निवेदन मागको विषयमा साधारण क्षेत्राधिकारको माध्यमबाट उपचार प्राप्त हुन सक्ने अवस्था छ । साधारण अधिकार क्षेत्रबाट उपचार नभएमा वा प्रभावकारी नभएको अवस्थामा मात्र असाधारण क्षेत्राधिकार आकर्षित हुन्छ । वैकल्पिक उपचारको बाटो हुँदाहुँदै निवेदकको रिट क्षेत्रअन्तर्गत प्रस्तुत निवेदन परेको देखिन्छ । साधारणतया वैकल्पिक उपचारको बाटो रहेको अवस्थामा असाधारण अधिकार क्षेत्र आकर्षित हुने अवस्था नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

निवेदक ठागा राय साधारण क्षेत्राधिकारअन्तर्गत जिल्ला अदालतमा उपस्थित भई सुनुवाइको अवसर प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहेको अवस्थामा सर्लाही जिल्ला अदालतबाट मिति २०७१।०५।२७ मा भएको आदेश बदर भई जो जे बुझ्नुपर्ने हो बुझी पुनः आदेश गर्नुहोला भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७४।०३।३० मा भएको आदेशमा कानूनी त्रुटि देखिन नआएको हुँदा उत्प्रेषणसमेतको आदेश जारी गर्न नपर्ने प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सीताराम खड्का

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल फागुन २२ गते रोज १ शुभम् ।

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-१६७१, अवैध मोही लगत कट्टा, लिलादेवी वि. जैमुन खातुन*

मोही नामसारी मुद्दामा वादीले तारेख गुजारेमा मुद्दा डिसमिस हुने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५३ (१) मा “यो ऐनअन्तर्गत कुनै मुद्दा मामिलाको कारबाही तथा किनारा गर्दा यो ऐनअन्तर्गत अधिकारप्राप्त अधिकारीले विशेष अदालत ऐन, २०५९ बमोजिमको अख्तियारी र कार्य प्रणाली अपनाउने छ” भन्ने व्यवस्था गरेको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (१) अन्तर्गतको मोही नामसारी विषयमा विशेष अदालत ऐन, २०५९ निर्धारित कार्यविधि अवलम्बन गरी मुद्दाको किनारा गर्नुपर्ने देखियो । ऐ. ऐनको दफा ७ग. मा “मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारिखमा नराखी पुर्पक्ष गर्नेसम्मको अधिकार मुद्दा हेर्ने निकायलाई प्रदान गरेको देखिन्छ । ऐ. ऐनको दफा ११ मा म्याद तारेख थाम्ने सम्बन्धमा “विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसलाउपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबुबाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो बेहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिने छ” भन्ने व्यवस्था देखिन्छ । ऐनमा भएको यो व्यवस्थाबाट मुद्दामा वादीले तारेख गुजारेमा डिसमिस गर्न सक्ने व्यवस्था देखिएन । त्यसै गरी, विशेष अदालत ऐन, २०५९ दफा १६ (१)ले “मुद्दा दायर भएको मितिले ६ महिनाभित्र मुद्दाको फैसला गर्नुपर्ने” भन्ने व्यवस्थासमेत गरेको देखिन्छ । पुनरावेदक वादीले मोही नामसारी गरिपाउँ भनी मिति २०६४।०८।१२ मा भूमि सुधार कार्यालय महोत्तरीमा दायर गरेको मुद्दामा मिति २०६६।१०।१९ सम्म तारेखमा रहे पनि विपक्षलाई झिकाउने कार्यसम्म भएको गरेको देखिँदैन । सुरू निर्णय गर्ने निकायले ऐनले तोकेको कार्य र निर्धारण गरेको कार्यको समय सीमाभित्र कार्यसम्पन्न गर्नेतर्फ प्रयत्न नगरी पक्षलाई अनावश्यक हैरानीको परिस्थिति सिर्जना गरी बाध्यतावश अन्ततः पक्षले मुद्दामा तारेख छाडी बस्नुपरेको देखिने ।

यस मुद्दाका हालका जग्गाधनी जैमुन खातुन रहेका छन् । निज वादीको नाउँमा रहेको यो विवादित कि.नं. ३५० को जग्गाका दाता अब्दुल सलामले नै सो कि.नं. ३५० को जग्गा मोही र जग्गाधनीको आधा आधा भाग छुट्याइपाउँ भनी भूमि सुधार कार्यालयमा

निवेदन दिएका छन् । अर्थात् मोहीलाई आधा जग्गाको स्वामित्व दिन वादीका दाताले स्वीकार गरिसकेको पाइयो । यस अवस्थामा भूमि सुधार कार्यालयले मोहीले तारेख गुजारेको भनी डिसमिस गरेको आधारमा कानूनले निश्चित गरेको स्वामित्वको हकबाट पुनरावेदक प्रतिवादीलाई वञ्चित हुने गरी मोही लगत कट्टा गर्ने गरी भूमि सुधार कार्यालयले गरेको निर्णय कानूनसङ्गत नै नरही त्रुटिपूर्ण देखिने ।

राम आशिष मण्डलको नामको मोहीको लगत कट्टा गर्ने गरी सुरू भूमि सुधार कार्यालय महोत्तरीबाट मिति २०७०।५।२५ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७२।०३।२१मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. १(क) कि.नं.३५० को ज.वि. ०-१७-१ जग्गामा राम आशिष मण्डलको नाममा कायम रहेको मोहियानी हक निजको श्रीमती यी पुनरावेदक प्रतिवादी लिलादेवीको नाममा नामसारी दर्ता कायम हुने ।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २३ गते रोज २ शुभम् ।

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१३१०, सवारी ज्यान, नेपाल सरकार वि. रामकिसन रामसमेत*

सवारी चालक अनुमति प्राप्त नभएका व्यक्तिले मादक पदार्थ सेवन गरी राजमार्गमा टेम्पु सवारी साधन चलाई साइकलमा यात्रा गरिरहेका यात्रुलाई पछाडिबाट ठक्कर दिएको र निजको उपचारको क्रममा नै मृत्यु भएको पाइन्छ । सवारी चलाउने अनुमति प्राप्त गरेको व्यक्तिको जिम्मामा रहेको सवारी साधनलाई जिम्मा लिने रामकिसन रामले सोही सवारीका सहचालकलाई चलाउन दिई दुर्घटना भएको तथ्य मिसिल संलग्न घटना विवरण कागज, निज सहचालकले घटनापश्चात् प्रत्यक्षदर्शीलाई व्यक्त गरेको भनाइ, निजले मदिरा सेवन गरेको निजको स्वास्थ्य जाँच प्रतिवेदन तथा घटनास्थलमा साइकल र साइकल चालकसमेतलाई ५० मिटरसम्म घिसारेको भन्ने घटनास्थल मुचुल्काको बेहोराबाट टेम्पो चालक जयकी प्रसाद कुशवाहा मादक पदार्थ सेवन गरी सवारी चलाउने लाइसेन्स नभई लापर्बाहीपूर्ण तरिकाले जानीजानी सवारी चलाएको पुष्टि हुने ।

अर्का प्रतिवादी राम किसन रामलाई दफा १६१(५) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको पाइन्छ । सो कानूनी व्यवस्थाले चालक अनुमति पत्र नभएका व्यक्तिलाई सवारीधनीले सवारी चलाउन दिन नहुने भन्ने व्यवस्था हो । दुर्घटनाग्रस्त टेम्पोको जिम्मा लिने सो टेम्पोका चालक राम किसन राम रहेको देखिन्छ । आफ्नो जिम्मामा रहेको सवारी साधनलाई आफैँले हाकेको भनी गरेको बयानका आधारमा मात्र अभियोग दाबी नगरेको दफा १६१(३) अनुसारको कसुर कायम गरी सजाय हुनु वाञ्छनीय हुँदैन । कसले सवारी चलाएको हो भन्ने तथ्य प्रमाणबाट नै पुष्टि हुने हो । प्रतिवादीको बयानलाई मात्र आधार लिन मिल्ने होइन । आफ्नो जिम्मामा रहेको टेम्पो मादक पदार्थ सेवन गरेको सहचालकलाई चलाउन दिएको निज सहचालक घटनास्थलमा नै तत्काल पक्राउ परेको अवस्था छ । निजको स्वास्थ्य जाँच रिपोर्ट हेर्दा मदिरा सेवन गरेको भन्न उल्लेख भएको ।

मिति २०७१।५।१८ गते पथलैया वीरगन्ज सडकमा वीरगन्जतर्फ साइकलमा यात्रा गरिरहेका साइकल यात्रीलाई सोही दिशातर्फ गइरहेको ना१ह ९४४ को टेम्पुले ठक्कर दिई करिब ५० फिटसम्म घिसारी उपचारको क्रममा निज घाइतेको मृत्यु भएको सो टेम्पुमा सवारी चालक अनुमति पत्र प्राप्त नभएको प्रतिवादी जयकीप्रसाद कुशवाहाले मादक पदार्थ सेवन गरी टेम्पो चलाई दुर्घटना गराएको पुष्टि भएकाले निज प्रतिवादीलाई उल्लिखित ऐनको दफा १६१(२) बमोजिम दुई वर्ष कैद सजाय गरी ऐ ऐनको दफा १६१(४) बमोजिम थप रु. २०००।- जरिवाना

गर्नुपर्नेमा सफाइ दिने गरी र सवारी चालक अनुमति पत्र प्राप्त नगरेको व्यक्तिलाई सवारी चलाउन दिएको हुँदा प्रतिवादी रामकिसन रामको कार्य उक्त ऐनको दफा १६१(५) बमोजिमको कसुरमा निजलाई दुई महिना कैद सजाय गर्नुपर्नेमा अभियोग दाबी नै नलिएको दफा १६१(३) बमोजिम २० दिन कैद र रु. २०००।- जरिवानासमेत हुने गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०७१।८।२९ को फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।३।२१ को मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी जयकीप्रसाद कुशवाहालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम दुई वर्ष कैद तथा ऐ ऐनको दफा १६१।(४) बमोजिम थप रु. २,०००।- जरिवाना र अर्का प्रतिवादी रामकिसन रामलाई सोही ऐनको दफा १६१(५) बमोजिम दुई महिना कैद हुने।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल मङ्सिर ६ गते रोज ३ शुभम्।

**३३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१३३०, जातीय विभेद तथा छुवाछुत, नेपाल सरकार वि. शशिभुषण पाण्डेयसमेत*

प्रतिवादी शशिभुषणले विद्यार्थीहरूलाई कक्षा कोठामा पढाउने क्रममा व्यक्त गरेको उक्त उखान जाहेरवालालाई मात्र लक्षित गरी व्यक्त गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको छैन। कक्षा कोठामा प्रतिवादी शिक्षक शशिभुषणले व्यक्त गरेको उखानबाट जाहेरवालालाई मात्र इङ्गित हुने गरी कार्य भएको हो भन्ने अभियोगपत्रमा स्पष्टरूपमा खुलाउन सकेको पाइँदैन । जाहेरवालालाई मात्र लक्षित हुने गरी भेदभावजन्य कार्य भएको भन्ने पनि स्पष्ट देखिन आएको छैन। कक्षा कोठामा शिक्षकले विद्यार्थीहरूलाई अध्यापन गर्दाको अवस्थामा जाहेरवालालाई अपमानजनक शब्द प्रयोग गरेको भन्ने प्रसङ्ग उठेको देखिन्छ । यस्तो परिवेशमा क्षतिपूर्तिको रकम भराउनुपर्नेसम्मको अवस्था नदेखिने।

त्यसै गरी प्रतिवादीहरू सन्तोष तिवारी, जयप्रकाश सिंह र सन्तराज यादवलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा यी प्रतिवादीहरू अदालतमा उपस्थित भई बयान गर्दा निजहरू आरोपित कसुरमा इन्कार रहेको देखिन्छ । जाहेरी दरखास्तमा निजहरूसमेत भई जाहेरवालालाई कुटपिट गरेको भन्ने उल्लेख भए तापनि जाहेरवालाले अदालतमा बकपत्र गर्दा अरु गुरुहरूले पनि कुटपिट गरेको भन्नेसम्म लेखाइदिएको पाइन्छ तर यी प्रतिवादीहरूमध्ये को कसले के कसरी कुटपिट गरेको भन्ने सम्बन्धमा विस्तृतरूपमा खुलाई लेखाउन सकेको पाइँदैन । प्रतिवादी शशीभुषण पाण्डेयले अदालतमा बयान गर्दा जाहेरवाला बुद्धिलाल हरिजनलाई आफू र अन्य प्रतिवादीहरूमध्ये कसैले पनि कुटपिट नगरेको भनी लेखाइदिएको देखिन्छ । मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीहरूले जातीय भेदभाव तथा छुवाछुत हुने गरी आरोपित कसुर गरेको भन्ने पुष्टि हुन नआएकोले निज प्रतिवादीहरू सन्तोष तिवारी, जयप्रकाश सिंह र सन्तराज यादवलाई सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

प्रतिवादी शशिभुषण पाण्डेयलाई तत्काल प्रचलित जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा (१२) को कसुरमा ऐ. ऐनको दफा ७(१)(ख) बमोजिम रु.५००।- जरिवाना र ऐ. ऐनको दफा ७(२) बमोजिम उक्त जरिवानाको ५० प्रतिशतले हुने रु.२५०।- थप जरिवानासमेत रु.७५०।- जरिवाना हुने, निज प्रतिवादी शशिभुषण पाण्डेयबाट अभियोग दाबीबमोजिम क्षतिपूर्ति भराउन नपर्ने र प्रतिवादीहरू सन्तोष तिवारी, जयप्रकाश सिंह र सन्तराज यादवले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको तत्कालीन पुनरावेदन अदालत बुटवलको

मिति २०७२।०१।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - कृति बहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम्।

**३४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-RB-०५१५, सुन, चाँदी भन्सार चोरी निकासी/पैठारी, बलरामप्रसाद गुप्ता वि. राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया, बारासमेत*

राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया बाराबाट मिति २०७०।१२।२८ मा नेपाल राष्ट्र बैङ्क, मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा सुन्धारा काठमाडौंलाई सो बरामद भएको ६ के.जी. सुनसमेत बुझी प्रचलित दररेटबमोजिम हुने रकम पत्रबाहक हस्ते उपलब्ध गराइदिनु भनी पत्राचार गरेको देखिन्छ। नेपाल राष्ट्र बैङ्कबाट सो बरामद भएको सुनको गलानपछिको तौल किलोग्राम ००५-९९८-२०० को मूल्य अन्तर्राष्ट्रिय रेटमा ५ प्रतिशत थप गरी गरिएको मूल्याङ्कन विवरणबमोजिम रु.२,५२,२८,९६९।०४ रहेको र सोबमोजिमको एकाउन्टपेयी भुक्तानी आदेश राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया बारामा मिति २०७१।०३।१६ को पत्रबाट पठाएको देखिने।

प्रहरी प्रतिवेदनमा उल्लिखित सुनको मूल्य कसरी रु.२,७८,२८,९३१।- भएको हो भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट खुलेको छैन । आधिकारिकरूपमा नेपाल राष्ट्र बैङ्कबाट सुनको मूल्य रु.२,५२,२८,९६९।०४ कायम गरी सोअनुसार भुक्तानी आदेश दिइएको अवस्थामा सोहीबमोजिम बिगो कायम गरी जरिवाना गर्नुपर्नेमा प्रहरी प्रतिवेदनमा उल्लिखित सुनको मूल्य रु.२,७८,२८,९३१।-लाई बिगो कायम गरी सोबमोजिम जरिवाना गर्ने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौं मिति २०७३।०५।०६ को फैसला सो हदसम्म मिलेको नदेखिने।

पुनरावेदक प्रतिवादी बलरामप्रसाद गुप्ताले बिल बीजकविनाको ६ के.जी. अवैध सुन भन्सार चोरी पैठारी गरेको पुष्टि हुन आयो। निज पुनरावेदक प्रतिवादी बलरामप्रसाद गुप्तालाई भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम जरिवाना वा कैद वा दुवै सजाय हुनसक्नेमा वारदातको अवस्थासमेतलाई विचार गर्दा बिगोबमोजिम जरिवाना मात्र गर्दा पर्याप्त हुने देखिएकोले बरामद भई आएको सुनको नेपाल राष्ट्र बैङ्कद्वारा अन्तर्राष्ट्रिय मूल्यमा पाँच प्रतिशत थप गरी कायम गरेको मूल्याङ्कन अनुसार रु.२,५२,२८,९६९।०४ बिगो कायम गरी सोही बिगोबमोजिम जरिवाना गर्नुपर्नेमा विनाआधार प्रहरी प्रतिवेदनमा उल्लेख भएको सुनको मूल्य रु.२,७८,२८,९३१।- का आधारमा बिगो कायम गरी सोही बिगोबमोजिम रु.२,७८,२८,९३२।- जरिवाना मात्र हुने ठहऱ्याएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७३।०५।०६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी बलरामप्रसाद गुप्तालाई भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम सुनको बिगोअनुसार रु.२,५२,२८,९६९।०४ जरिवाना हुने।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

इति संवत् २०७९ कार्तिक २८ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-०१८०, बन्दीप्रत्यक्षीकरण, विकास ज्योति वि. उच्च अदालत पाटनसमेत*

बैंकिङ कसुरको आरोप लागेका यी निवेदकको नाउँमा जारी भएको समाह्वान निजको स्थायी वतनमा रहेको घरको ढोकामा टाँस गर्नु मात्र पर्याप्त हुँदैन । सोबमोजिम निजमाथि लागेको आरोपको खण्डन गर्न, प्रतिवाद गर्न र प्रमाणहरू प्रस्तुत गर्न पर्याप्त समय

दिइएको छ वा छैन भन्ने कुरासमेत महत्त्वपूर्ण हुन्छ । पर्याप्त समय नै नदिइएको वा जारी भएको समाह्वान पनि निजले व्यवसाय सञ्चालन गरी बस्दैआएको स्थानमा नभई, केवल औपचारिकताको लागि मानिस बसोबास नै नगर्ने स्थायी वतनको घरमा टाँस तामेल भएको कार्यबाट आरोपितको स्वच्छ सुनुवाइको हक सुरक्षित रहेको भनी अर्थ गर्न नमिल्ने ।

जहाँसम्म बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने निवेदकको रिट निवेदन मागदाबी छ सो सम्बन्धमा विचार गर्दा रिट निवेदक बैंकिङकसुर मुद्दाको रोहमा न्यायिक थुनामा रहेका र सोही मुद्दाको रोहमा अदालतमा उपस्थित गराउने एवम् उक्त बैंकिङ कसुर मुद्दामा नै पुनः कारबाही चलाई ठहरेबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिने ।

निवेदक प्रतिवादी भएको मुद्दा नं. ०७८-CB-११११ को बैंकिङ कसुर मुद्दाको जाहेरी दरखास्त र अभियोगपत्रमा उल्लिखित यी निवेदक विकास ज्योति बसोबास तथा व्यवसाय गरिआएको भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका, वडा नं. ५ मा रीतपूर्वक समाह्वान म्याद तामेल गरेको देखिएन । मानिस बसोबास नै नगर्ने अन्यत्र बसोबास गरी गइसकेको सिन्धुपाल्चोक जिल्ला, पाँचपोखरी थाङपाल, वडा नं. ६ मा रहेको घरको ढोकामा मिति २०७८।१२।१० मा समाह्वान टाँस तामेल गरेको देखियो । बेरितपूर्वक तामेल भएको उक्त समाह्वान म्याद र सोका आधारमा स्वच्छ सुनुवाइविना प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७९।०७।२० मा भएको त्रुटिपूर्ण फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । उक्त फैसला बदर भएकोले ललितपुर जिल्ला अदालतबाट निवेदकका नाउँमा जारी भएको च.नं. ०७९-४०-००४४७९, मिति २०७९।०९।११ को कैदीपुर्जीसमेत निस्क्रिय गरिदिएको छ । अब निवेदक विकाश ज्योतिलाई कारागार कार्यालय नख्खु, ललितपुरबाट झिकाई, उक्त बैंकिङ कसुर मुद्दामा थुनछेक प्रयोजनको लागि उच्च अदालत पाटनमा उपस्थित गराई, बयान गराउनेलगायतका कानूनी कारबाही अगाडि बढाई, जो जे बुझ्नुपर्ने हो बुझी, पुनः इन्साफ गर्नु भनी उच्च अदालत पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने । सम्बन्धित बैंकिङ कसुर मुद्दाको मिसिल उच्च अदालत पाटनमा तुरून्त पठाइदिनू । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने हदसम्मको रिट निवेदन दाबी पुग्न नसक्ने हुँदा खारेज हुने ।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल वैशाख ८ गते रोज ६ शुभम् ।

३६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-०१८५, बन्दीप्रत्यक्षीकरण, ध्रुब दमाई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदनसाथ पेस भई मिसिल संलग्न गरिएको मिति २०७३।०३।०३ मा जारी भएको जन्मदर्ताको प्रमाण हेर्दा स्थानीय पञ्जिकाधिकारीको कार्यालय, समुन्द्रादेवी गाउँ विकास समिति, नुवाकोटको दर्ता नं. १६६ मिति २०७३।०३।०३ को जन्मदर्ताको प्रमाणपत्रमा पिता ध्रुब दमाई र आमा रिता नेपालीको छोरा अनिश नेपाली, जन्म मिति २०६४।१२।०२ भन्ने उल्लेख भएको पाइन्छ । त्यसै गरी बच्छला माध्यमिक विद्यालय, पञ्चकन्या, भदुटार नुवाकोटको पत्र सङ्ख्या ०७९।८०, चलानी नं. ०७२ को जो जससँग सम्बन्धित छ भन्ने पत्रमा पनि ध्रुब दमाई तथा रिता नेपालीको छोरा अनिश नेपालीको जन्म वि.सं. २०६४।१२।०२ मा भएको उल्लेख छ । उपर्युक्त प्रमाणबाट अनिश नेपालीको जन्म मिति २०६४।१२।०२ मा भएको र निजको उमेर वारदात हुँदाका बखत १४ वर्ष ७ महिना २८ दिन भई निज हाल नाबालक रहेको भन्ने देखिन्छ । यसरी मिसिल

संलग्न निवेदकले पेस गरेको अनिश नेपालीको जन्मदर्ता प्रमाणपत्र र विद्यालयको जन्म मितिसम्बन्धी अभिलेखको आधिकारिकता पुष्टिको लागि थप प्रमाण बुझ्ने कार्य भने सुरू तहबाट हुने।

प्रस्तुत रिट निवेदनसाथ पेस भएको जन्मदर्ताको प्रमाणपत्रमा उल्लिखित अनिश नेपाली भन्ने व्यक्ति र काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दा नं. ०७९-C१-१६३२ को सवारी अङ्गभङ्ग मुद्दामा प्रतिवादी बनाइएका अनिश मगर भन्ने व्यक्ति एउटै हुन् वा फरकफरक हुन् भन्ने सम्बन्धमा पनि व्यक्ति पहिचानको विषय र निजको उमेरको आधारमा पुर्पक्षको लागि थुनामा राख्दा बालबालिकासम्बन्धी ऐन, २०७५ आकर्षित हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा पनि हेरी बुझी यकिन गरी अविलम्ब निष्कर्षमा पुग्नु न्यायोचित हुन्छ । यदि व्यक्ति पहिचान गर्दा दुवै नामको व्यक्ति एउटै रहेको र नाबालक देखिए निजका हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ आकर्षित हुने।

प्रस्तुत रिट निवेदनको रोहबाट प्रमाण बुझी व्यक्ति पहिचान र निजको उमेर यकिन गरी निवेदन दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। तथापि अनिश मगरसमेतलाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा दायर भएको मुद्दा नं. ०७९-C१-१६३२ को सवारी अङ्गभङ्ग मुद्दा हाल विचाराधीन रहेको देखिँदा उक्त मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका अनिश मगर भनिएका व्यक्ति निवेदकको छोरा अनिश नेपाली हुन् वा होइनन् तथा निजको उमेर के कुन कायम हुने हो र सो आधारमा निजलाई थुनामा राख्दा बालबालिकासम्बन्धी ऐन, २०७५ आकर्षित हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा अविलम्ब हेरी, आवश्यक प्रमाण बुझी, यकिन गरी नाबालक देखिन आएमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७९।११।२५ मा थुनामा राख्ने गरी भएको आदेश स्वतः निस्क्रिय हुने नै हुँदा पुनः कानूनबमोजिम आवश्यक आदेश गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०८० साल वैशाख ८ गते रोज ६ शुभम्।

## ३७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-०१४७, बन्दीप्रत्यक्षीकरणसमेत, प्रमेश राजवंशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकको थुना गैरकानूनी हो वा होइन भन्ने सम्बन्धमा हेर्दा लालबहादुर लिम्बूको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी प्रमेश राजवंशीसमेत भएको कर्तव्य ज्यान मुद्दामा यी निवेदक प्रतिवादी प्रमेश राजवंशीलाई मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले २० वर्ष कैद सजाय भएको पाइन्छ। उक्त मुद्दामा यी निवेदक मिति २०७१।०७।२६ मा पक्राउ परी प्रहरी हिरासत तथा थुनामा रहेको देखिँदा निज पक्राउ परी हिरासतमा रहेको मिति २०७१।०७।२६ गतेदेखि नै निजलाई लागेको कैद कट्टा हुने गरी मिति २०९१।०७।२५ गतेसम्म कैदमा राखी मिति २०९१।०७।२६ गते थुना मुक्त गरिदिनु भनी मोरङ जिल्ला अदालतबाट च.नं. १४८३७, मिति २०७३।०९।२४ को कैदी पुर्जी जारी भएको देखिन्छ। यसरी कर्तव्य ज्यान मुद्दाको रोहमा यी निवेदक प्रतिवादीलाई तोकिएको कैद अवधि भुक्तान गर्ने प्रयोजनका लागि कानूनबमोजिम कैदी पुर्जी प्रदान गरी कैदमा राखिएको कुरामा कुनै विवाद नरहेको।

हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागु हुनुभन्दा अघिको कसुरको हकमा उसबखत प्रचलित साबिक कारागार नियमावली, २०२० को नियम २९(१) को कानूनी व्यवस्था यी निवेदक प्रमेश राजवंशीको हकमा पनि आकर्षित हुने नै देखिएको र यी निवेदकले

निजलाई लागेको २० वर्ष कैद सजायमध्ये ४० प्रतिशत कैद सजाय भुक्तान गरिसकेको देखिँदा निवेदक प्रमेश राजवंशीको चालचलन असल देखिए कानूनबमोजिम बाँकी कैदको सजाय माफी मिनाहाको लागि सिफारिस दिने व्यवस्था गर्नु भनी प्रत्यर्थीहरू कारागार कार्यालय नख्खु, ललितपुर र कारागार व्यवस्थापन विभागसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुन पाउँ भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा निवेदक प्रमेश राजवंशीलाई मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले तत्काल प्रचलित कानूनबमोजिम भएको २० वर्ष कैद सजाय भुक्तान गर्नको लागि निज हाल कारागार कार्यालय नख्खु, ललितपुरमा कैदमा रहेको र निजलाई तोकिएको कैद अवधि भुक्तान भई नसकेकोले उक्त कैद गैरकानूनी रहेको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०८० साल वैशाख ८ गते रोज ६ शुभम्।

### ३८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-००८३, बन्दीप्रत्यक्षीकरण, राजेन्द्रकुमार शाक्य वि. मिठ्ठु शाहीसमेत*

प्रत्यर्थीहरूले लिखित जवाफको साथमा लुमिनादेवीको उपचारको लागि जापानको अस्पतालमा भर्ना गरेको, त्यहाँबाट करिब ८ महिनाअघि मात्र नेपाल आएको र तत्पश्चात् लुमिनादेवीलाई काठमाडौंमा समेत उपचार गराएको भन्ने प्रमाण पेस गरेको देखिन्छ। निवेदकको छोरी लुमिनादेवी मानसिक स्वास्थ्य उपचार गर्नुपर्ने अवस्थाको रहेको भन्ने विशेषज्ञहरूले दिएको स्वास्थ्य जाँच प्रमाणपत्र (certificate) बाट देखिने।

लुमिनादेवीको आमा जापानी भएको र निज जापानमा रहेको भन्ने खुल्न आएको छ। निज लुमिनादेवीका पिता निवेदक राजेन्द्रकुमार शाक्यले प्रत्यर्थीहरूले छोरीलाई भेटघाट गर्नसम्म पनि नदिएको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। लुमिनादेवीको औषधोपचार विशेषज्ञतासहितको सुविधा सम्पन्न अस्पतालमा भएमा निजको स्वास्थ्य स्थितिमा सुधार आउन सक्ने भन्ने चाहना पिता राजेन्द्रकुमार शाक्यलाई रहनु स्वाभाविक नै हुने।

जापानी आमाबाट जन्मेकी लुमिनादेवीको निवेदक पिताबाहेक माइतीतर्फ हेरविचार गर्ने अरू कोही रहेको भन्ने पनि देखिँदैन। छोरी लुमिनादेवीलाई भेट गर्न पनि नदिने र सुविधा सम्पन्न अस्पतालमा औषधोपचार गर्नुपर्ने तथा प्रत्यर्थीहरूबाट सही र ठिक ढङ्गबाट उपचार नै नगरिएको भन्ने निवेदकको सरोकार चासो रहेको छ। बिरामी छोरीलाई सुविधा सम्पन्न अस्पतालमा लगी उपचार गराउन जिम्मा लगाइपाउँ भन्ने निवेदकले माग गरेको देखिन्छ। उचित र आवश्यक पर्ने स्वास्थ्य उपचारबाट वञ्चित भएमा सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक हकबाट विमुख हुनुपर्ने अवस्था रहने।

निवेदक पिता राजेन्द्रकुमार शाक्यलाई विवाहिता बिरामी छोरी लुमिनादेवी काजामी शाक्य शाहीलाई भेटघाट गर्न अवरोध नगर्नु नगराउनु, भेटघाट गर्न दिनु र निवेदक तथा प्रत्यर्थी दुवै पक्षको सल्लाह तथा समझदारीमा बिरामी लुमिनादेवीको बिरामीको विशेषज्ञतासहितको सुविधा सम्पन्न अस्पतालमा औषधी उपचार गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु, गराउनु भनी प्रत्यर्थीहरूलाई यो आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेश कार्यान्वयन र अनुगमन गर्नको लागि सहजीकरण गर्न रुपन्देही जिल्ला अदालतलाई लेखी पठाउनु भनी आजै संक्षिप्त आदेश जारी भइसकेको हुँदा सो सम्बन्धमा अरू केही गरिरहनु नपर्ने।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०७९ साल कार्तिक २९ गते रोज ३ शुभम्।

**३९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-०२८६, जबरजस्ती करणी, नेपाल सरकार वि. जमिल मियाँ*

पीडित करेन्ट लागि औषधी उपचार भइरहेको (मानसिक सन्तुलन ठिक नरहेको) भनी पीडितको पिताले खुलाइदिएको पाइन्छ । निजको स्वास्थ्य जाँच प्रतिवेदनमा Hymen Old rupture भन्ने उल्लेख छ। यसरी आपराधीक कार्य गर्नका लागि ४ जना प्रतिवादीहरू समूहगत रूपमा मिली एक जना बिरामी अवस्थामा रहेकी पीडितालाई निजको बाबुसँग चिनजान भएको भनी ललाइफकाइ खाजा खुवाई मोटरसाइकलमा राखी बाँसघारीमा लगी सामूहिक करणी गरेको कुरा माथि वर्णित जाहेरी घटना विवरण कागजसमेतको विश्लेषणबाट पुष्टि भएको पाइने।

प्रतिवादीले पीडित परिवर्तित नाम रविनाकुमारी राउतलाई मिति २०६९।९।८ मा सिनेमा हेर्न निजका दाजुका साथ गएको अवस्थामा सिनेमा समाप्त भएपछि हलबाट बाहिर निस्कने बेलामा निजको दाजुसँगको साथ छुट्टी अल्मलिएको देखी प्रतिवादी मो. जमिल मियाँसमेतले पीडितको बुबासँग चिनजान भएको र निजलाई घर पुर्‍याउने आश्वासन दिई होटल ताजमा लगी खाजा खुवाई मोटरसाइकल चढाई लगी ठेलिया-९ को बाँसघारीमा लगी जाहेरवाली नाम परिवर्तित रविनाकुमारी राउतलाई प्रतिवादीहरू मिली लोभलालचमा पारी लगि परिबन्धमा पारी पालैपालो करणी गरेको भन्ने स्पष्ट हुने।

प्रतिवादीले सुरू अनुसन्धान अधिकारीसमक्ष ततिम्बा बयान गर्दा सगोलमा जम्मा सम्पत्ति १-०-० र ०-२-० घडेरी मात्र रहेको भनी बयानमा लेखिएको पाइयो । पीडकको सगोलमा जग्गा जमिन रहेको अवस्थामा सो सम्पत्तिबाट पीडितले तत्काल राहत प्राप्त गर्न सक्ने अवस्था कठिन रहेको देखिन्छ। यस्तो अवस्थामा पीडकबाट पीडितलाई क्षतिपूर्तिको रकम भराइलिन पाउने गरी निर्णय गरिँदा पीडकहरूमध्ये तत्काल एक जना मात्र पक्राउ गरी अनुसन्धानमा रहेको तथा अन्य पीडकहरू फरार रहेको अवस्थामा निजलाई भराइदिने क्षतिपूर्ति निर्धारण गर्दा पीडितको आर्थिक अवस्था, कसुरको गाम्भीर्यलगायतका विषयमा ध्यान दिनुपर्ने अवस्था हुन्छ। पीडित १ वर्षअगाडि करेन्ट लागी बिरामी भई औषधी सेवन गरिरहेकी भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छ । यस्तो अवस्थामा अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पूर्ण परिपूरण हुन नसक्ने भए तापनि निजमाथि परेको पीडालाई केही राहत दिने हुँदा निज पीडितलाई पीडित राहत कोषबाटै क्षतिपूर्ति प्रदान गरिदिन उचित हुने देखिँदा निज पीडितलाई पीडित राहत कोषबाट रु. २,००,०००।- भराइदिनुपर्ने।

इजलास अधिकृत : भेषराज भट्टराई

इति संवत् २०७९ साल मङ्सिर ६ गते रोज ३ शुभम्।

**४०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-१६१४, ०७३-CI-१६१५, अंश चलन, शकतीबहादुर लामा वि. सविन लामासमेत, सविन लामा समेत वि. राजु तामाङसमेत*

वादीले दाबी लिएका ती जग्गाहरू प्रतिवादी रेणु तामाङले हर्षबहादुर शाक्यबाट २०६१ सालमा खरिद गरेको र सो जग्गामध्ये कि.नं. २६९ को जग्गा निज रेणुले महादेव हाउजिङ्ग एण्ड डेभलपर्सलाई मिति ०६६।९।१३ मा राजीनामा गरिदिएको देखिन्छ। यसकारण वादी दाबीका कि.नं. २११, २१४, २१५ र २६९ का जग्गाहरू प्रतिवादी रेणु तामाङले खरिद गरी लिएका जग्गाहरूको स्रोत मोहियानी हक नभई राजीनामा लिखत भएको देखिने।

पुनरावेदक वादी शकतीबहादुर लामाले प्रतिवादीमध्येका रेणु तामाङको नाउँको कि.नं. २११, २१४, २१५, र २६९ का जग्गासमेतबाट अंश पाउनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ । सर्वप्रथम मोहियानी हकको नाताले सो जग्गामा हाम्रो अंश हक रहने भन्ने वादीको भनाइ देखिन्छ । तर मूल पुर्खा

पूर्ण सिंह लामाको नाउँमा मोहियानी हक रहेको नभई निजका जेठा छोरा कुलमानको छोरा ऋषिमानको नाउँमा मोही कायम रहेको छ । यस अवस्थामा मूल पुर्खा पूर्ण सिंहका कान्छा छोरा बलविरका सन्तान वादीहरूले त्यस्तो अर्कै हाँगाको मोहियानी हकबाट अंश नपाउने ।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०७।२२ मा भएको फैसलालाई सदर गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१०।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- लिलाधर सुवेदी

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७३-CR-१४६१, राजीनामा लिखत जालसाजी, सविन लामासमेत वि. रेणु तामाङसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CI-०९७२, उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाऊँ, रेलकुमार तामाङ वि. रामकृष्ण पौडेलसमेत*

२०६७ सालमा म्याद तामेल गर्दा तामेली बेहोरामा परलोक भइसकेको भनिएका मोही बुद्धिबहादुर तामाङले मिति २०६९।१२।०७ मा आफ्नी श्रीमती चन्द्रमाया तामाङ २०३४ सालमा र छोरा चन्द्रबहादुर तामाङ मिति २०५५।१०।०५ मा आफ्ना कालगतिले परलोक भएकोले निज चन्द्रमाया तामाङको नाउँमा रहेको छुट्टै कि.नं. १४९ को जग्गाको जोत नामसारी गरिपाउँ भनी सोही भूमिसुधार कार्यालय भक्तपुरमा निवेदन दिएको देखिन्छ । सो निवेदनका आधारमा भूमि सुधार कार्यालय भक्तपुरबाट मिति २०६९।१२।१५ मा निजै बुद्धिबहादुर तामाङको नाउँमा कि.नं. १४९ को जग्गाको मोही नामसारी हुने निर्णय भएको पनि देखिने ।

यसै गरी जग्गाधनी प्रत्यर्थी रामकृष्ण पौडेलको तर्फबाट पेस भएको मोही बुद्धिबहादुर तामाङको श्रीमतीले २०२५ सालमा तत्कालीन चाँगुनारायण गाउँ पञ्चायतमा मोही जग्गाको जोत कट्टा गरी जग्गाधनीलाई नै जग्गा जिम्मा दिन भनी निवेदन दिएको भन्ने प्रत्यर्थीको जिकिर रहेको छ । सो निवेदनका आधारमा श्री महेन्द्र चाँगुनारायण गाउँ पञ्चायतको जग्गा जिम्मा लिनेबारेको पत्रमा मिति केरमेट गरी थप गरिएको देखिएको छ । साथै सो पत्रको बोधार्थ भूमि सुधार कार्यालय भक्तपुरलाई पनि दिएको देखिन्छ । सो बोधार्थपत्र भूमि सुधार कार्यालय भक्तपुरमा रहेको छ छैन सोतर्फ पनि विवेचना गरिएको छैन । तत्कालीन पुनरावेदन अदालत पाटनबाट फैसला गर्दा उपर्युक्त कुनै पनि विषयमा प्रमाणको विश्लेषण गरेको नदेखिने ।

रिट निवेदकले उठाएका विवादित विषयहरूका सम्बन्धमा पेस भएका प्रमाणको न्यायोचित र विवेकसम्मत ढङ्गबाट विवेचना गरी निष्कर्षमा पुग्नुपर्नेमा रिट निवेदन खारेज गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०५।२६ को फैसला मिलेको नदेखिँदा बदर हुने ठहर्छ । अब, रिट निवेदकको माग दाबीबमोजिम मोही बुद्धिबहादुर तामाङको नाममा भूमि सुधार कार्यालय भक्तपुरबाट म्याद जारी गरी तामेल भएको छ, छैन ? भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्थाबमोजिम मोही लगत कट्टा गरिएको हो, होइन ? भन्नेसमेतका विषयमा जो जे बुझ्नुपर्ने हो बुझी, चाँडो कारबाही किनारा गर्नु भनी उपस्थित पक्षलाई तारिख तोकी रेकर्ड मिसिल र प्रमाण मिसिलहरू उच्च अदालत पाटनमा पठाइदिने ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन २ गते रोज ३ शुभम् ।

**४२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-CI-०५९४, लेनदेन, साबित्री कस्ती वि. रमेशकुमार भण्डारीसमेत*

मिति २०६६।१२।०४ गते २/३ बजेतिर

मध्यपुर ठिमीको प्रहरी चौकीभित्र विवेक कस्तीलाई देखेँ। निजलाई जबरजस्ती लेनदेनका कागज गराउन लागेको रहेछ भनी प्रतिवादीका साक्षी राजकुमार नकर्मीले अदालतमा गरेको बकपत्रको बेहोरामा उल्लेख छ । विवादित लिखत कहाँ बसी लेखिएको हो भन्ने कुरा सो लिखतमा उल्लेख भएको देखिँदैन । तत्काल प्रचलित साबिक मुलुकी ऐन, कागज जाँचको महलको १६ नं. बमोजिम "घरायसमा जुनसुकै कागज गर्दा गराउँदा पनि सो कागजमा बेहोरा लेखिसकेपछि मिति लेख्नुभन्दा अगाडि कागज जुन ठाउँमा भएको हो सो ठाउँ र सो ठाउँको जिल्ला प्रगन्ना मौजा गाउँ, सहर, टोलसमेत लेख्नुपर्छ । नलेखेको कागज गराउनेलाई बिस रूपियाँसम्म जरिवाना गरी सो कागज प्रमाणमा ल्याउनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा सोबमोजिम जरिवाना गरी उक्त लिखत प्रमाणमा लिइएको भन्ने पनि नदेखिने।

त्यसै गरी प्रतिवादीलाई प्रहरी चौकीमा लगी जबरजस्ती कागजमा सही गराइएको हो, लिखतमा उल्लिखित रकम प्रतिवादीले लिएको होइन भन्ने प्रतिउत्तर जिकिर रहेको छ । विवादित लिखतलाई प्रतिवादीले प्रहरी चौकीमा लगि तयार पारेको हो भनी अ.बं. ७८ नं. बमोजिम बयान गरेको पनि देखिन्छ । सो सन्दर्भमा लिखतका अन्तर साक्षीहरूलाई बुझी, बकपत्र गराई यकिन गरी निर्णय गर्नुपर्नेमा अन्तर साक्षीहरू बुझेको नदेखिने।

सबुत प्रमाण नबुझी भएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७०।०२।०७ को फैसला सदर हुने ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।०९ को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम निर्णय गर्नु भनी उपस्थित पक्षलाई तारिख तोकी सुरू तथा रेकर्ड मिसिल उच्च अदालत पाटनमा पठाइदिने

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

इति संवत् २०८० साल वैशाख ४ गते रोज २ शुभम्।

४३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CI-०१०३, निषेधाज्ञा, शिवराज चौधरी वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

न्यायिक निकायबाट मुद्दाको फैसलाको कार्यान्वयनको क्रममा पत्राचार भई निज पुनरावेदक वादी शिवराज चौधरीलाई खोजतलासम्म गरेको तर यी पुनरावेदक पक्राउ परी नसकेको स्थितिमा निवेदकलाई तत्काल पक्राउ नगर्नु, नपक्रनु भनी आदेश जारी गर्नुपर्ने अवस्था देखिँदैन । निषेधाज्ञा आशंकाको अवस्थामा मात्र गैरकानूनी कार्य गर्न खोज्ने व्यक्ति वा निकायलाई निषेध गर्न जारी गरिने एक प्रकारको आदेश हो । प्रस्तुत मुद्दामा फैसला कार्यान्वयनका क्रममा भएको आदेशबाट निज निवेदकको कानूनी हकमा समेत असर पुगेको वा पुग्न सक्ने आशंका रहेको पाइँदैन । गैरकानूनी रूपमा कुनै व्यक्तिलाई थुनामा राख्न, पक्राउ गर्न कानूनले बन्देज लगाएको पाइन्छ तर अन्तिम फैसलाबमोजिमको दायित्वबाट उन्मुक्ति पाउँ भन्ने पुनरावेदकको जिकिर कानूनसङ्गत रहेको मान्न सकिने अवस्था रहँदैन । यस्तो अवस्थामा निवेदन खारेज हुने ठहऱ्याई भएको उच्च अदालत पाटनको आदेश मिलेकै देखिँदा अन्यथा भनिरहनपर्ने नदेखिने।

फैसला कार्यान्वयन रोक्नुपर्ने अवस्था नदेखिँदा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने, निवेदन खारेज हुने गरी भएको उच्च अदालत पाटनको मिति २०७४।३।२१ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर टाइप गर्ने : विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन १० गते रोज ४ शुभम्।

**४४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CI-०९२८, उत्प्रेषण / परमादेश, डिल्लीराम उप्रेतीसमेत वि. प्रकाश पौडेलसमेत*

त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्मा सो मातहतका अध्ययन संस्थानबाट १ जना र विभिन्न सङ्कायका डिनहरूमध्येबाट १ जना सदस्यको रूपमा रहने र आफ्नो सङ्कायको गुणात्मक र सुधारात्मक कार्य गर्न कार्यकारी परिषद्बाट निर्णय गराई कार्यान्वयन गर्नुपर्ने अवस्थामा विश्वविद्यालयको मुख्य कार्यालय रहेको स्थानमा नै डिनको कार्यालयहरू स्थानान्तरण भएको र सो स्थानान्तरण गर्नपर्ने औचित्यसमेत उल्लेख गरी भएको निर्णय मनासिब नै देखियो। साथै त्रिभुवन विश्वविद्यालयअन्तर्गतमा सबै डिनको कार्यालयलाई केन्द्रीय कार्यालय रहेको स्थानमा राख्ने नीतिगत निर्णय भएको पाइन्छ। केवल वन विज्ञान अध्ययन संस्थानको हकमा मात्र छानीछानी बदनियत चिताई त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय रहेको स्थान काठमाडौंमा सार्ने कार्य गरेको देखिएन। केन्द्रिय कार्यालयसँग कतिपय प्रशासनिक तथा अध्ययन अध्यापनको पाठयक्रम लगायत विभिन्न विषयहरूमा परामर्श गर्नुपर्ने, नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने परिस्थिति आइ नै रहनु स्वाभाविकै हो। डिनको कार्यालयले केन्द्रीय कार्यालय रहेको स्थानमा आफ्ना कार्यक्रमहरूको बारेमा छिटो छरितो निकासा गर्न सक्ने अवस्था पनि रहेको हुन्छ। यसरी हेर्दा पनि त्रिभुवन विश्वविद्यालयले सबै सङ्कायको डिन कार्यालय काठमाडौंमा राख्ने गरी भएको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था रहँदैन। यसका साथै सो निर्णय पनि कार्यान्वयन भइसकेको अवस्था देखिने।

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३।८।२७ को निर्णयले आफ्नो क्षेत्राधिकारभित्रका सबै विषयका डिन कार्यालयहरू काठमाडौंमा सार्ने भनी नीतिगत निर्णय गरी मिति २०७३।१२।६ मा वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय पोखराबाट काठमाडौंमा सरी आफ्नो कार्य थालनी गरिसकेको देखिएको अवस्थामा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने नदेखिएको अवस्थामा उच्च अदालत पोखराबाट मिति २०७४।८।६ मा उत्प्रेषणको आदेशद्वारा त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०७३।८।२७ को डिन कार्यालय सार्ने निर्णय बदर गर्ने गरी भएको आदेश मिलेको नदेखिँदा उल्टी भई रिट निवेदन मागबमोजिमको आदेश जारी हुन नसकी खारेज हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन १० गते रोज ४ शुभम्।

**४५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी**, *०७७-CI-०३३६, उत्प्रेषणसमेत, कर्णाली डिस्टिलरी प्रा.लि. समेत वि. नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

राजस्व अनुसन्धान विभागबाट मिति २०६८।०८।२६ मा खानतलासी भई विभिन्न कागजातहरू नियन्त्रण लिएको भन्ने पाइयो। तत्पश्चात् प्रस्तुत विवादमा कुनै कारबाही भएको, थप अनुसन्धान भएको भन्ने लिखित जवाफबाट देखिँदैन। प्रस्तुत विवादका सम्बन्धमा कर्णाली डिस्ट्रिलरी मिति २०७४।०१।१२ मा अदालत प्रवेश गरेको देखियो। अदालतबाट मिति २०७४।०१।१५ मा अन्तरिम आदेश भएको पनि पाइँदैन। यसरी खानतलासी भएको करिब ६ वर्षभन्दा बढी अवधिसम्म सो बरामद गरिएका कागजातहरूसमेतबाट निवेदकउपर कुनै अभियोग नलगाई थप अनुसन्धान, अभियोजनको कारबाहीको लागि प्रक्रिया अगाडि बढाइएको वा भएको भन्ने प्रत्यर्थीको लिखित जवाफबाट समेत देखिन आउँदैन। आजका मितिसम्म करिब ११ वर्षभन्दा बढी अवधि व्यतीत भइसकेको देखिने।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा भएको कानूनी व्यवस्था हेर्दासमेत राजस्व चुहावटको कसुरमा अनन्तकालसम्म अनुसन्धानमा राखी कारबाही टुङ्ग्याउनु नपर्ने भन्ने देखिँदैन। सो ऐनको भावना र उद्देश्यसमेतबाट निश्चित अवधिपछि अनुसन्धान सकी अभियोजन गर्नुपर्ने नै

हुन्छ । अभियोजन गर्नुनपर्ने अवस्थामा अनुसन्धान रोकी जफत भएका सामान सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्ने हुन्छ । मिति २०६८।०८।२६ मा जफत गरिएका सामानहरू तथा बहीखाताहरूसमेतबाट करिब ११ वर्षसम्म अभियोजन हुन नसकेको अवस्था एकातिर रहेको पाइन्छ भने अर्कोतिर थप अनुसन्धान गर्नेतर्फ विभाग उद्धत भएको पनि देखिँदैन । साथै पक्षलाई तारेखमा राखिरहेको देखिन्छ । यसरी मिसिल संलग्न कागजातबाट हेर्दा ११ वर्षअघि जफत भएका बहीखातासमेतका कागजातबाट हाल आएर राजस्व चुहावटसँग सम्बन्धित अभियोजन हुने मनासिब कानूनी आधार पनि नदेखिने ।

मिति २०६८।०८।२६ को खानतलासी बरामदीको विषयमा निवेदकलाई हालसम्म तारेखमा राखेको भन्ने खुल्न आएको र यतिका लामो अवधिसम्म पनि कारबाही नटुङ्गिएको भन्ने देखिएको र सो मिति २०६८।०८।२६ को खानतलासी बरामदीबाट निवेदकलाई कारबाही हुनसक्ने अवस्था रहेको पनि देखिन नआएकोले निवेदकलाई मिति २०६८।०८।२६ को खानतलासीको विषयका सम्बन्धमा कुनै कारबाही गरिरहनुपर्ने अवस्था हालसम्म देखिन नआएकोले निवेदकलाई तारेख टुटाई बरामद गरिएका बहीखातालगायतका सामानहरू फिर्ता दिनु भनी विपक्षीमध्येका राजस्व अनुसन्धान विभागका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत :- भेषराज भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन १० गते रोज ४ शुभम्।

**४६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-WO-००६९, उत्प्रेषणसमेत, विनु श्रेष्ठ नगरकोटीसमेत वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत*

सर्वप्रथम गोरखापत्र संस्थानका विभिन्न पदमा कार्यरत विनु नगरकोटी श्रेष्ठसमेतका विभिन्न पदमा कार्यरत कर्मचारीहरूको हकमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ लागु हुने हो वा हैन भन्नेतर्फ विचार गर्दा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा २ (ख) मा "सञ्चार प्रतिष्ठान भन्नाले सञ्चारसम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले तीन जना वा सोभन्दा बढी श्रमजीवी पत्रकार, कर्मचारी वा कामदार कार्यरत रहेको प्रचलित कानूनबमोजिम स्थापना वा दर्ता भएको सार्वजनिक वा निजी सञ्चार माध्यम वा सङ्गठित संस्था सम्झनुपर्छ" भनी प्रतिष्ठानको परिभाषा गरिएको पाइन्छ । श्रमजीवी पत्रकारसम्बन्धी ऐनले परिभाषा गरेको प्रतिष्ठानभित्र गोरखापत्र संस्थान पर्छ पर्दैन भन्ने सम्बन्धमा हेर्दा श्रमजीवी पत्रकार ऐन आउनुभन्दा धेरैअगाडि अर्थात् २०१९ सालमा गोरखापत्र संस्थान ऐनको तर्जुमा भएको देखिन्छ । गोरखापत्र संस्थान ऐन, २०१९ को प्रस्तावना हेर्दा "नेपाली जनताको सुविधा एवं आर्थिक हितको लागि गोरखापत्र दैनिकको सञ्चालन एवं प्रकाशनलाई नेपाल सरकारको नियन्त्रणबाट झिकी सर्वसाधारण जनतालाई सकभर बढी मात्रामा सरिक गराई त्यसको प्रकाशनको स्तर उठाएर समयअनुकूल बढ्ता लोकप्रिय र प्रभावकारी बनाउन संस्थानको रूपमा गठन र व्यवस्था गर्नु वाञ्छनीय भएको भनी गोरखापत्र संस्थान ऐन जारी गरिएको देखिने ।

श्रम कार्यालयले मिति २०७१।२।२५ मा गरेको निर्णय र त्यसलाई सदर गर्ने गरी मिति २०७१।९।९ गते श्रम अदालतबाट भएको फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, "गोरखापत्र संस्थानमा काम गर्ने कामदार कर्मचारीहरूको नियुक्तिका सम्बन्धमा कर्मचारी सेवा सर्त विनियमावली, २०५२ को परिच्छेद-३ मा पदपूर्ति र पदाधिकारसम्बन्धी व्यवस्था गरेको पाइन्छ । निवेदकहरू गोरखापत्र संस्थानमा काम गर्ने कामदार कर्मचारी भएको हुँदा निजहरूका हकमा श्रम ऐन, २०४८ लागु हुने नभई गोरखापत्र संस्थान

ऐन, २०१९ र सो ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई बनाइएको गोरखापत्र संस्थान, कर्मचारी सेवा सर्त विनियमावली, २०५२ लागु हुने देखिने।

निवेदन मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७९ साल चैत्र २३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-WO-००६७८, उत्प्रेषणसमेत, विनु श्रेष्ठ नगरकोटीसमेत वि. गोरखापत्र संस्थानसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७१-CR-०४४७, जबरजस्ती करणी, नेपाल सरकार वि. विजय मेहता*

तत्काल प्रहरीले जाहेरी दर्ता गर्न इन्कार गरे पनि तत्कालीन पुनरावेदन अदालत, विराटनगरको परमादेशको आदेशानुसार जाहेरी दर्ता भई अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा जाहेरवाला महादेव साहले मेरी छोरी वर्ष २० की रुपादेवीलाई मिति २०६७।३।२८ गते बेलुकी इनरुवाबाट घरतर्फ जाँदै गर्दाको अवस्थामा विजय मेहतासमेतले बबिया –४ स्थित पुग्दा प्रतिवादीहरूले जबरजस्ती पक्री घटनास्थल मुचुल्कामा उल्लिखित स्थानमा लगेर पालैपालो जबरजस्ती करणी गरेको हुँदा आवश्यक कारबाही गरिपाउँ भन्ने बेहोराको किटानी जाहेरी दिएको पाइयो। सोही बेहोरालाई समर्थन गर्दै पीडितले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत मिति २०६७।३।२८ गते म इनरुवा बहुमुखी क्याम्पस पढ्न आएकी थिएँ। पढाइ सकिएपछि घरमा आवश्यकपर्ने सरसामानहरू किनेर घर फर्किने क्रममा पानी परेकोले घर जान केही ढिला भएको र पानी रोकिएपछि नहरको बाटो हुँदै एक्लै घरतर्फ जाँदै गर्दा घटनास्थल मुचुल्कामा उल्लिखित बबिया गा.वि.स. वडा नं. ४ स्थित पुग्दा इनरुवा तर्फबाट मोटरसाइकल चढी आएका ३ जना केटाहरूले मेरो साइकलको अगाडि मोटरसाइकल रोकेर निजहरूले मलाई जबरजस्ती पक्रेर केराबारीमा लगी पालैपालोसँग जबरजस्ती करणी गरेका हुन्। सो गर्नेमा विजय मेहता, असर्फी साह र मोहनप्रसाद मेहता हुन्। मलाई जबरजस्ती करणी गरेपश्चात् निजहरू फरार भएका हुन् भन्ने बेहोरा खुलाई लेखाइदिएको पाइन्छ। निजको तत्काल मिति २०६७।०३।३० मा भएको स्वास्थ्य परीक्षणबाट पीडितको योनि वरिपरि निलडाम भएको र स्तनमा समेत निलडाम भएको देखिन्छ। वर्ष २० की पीडित क्याम्पस पढ्दै गरेकी भन्ने देखिन्छ। घटनास्थल मुचुल्का हेर्दा, जिल्ला सुनसरी बबिया गा.वि.स. वडा नं. ६ स्थित पूर्वमा भोटेपुलबाट शंकरपुल जाने नहर, पश्चिममा खाली जमिन, उत्तरमा इनरुवा गौतमपुर जाने बाटो र दक्षिणमा खाली जमिन यति चार किल्लाभित्र किसुनदेवी महतोको केराबारीमा विजय महतोसमेतले पीडित रुपादेबी साहलाई जबरजस्ती करणी गरेको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा योनि वरिपरि निलडाम भएको र स्तनमा समेत निलडाम भएको, किटानी जाहेरी बेहोरा, जाहेरवालाको बकपत्र, पीडितको मौकाको कागज तथा निजको अदालतमा भएको बकपत्रसमेतबाट पीडितउपर जबरजस्ती करणीको वारदात भएको तथ्य स्थापित हुने।

सामूहिक रूपमा वारदात घटित भएको भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबीसमेत रहेकोतर्फ हेर्दा सुरू जाहेरी दरखास्तमा यी प्रतिवादीका अलावा अन्य व्यक्तिहरू मोहन मेहता र असर्फी साहको समेत संलग्नता रहेको भन्ने बेहोरा उल्लेख हुनुका साथै पीडितलेसमेत यी प्रतिवादीसँगै मोहन मेहता र असर्फी साहले पनि जबरजस्ती करणी गरेको भनी बकपत्र गरेकोसमेतका प्रमाणहरूबाट यी पीडितउपर प्रतिवादी

विजय मेहतासमेतले सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने ।

प्रतिवादी विजय मेहताउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी परेको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको योनि वरिपरि निलडाम रहेको तथा स्तनमा समेत निलडाम रहेको भन्ने देखिएको, पीडितको मौकाको कागज, घटनामा बुझिएका विद्यानन्द साहको कागज तथा जाहेरवाला पीडित र बुझिएका बिद्यानन्द साहसमेतले अदालतमा गरेको बकपत्रसमेतका प्रमाणहरूबाट निज प्रतिवादी विजय मेहतासमेतले पीडित परिवर्तित नाम रुपादेबी साहलाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको पुष्टि हुँदा प्रतिवादी विजय मेहतालाई अभियोग दाबीबाट सफाइ दिने गरी तत्कालीन पुनरावेदन अदालत, विराटनगरले गरेको मिति २०७०।१०।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी विजय मेहतालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(५) नं. बमोजिमको कसुरमा सोही महलको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र पीडितलाई सामूहिक रूपमा जबरजस्ती गरेतर्फ ऐ. महलको ३क. नं. बमोजिम थप ५ (पाँच) वर्ष कैद र प्रतिबादी विजय मेहताबाट पीडितलाई ऐ. महलको १० नं. बमोजिम रु. ५०,०००।– (रु. पचास हजार मात्र) क्षतिपूर्तिसमेत भराइदिने ठहरी भएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०७०।२।२६ को फैसला सदर हुने ।

इजलास अधिकृत :- राजन खनाल

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल कार्तिक १७ गते रोज ५ शुभम् ।

## ४८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७७-CR-११४३, ०७७-CR-११४४, वैदेशिक रोजगार कसुर, भरत भट्टराई वि. नेपाल सरकार, नेपाल सरकार वि. भरत भट्टराई*

प्रतिवादी भरत भट्टराईले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने इजाजत नलिएको भन्ने कुरा निजले अनुसन्धान अधिकृत र वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानबाट स्वीकार गरेको देखिन्छ । जाहेरवालाहरू वसन्त थापा र निर्मल आलेलाई वैदेशिक रोजगारका लागि जापान पठाइदिन्छु भनी मिति २०७४।११।२५ मा प्रतिवादीले कागज गरी रु.८,००,०००।– लिएको र सो पेस भएको लिखत कागजमा भएको सहीछापलाई स्वीकार गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीले आमाको उपचारमा रकम आवश्यक परी रकम लेनदेन गरिदिएको हो भनी बयानमा लेखाए तापनि सोको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गराउन सकेको पाइँदैन । पेस भएको लिखतलाई अन्यथा हो भनी प्रतिवादीले जिकिर लिएको अवस्थामा सो कुरा प्रमाणित गर्ने भार निज जिकिर लिने प्रतिवादीको हुन जाने हुन्छ । केवल दाबी लिएकै भरमा निजको कथनलाई आधार मान्न नमिल्ने ।

प्रतिवादी भरत भट्टराईले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको प्रमाणित हुन आएको देखिँदा निजलाई ऐ.ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र एक लाख पचास हजार रूपियाँ जरिवाना हुने तथा जाहेरवालाको बिगो रु.६,००,०००।– र सोको ५०% क्षतिपूर्तिसमेत प्रतिवादीबाट जाहेरवालाले भराइलिन पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको क्षतिपूर्ति शुल्क भराउन नपर्ने गरी मिति २०७७।०७।२१ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल फागुन १८ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७७-CR-११३९, ०७७-CR-११४२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. भरत भट्टराई, भरत भट्टराई वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**४९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-MS-००११, अदालतको अवहेलना, गंगादेवी भट्टराई वि. रुपन्देही जिल्ला, फर्साटिकर गा.वि.स. को कार्यालय हाल परिवर्तित सुद्धोधन गाउँपालिकाको कार्यालय, रुपन्देहीसमेत*

नेपालको संविधानको धारा १२८ को उपधारा (४) ले सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था गरेको छ । न्याय प्रशासन ऐन, २०७३ को दफा १७ ले समेत उल्लिखित संवैधानिक व्यवस्थालाई पुनः उद्धरण गरेको पाइन्छ । सोही दफा १७ को उपदफा (१) मा, "सर्वोच्च अदालतले आफ्नो र उच्च अदालत वा जिल्ला अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने छ" भन्ने प्रावधान रहेको पाइन्छ । उल्लिखित कानूनी प्रावधानले मुख्यतः अदालतको न्याय सम्पादनको कार्यमा अवरोध गर्ने वा अदालतको आदेश, फैसलाको अवज्ञा गर्ने कार्यलाई अदालतको अवहेलनाको विषयवस्तु निर्धारण गरेको पाइन्छ । यसरी, बदनियतपूर्वक अदालतको प्रतिष्ठा गिराउने प्रत्यक्ष वा परोक्ष कार्य भएमा त्यस कार्य अदालतको अवहेलनाको दायराभित्र पर्ने हुन्छ। अदालतको निर्णय वा आदेशको जानाजान अवज्ञा (Willfull Disobidence) गर्ने कार्य अदालतको अवहेलना हुन आउँछ । अर्थात् दूषित मनसायका साथ जनताको नजरमा न्यायपालिकाको प्रतिष्ठा गिराउने गरी अदालतको आदेशको अवज्ञा गर्ने कार्य अदालतको अवहेलनाको विषय बन्ने देखिने।

प्रस्तुत निवेदनमा विपक्षीबाट पेस भएका लिखित जवाफबाट निवेदकको दाबीको उक्त घर जग्गाको केही भाग लुम्बिनी परिक्रम-बर्दघाट-पालडाँड-त्रिवेणी सडक आयोजनामा परेको र सडक आयोजनाको मापदण्डमा पर्ने घरजग्गा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले स्थानीय पत्रिकामा मिति २०७३।०३।२८ मा सूचना प्रकाशित गरेको, घर जग्गा धनीलाई मुआब्जा बुझ्ने, बुझाउने कार्य सम्पन्न भएको भन्ने देखिन्छ । तत्पश्चात् उक्त आयोजनाले नै आफ्नो ठेकेदारमार्फत आयोजनामा परेका घर जग्गा भत्काउने, हटाउने कार्य गरेको भन्ने देखिन्छ । सबै विपक्षीहरूबाट निजहरूले अदालतको आदेशको कुनै अवज्ञा नगरेको तथा अदालतको अवहेलना नगरेको भनी लिखित जवाफ पेस गरेको देखिने।

निवेदक गंगादेवी भट्टराईले दाबी गरेको कि.नं. ५९०, ५९३, ९१७ को जग्गामा निजको हक नै कायम नरहेको देखिएको छ । अर्कोतर्फ, विपक्षीहरूले अदालतको आदेशको अवज्ञा नगरेको भनी लिखित जवाफ पेस गरेका छन् भने निवेदकले विपक्षीबाट अदालतको आदेशको अवज्ञा भएको स्पष्ट खुल्ने गरी कुनै पनि विस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । समग्र मिसिलसंलग्न कागजातबाट बरू निवेदकको दाबीको सडक क्षेत्रमा पर्ने घर जग्गामा सडक आयोजनाले कानूनबमोजिम मुआब्जा प्रदान गरी भत्काउने तथा हटाउने कार्य गरेको भनी खुल्न आएको देखिन्छ । यस तथ्यलाई निवेदकले अन्यथा भन्न सकेको पनि देखिँदैन । प्रस्तुत निवेदनमा उक्त सडक आयोजनालाई यी निवेदकले विपक्षी बनाउन सकेको पनि छैन । यसप्रकार, प्रस्तुत निवेदनमा निवेदकले दाबी गरेजस्तो विपक्षीहरूबाट अदालतको अवहेलनाजन्य कार्य भएको अवस्थाको विद्यमानता नदेखिने।

यस अदालतबाट मिति २०७३।१०।२० मा भएको आदेश तथा च.नं. ३१५४ मिति २०७३।१०।२१ मा भएको पत्राचारको अवज्ञा गरी अदालतको अवहेलनाजन्य कार्य गरेको पुष्टि हुन सकेको नदेखिँदा, विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने प्रस्तुत निवेदन दाबी

पुग्न नसक्ने।
इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल आश्विन ७ गते रोज ६ शुभम्।

**५०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CI-००८०, अंशसमेत, पूर्णबहादुर कामी वि. भिमबहादुर कामीसमेत*

प्रतिवादी भिमबहादुर कामीको सुरू मिसिल संलग्न प्रतिउत्तर हेर्दा हामी दाजुभाइबिचमा २०२२ साल भदौ महिनामा घरसारमा चल अचल सम्पत्ति बन्डा गरी छुट्टी भिन्न भएको र नापी हुँदाका बखत आ-आफ्ना नाममा भएका अंश भागका जग्गाहरू नापी भई आ-आफ्नो नाममा प्रमाण पुर्जा पनि प्राप्त गरेको भनी लेखाइदिएको पाइन्छ। मिसिल संलग्न जग्गा दर्ता प्रमाण पुर्जी हेर्दा प्रतिवादी तुलाबहादुरका नाममा रहेको कि.नं. ४२० मा ०-९-३-०, कि.नं. ४२२ मा ०-३-०-२ र कि.नं. ४३३ मा १-३-०-० जग्गाको क्षेत्रफल रहेको र सो कि.नं. ४३३ को जग्गा घरबारी भएको भन्ने देखिन्छ । पुनरावेदक वादी पूर्णबहादुर नाममा दर्ता रहेका कि.नं. ४२५ मा १-६-१-१, कि.नं. ४३२ मा ०-५-०-३ र कि.नं. ४३४ मा ०-९-०-२ को जग्गाको क्षेत्रफल रहेको देखिन्छ । त्यसै गरी अर्का प्रतिवादी भिमबहादुर नाममा साबिक कि.नं. ४२८ मा ४-३-२-३ क्षेत्रफलमध्ये १-०-०-० क्षेत्रफलको जग्गा बिक्री गरी बाँकी जग्गाको कायम भएको कि.नं. १४५६ को ३-२-२-३ क्षेत्रफलमध्ये ३-०-०-० क्षेत्रफलको जग्गा बिक्री गरी हाल ०-२-२-३ जग्गा मात्र बाँकी रहेको देखिन्छ। वादी प्रतिवादीहरूले आ-आफ्नो नाममा दर्ता रहेका जग्गाहरू आ-आफूले भोग गरेको देखिन्छ । यसका साथै प्रतिवादीमध्येका भिमबहादुर कामीले आफ्नो नाम दर्ता रहेका तथा निजको भोग जग्गाहरूमध्ये केही जग्गा बिक्री गरी व्यवहार गरेको पनि देखिने।

छुट्टाछुट्टै भोग बिक्री गरेको भन्ने कुरालाई प्रस्तुत विवादका अंशीमध्येका एक अंशी भिमबहादुरले आफ्ना नाममा दर्ता भएको जग्गामध्ये केही जग्गाहरू बिक्री गरी व्यवहार गरेको अवस्थाबाट पुष्टि भइरहेको पाइन्छ । सो बिक्री व्यवहारउपर चुनौती रहेको देखिँदैन। नापी भएकै समयमा वादी र प्रतिवादीहरूको नाउँमा अलग अलग जग्गा दर्ता भएको देखियो। साथै क्षेत्रफलको हिसाबले पनि करिब करिब समान रूपमा रहेकै पाइन्छ। हाल वादी र प्रतिवादीहरूको नाउँमा दर्ता रहेको बाँकी क्षेत्रफल जग्गामध्ये वादीको नाउँमा नै केही बढी जग्गा रहेको भन्ने पनि खुल्न आएको छ। वस्तुतः नापीकै समयदेखि आ-आफूले व्यवहार प्रमाणबाट अंशबापत छुटयाएको भोग गरिरहेको सम्पत्ति अंशियारहरूले छुट्टाछुट्टै नापी गराई दर्ता गरी बिक्री व्यवहार गरिरहेकै हुँदा यस्तो अवस्थामा पुनरावेदक वादी र प्रत्यर्थी प्रतिवादीहरू एकासगोलमै रहेका छन् भनी मान्न सकिने अवस्था देखिँदैन। वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७३।४।१० को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : भेषराज भट्टराई
इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम्।

**५१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CR-०४२६, ०७२-CR-०८३२, लागु औषध खैरो हेरोइन, रवि कपाली, वि. नेपाल सरकार, नेपाल सरकार वि. दिपककुमारसमेत*

बरामद भएको लागु औषध प्रतिवादीहरूले भारतदेखि काठमाडौंसम्म ओसारपसार गरेको, बरामद लागु औषधको परिमाणसमेत उच्च देखिएको, निजहरू तीनै जनाबाट बरामद भएको वस्तु लागु औषध खैरो हेरोइन भएको परीक्षण प्रतिवेदनबाट पुष्टि भएको, बरामदी बेहोरालाई समर्थन हुने गरी बरामदी मुचुल्काका

रामचन्द्र थापा, निर्मल नेपाल, प्रतिवेदक साक्षी मान सिंह ऐरीसमेतले अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ । बरामद मोटरसाइकल र मोबाइलहरू उक्त लागु औषधको कारोबार र ओसारपसार गर्नमा प्रयोग भएको र बरामद रु. २०,०००।– (बिस हजार) नगदसमेत सो कारोबारबाट आर्जित रकम रहेको देखिँदा प्रतिवादीहरूले कसुर गरेको देखिने।

प्रतिवादीहरू दिपककुमारबाट १०० ग्राम, आरमन आलमबाट १०० ग्राम र रविन भन्ने रवि कपालीबाट ५० ग्राम गरी बरामद भएको २५० ग्राम लागु औषध खैरो हेरोइनलाई एकमुष्ठ रूपमा लागु औषधको खरिद बिक्री, निकासी पैठारी, सञ्चय, ओसारपसारसमेतको कार्य गरेको मानी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) (ङ) र (च) बमोजिमको कसुरमा ऐ. को दफा १४ (१)(छ)(३) बमोजिम सजाय हुन अभियोगपत्र मागदाबी लिएको देखिन्छ । लागु औषधसम्बन्धी प्रचलित कानूनी व्यवस्था हेर्दा, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) (ङ) र (च) मा कसुरलाई परिभाषित गरी ऐ. को दफा १४ (१)(छ)(३) मा एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाख रूपियाँदेखि पच्चिस लाख रूपियाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिने।

प्रतिवादीहरूले गरेको कसुर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(३) बमोजिमको कसुर गरेका हुन् वा ऐ.ऐ.को दफा १४ (१)(छ) (२) बमोजिमको कार्य हो भन्ने सम्बन्धमा हेर्दा, दिपककुमारबाट १०० ग्राम, आरमन आलमबाट १०० ग्राम र रविन भन्ने रवि कपालीबाट ५० ग्राम लागु औषध खैरो हेरोइन छुट्टा-छुट्टै रूपमा बरामद भएको पाइन्छ । यी ३ जना प्रतिवादीहरू बल्खुमा एकै स्थानबाट लागु औषधसहित पक्राउ परेका छन् । भारतबाट ल्याई वीरगन्ज हुँदै काठमाडौं पुऱ्याउने भन्ने खुल्न आएको छ । काठमाडौमा प्रतिवादी रविन कपालीले अन्य दुर्व्यसनीहरूलाई बिक्री गर्ने गरेको भन्ने तथ्य लागु औषध र नगदसमेत बरामद भएको वस्तुगत प्रमाणहरूले पुष्टि गरेको पाइन्छ । एकैसाथ बरामद भए पनि अलग अलग प्रतिवादीले छुट्टाछुट्टै तरिकाबाट काठमाडौंमा ल्याएका छन् । एक जनाबाट १०० ग्रामभन्दा बढी बरामद भएको पनि नदेखिएको अवस्थामा अभियोग दाबीको कसुर कायम हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर मिसिल संलग्न प्रमाणबाट मनासिब नदेखिने।

प्रतिवादीहरू दिपककुमार, रविन भन्ने रवि कपालीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ)(२) बमोजिम जनही १५ (पन्ध्र) वर्ष कैद र रु.२,००,०००।- (दुई लाख रूपियाँ) जरिवाना हुने, प्रतिवादी आरमन आलमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ)(२) बमोजिम माथि उल्लिखित प्रतिवादीहरूलाई भएको सजायको आधा सजाय ७ (सात) वर्ष ६ (छ) महिना कैद र रु.१,००,०००।- (एक लाख रूपियाँ) सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।३।२५ मा भएको फैसलालाई सदर हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।०९।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - लिलाधर सुवेदी

इति संवत् २०७९ साल साउन २० गते रोज ६ शुभम्।

## इजलास नं. २

### ५२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७०-RB-००२१, आयकर, सुरेश प्रधान वि. प्राइम इन्टरनसनल प्रा.लि. त्रिपुरेश्वर, काठमाडौं*

Bad Debt शीर्षकमा खर्च कट्टी दिने गरी राजस्व न्यायाधिकरणबाट फैसला भएको देखियो। आयकर ऐन, २०५८ को दफा २५ समेतमा

रहेको प्रावधान अनुसार डुबेको ऋण भनी खर्च कट्टिपाउनका लागि सबै उपर्युक्त उपायहरू अपनाई असुलउपर हुन नसक्ने भएको भन्ने कुरामा विश्वस्त भएमा मात्र कट्टी पाउन सक्ने देखिन्छ। करदाताले दाबी गरेको Bad Debts बापतको रु. ३०,१७,२५१।- असुलउपर गर्न पर्याप्त कानूनबमोजिमका उपायहरू अपनाएको तथ्य प्रमाणित हुन आएको देखिँदैन। पत्राचार गरेको, ताकेता गरेको भन्नेजस्ता सामान्य प्राविधिक कारण उल्लेख गरेर यस प्रकारको रकमलाई आयमा समावेश नगर्ने भन्न मिल्दैन । डुबेको ऋण अपलेखन गरेको वस्तुगत र मनासिब कारण र आधारको अभावमा खर्च कट्टी दिन नमिल्ने भएबाट यस शीर्षकमा खर्च कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण देखिएकाले सो सम्बन्धमा सुरू कर कार्यालयको निर्णय नै सदर हुने।

अन्तिम मौज्दातको मूल्याङ्कन (Stock Valuation) गर्दा घटी मूल्याङ्कन कायम गरिएको भनी रु. १,५२,३५०।– लाई खर्च कट्टी पाउने वा नपाउने भन्ने सम्बन्धमा हेर्दा खरिद मूल्यभन्दा अन्तिम मौज्दात मूल्य घटी देखाएको तथ्यमा विवाद देखिँदैन। आयकर ऐन, २०५८ को १५ बमोजिम यस प्रकारको मूल्याङ्कनलाई मान्यता दिन मिल्ने कुनै मनासिब आधार र कारण देखिँदैन । यस शीर्षकमा सुरू कर कार्यालयले गरेको संशोधित कर निर्धारण आदेश कानूनअनुकूलकै देखियो। अन्तिम मौज्दातको मूल्याङ्कन घटी देखाएको सम्बन्धमा सुरू कर कार्यालयको निर्णय मनासिब हुँदा सो सम्बन्धमा अन्यथा ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी हुने।

ब्याज खर्चतर्फ करदाताले खर्च दाबी गरेको औसत ब्याजदर ५.८२ प्रतिशतले अग्रिम भुक्तानी रु. ५०,२९,६६९।- को हुने ब्याज रु.२,९२,७२७।- खर्च कट्टी नहुने भनी सुरू कार्यालयले निर्णय गरेको देखिन्छ। संशोधित सम्झौता पत्रलाई सुरू कार्यालयले अन्यथा भनी भन्न सकेको देखिँदैन। करदाताले पेस गरेको लिखतलाई अन्यथा प्रमाणित नगरी पेस्कीको रूपमा अग्रिम भुक्तानी गरेको रकमको औसत ब्याजदर निकाली ब्याज हिसाब गरिआएको रकमलाई ब्याज खर्च नपाउने भनी खर्च कट्टी गर्न नदिएको सुरू कार्यालयको निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला मनासिब ठहर्ने।

टेलिफोन खर्चतर्फ गत वर्षको टेलिफोन खर्चबापतको रु. ३१,९३८।– बिल ढिलो प्राप्त भएको कारण जनाई खर्च दाबी गरिएको पाइयो । असार महिनाको टेलिफोन बिल साउन/भाद्र महिनामा मात्र प्राप्त भएको हुनु स्वाभाविक देखिन्छ । कारोबारको अनुपातमा उक्त रकम अस्वाभाविक पनि देखिँदैन । तसर्थ उल्लिखित रकमलाई खर्च कट्टी गर्न नपाउने भनी गरिएको सुरू कार्यालयको निर्णय त्रुटिपूर्ण हुँदा सो सम्बन्धमा राजस्व न्यायाधिकरणको फैसला सदर हुने।

लोड अनलोड खर्च सम्बन्धमा हेर्दा करदाता प्रा.लि.ले गरेको सम्झौताबमोजिम load unload खर्च उद्योगले नै बेहोर्ने देखिन्छ । सोबापत रु. ५,०७,८१२।- खर्च दाबी गरेको पाइयो। सम्झौतालाई अन्यथा भनिएको अवस्था देखिँदैन। सम्झौताबमोजिम नै बेहोरेको लोड अनलोड खर्चबापत खर्च कट्टी करदाताले नै पाउने देखिँदा सुरू निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला मनासिब भएकाले सदर हुने।

Business promotion खर्च शीर्षकको रकम डिस्ट्रिब्युटर्स तथा सब डिस्ट्रिब्युटर्सहरूलाई दिइएको कमिसनको रकम देखिन्छ। Credit Note को आधारमा सोधभर्ना भएको रकम देखिएकाले आयकर ऐनको दफा ८८ बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिँदैन। तसर्थ अग्रिम कर कट्टी गर्नुपर्ने भनी गरेको सुरू कार्यालयको निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला उचित नै भएकाले सदर हुने।

राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको मिति २०६७/०५/०१ को फैसला सो हदसम्म उल्टी

भई सुरू कर कार्यालयको निर्णय सदर हुन्छ। सोबाहेक अन्य कुराहरूका हकमा राजस्व न्यायाधिकरणको फैसला सदर हुने।

इजलास अधिकृत :- विनोदप्रसाद घिमिरे / हरिप्रसाद आचार्य

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७८ साल चैत्र २१ गते रोज २ शुभम्।

- यसै लगाउको ०७०-RB-००१४, आयकर, सुरेश प्रधान वि. प्राइम इन्टरनेसनल प्रा. लि. त्रिपुरेश्वर, काठमाडौं भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ५३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, *०७२-CR-२०५१, ०७७-RC-००१४, कर्तव्य ज्यान र डाँका, लछुमन गिरी वि. नेपाल सरकार, नेपाल सरकार वि. अमृत बहादुर राईसमेत*

अभियोजन पक्षले मूल प्रमाणको रूपमा प्रतिवादीहरूले प्रहरी अनुसन्धानका क्रममा गरेको साबिती बयानलाई अगाडि सारेको देखिन्छ । प्रहरीसमक्ष भएको बयान बेहोरालाई पूर्णत: अस्वीकार गरी प्रतिवादीहरूले अदालतसमक्ष बयान गरेको पाइयो। कथित साबिती बयान प्रहरीले कुटपिट गरी, डरत्रास देखाई, पहिले नै लेखेर तयार गरेको कागजको बेहोरामा सहीछाप गराएको भन्ने प्रतिवादीहरूको जिकिर रहेको छ । प्रहरीसमक्ष गराइएको बयान कागजको स्वरूप हेर्दा प्रतिवादीहरू प्रमिला राई, रमिला राई, बिमाजोर राई, रिन्जीबहादुर राई, अमृतबहादुर राई, निर्मला राई, लछुमन गिरीसमेतका सात जना प्रतिवादीहरूको कुल ४२ पृष्ठ लामो आकारको बयान उही एउटै व्यक्तिको हस्ताक्षरबाट सबैको एकैदिन अर्थात् मिति २०६८/७/१८ गते तयार भएको देखिन्छ । बयान बेहोरा, लेखन शैली, घटना विवरण उल्लेखन आदि समग्र कुराहरू लगभग उस्तै-उस्तै देखिन्छन् । यसरी एकै व्यक्तिले एकै दिन सात जना प्रतिवादीको बयान गराएको देखिएबाट उक्त कार्य स्वाभाविक तवरबाट तयार गरिएको नभएर पहिले नै एउटा कथावस्तु बनाई सोही अनुसार सबै जना प्रतिवादीहरूको बयान बेहोरा तयार गरी सहीछाप गराएको रहेछ भनी मान्न सकिन्छ । प्रहरीसमक्षको कथित साबिती बयानको बेहोरा हेर्दा पनि घटना विवरण विश्वसनीय र तार्किक रूपमा उल्लेख गरिएको देखिँदैन। घरमा एक्लै सुतेकी वृद्ध महिलाको हत्या गर्न सात जना व्यक्तिहरू हुल-हुज्जत बाँधेर रातको समयमा निजको घरमा जाने र सुतेको अवस्थाकी मानिसको कसैले खुट्टा समाउने, कसैले हात समाउने, कसैले खुकुरीले र कसैले बन्चरोले हान्ने र कसैले घाँटीमा डोरीले कसेको भन्ने कुरा पनि स्वाभाविक देखिँदैन । प्रहरीसमक्ष प्रतिवादीहरूले गरेको बयान हेर्दा यसलाई स्वच्छ न्यायको मान्यता अनुसार गरिएको काम कारबाही भनी मान्न मिल्ने अवस्था देखिएन । बनावटी वा कृत्रिम रूपमा प्रमाण खडा गरेको भरमा ज्यानजस्तो गम्भीर कसुर ठहर गरी कसैलाई पनि सजाय गर्नु न्यायोचित नहुने।

प्रहरीसमक्षको साबिती बयान आफैँमा विश्वसनीय र भरपर्दो प्रमाण मानिदैन। प्रहरीसमक्षको साबिती बयान प्रमाणमा स्वीकार्य हुनका लागि सो बयान स्वाभाविक तवरको र अन्य प्रमाणबाट समर्थित (Corroborate) भएको हुनुपर्दछ । प्रस्तुत मुद्दाका सन्दर्भमा प्रहरीसमक्ष भएको भनिएको साबिती बयान न स्वाभाविक, तर्कसङ्गत र विश्वसनीय देखिन्छ, न त सो बयान अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित नै भएको छ । सबै प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा पूर्णत: इन्कार रही निर्दोषिताको जिकिर गरेको देखिन्छ । निजहरूको उक्त जिकिर प्रतिवादीहरूका साक्षीको बकपत्रबाट समर्थित भएको छ। शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Asphyxia due to strangulation भनिएको छ। बरामदी मुचुल्कामा घाँटीमा डोरीसमेत फेला परेको भनिए तापनि अदालतसमक्ष दसीको सामान पेस भएको देखिँदैन । मृतकले प्रतिवादीमध्येकी निर्मला राईलाई

करिब वर्षदिन पहिले चोर दोष लगाई सपनावती मन्दिरमा लगी धर्म भाकाभाक गरेको भन्ने कुरालाई शंकाको आधार बनाएर अनुसन्धानको सिलसिला अगाडि बढाइएको प्रतीत हुन्छ । पहिले धर्म भकाएकै थियो भने पनि लामो समयपछि सात जनाको समूह भई हत्या गर्न गएको सन्दर्भसँग तार्किक तादात्म्यता रहेको देखिँदैन । यस अवस्थामा केवल प्रहरीसमक्ष भएको संदिग्ध प्रकृतिको बयानका आधारमा कसुर ठहर गर्नु न्यायोचित देखिँदैन । शंकाको सुविधा अभियुक्तले पाउँदछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । सोबमोजिमको सुविधा यस मुद्दाका प्रतिवादीहरूले समेत पाउने नै देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षले शंकारहित तवरबाट कसुर प्रमाणित गर्नुपर्दछ । तर यस मुद्दामा अभियोजन पक्षले सोबमोजिमको प्रमाणको भार युक्तियुक्त रूपमा वहन गरेको नदेखिने ।

अत: लछुमन गिरीसमेतका सात जना प्रतिवादीहरूले आरोपित कसुर गरेको कुरा शंकारहित र विश्वसनीय प्रमाणबाट पुष्टि भएको नदेखिएको हुँदा निज प्रतिवादीहरूलाई कसुरदार ठहर गर्ने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०७०/७/६ को फैसला उल्टी भई प्रतिवादीहरू लछुमन गिरी, अमृतबहादुर राई, विमोजोर राई, रिन्जीबहादुर राई, निर्मला राई, प्रमिला राई र रमिला राईसमेत सबै प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख ३ गते रोज १ शुभम् ।

५४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७०-CI-०४७०, जग्गा खिचोला चलन, रामशरण राय यादव वि. विद्यालाल राउत अहिर*

वादी दाबीको कि.नं. २०७९ को क्षेत्रफल बिगाहा ०-१-५ जग्गा वादीको र सो जग्गादेखि दक्षिणतर्फ रहेको कि.नं. ९२५ को जग्गा प्रतिवादीमध्येका पुनरावेदक रामशरण राय यादवको रहेकोमा विवाद देखिँदैन । वादीले आफ्नो नामदर्ताको कि.नं. २०७९ को जग्गाको दक्षिणतर्फबाट क्षेत्रफल बिगाहा ०-०-५ जग्गा र सोमा रहेको ६ हात मोटो झरकटको रूख पुनरावेदक प्रतिवादी रामशरण राय यादवले खिचोला गरेको भनी दाबी लिएको देखिन्छ । वादीको उक्त दाबी पुनरावेदक प्रतिवादीले स्वीकार नगरी प्रतिउत्तर र पुनरावेदन गरे पनि यस अदालतको आदेशानुसार बारा जिल्ला अदालतमार्फत मिति २०७५/९/२७ मा भई आएको नापनक्सा मुचुल्काको न.नं. १ को क्षेत्रफल बिगाहा ०-०-७-६ जग्गा पुनरावेदक प्रतिवादीको भोगमा रहेको भन्ने देखिन्छ । प्रत्यर्थी वादीको स्वामित्वको कि.नं. २०७९ को जग्गाको दक्षिणतर्फको भाग तथा पुनरावेदक प्रतिवादी रामशरण राय यादवको स्वामित्वको कि.नं. ९२५ को जग्गाको उत्तरतर्फको सिमानासँग जोडिएको जग्गा हो भन्ने देखिन्छ । पुनरावेदक प्रतिवादीसमेतको रोहबरमा भएको उक्त नापनक्सा मुचुल्काबाट उक्त न.नं.१ को क्षेत्रफल बिगाहा ०-०-७-६ जग्गा पुनरावेदक प्रतिवादी रामशरण राय यादवको भोगमा रहेको देखिन आएबाट वादीदाबीबमोजिम वादीको कि.नं. २०७९ को जग्गाको दक्षिणतर्फबाट प्रतिवादीले खिचोला गरेको देखिने ।

यस अदालतको आदेशानुसार भइआएको मिति २०७५/९/२७ को नापनक्सा मुचुल्काको न.नं. २ (कि.नं. ९२५) को जग्गामा विवाद नजनाएको र जग्गाको आकृति प्रकृतिबाट पनि सो जग्गा सर्भे नापीको नक्साअनुकूल नै रहेको देखियो । कि.नं. २०७९ को जग्गामध्ये न.नं. १ को ०-०-७-६ जग्गा हाल पुनरावेदक प्रतिवादी रामशरण राय यादवको भोगमा रहेको देखियो । सो जग्गा वादीको हो भन्ने तथ्य मिसिल प्रमाणबाट देखिएको हुँदा सो न.नं. १ को ०-०-७-६ जग्गा वादी विद्यालाल राउत अहिरको हकको देखिएकाले सो हदसम्म पुनरावेदक प्रतिवादीले गरेको खिचोला मेटाई प्रत्यर्थी वादीलाई चलन

चलाइदिने ठहर्छ । प्रतिवादीमध्येका रामऔतार दास तत्माले खिचोला गरेको भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू फैसलाउपर वादी पक्षले पुनरावेदन नै नगरेको हुँदा न.नं. ११ र १२ मा जनाइएको कि.नं. २०७९ मध्येको जग्गाका सम्बन्धमा अन्यथा विचार गरिरहन नपर्ने ।

यस अदालतको आदेशानुसार मिति २०७५/९/२७ मा भएको विवादित जग्गाको नाप नक्सा मुचुल्का अनुसार वादीको कि.नं. २०७९ को जग्गामध्ये न.नं. १ भित्र देखिएको ०-०-७-६ जग्गासम्म पुनरावेदक प्रतिवादीले खिचोला गरेको ठहर गर्नुपर्नेमा अन्यथा ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।११।९ को फैसला केही उल्टी भई उक्त कि.नं. २०७९ को न.नं. १ को क्षेत्रफल बिगाहा ०-०-७-६ को जग्गासम्ममा पुनरावेदक प्रतिवादी रामशरण राय यादवले गरेको खिचोला मेटाई प्रत्यर्थी वादीलाई चलन चलाइदिने ।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार ३० गते रोज ५ शुभम् ।

**५५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WO-०९८९, उत्प्रेषणयुक्त परमादेश, जौमाया वि.क. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

हेटौंडा बर्दघाट २२० के.भि. विद्युत् प्रसारण लाइनको निर्माणका कारणबाट रिट निवेदकहरूको हक अधिकारमा अनुचित तवरबाट आघात पर्ने भएको हुँदा रुट परिवर्तन गरिपाउँ भनी यिनै रिट निवेदकहरूमध्येका व्यक्तिहरूले उर्जा मन्त्रालयमा मिति २०६८/८/२० मा निवेदन दिएको भन्ने कुरा रिट निवेदनको प्रकरण १(ख) मा नै उल्लेख भएको देखियो । यसरी २०६८ सालमा नै थालनी भएको विकास निर्माणको कार्य र जानकारी पाएको विषयमा करिब ९ वर्षपछि मिति २०७७/१२/२४ मा आएर मात्र रिट निवेदन गरेको पाइयो । निवेदकहरूले ढिलाई गरी अदालतमा प्रवेश गर्नुको पर्याप्त र मनासिब कारण खुलाएको देखिँदैन । विकास निर्माणको कार्यबाट प्रभावित भएका वा प्रभावित हुन पुग्ने व्यक्तिले उचित वा मनासिब समयभित्र नै न्यायिक उपचारको मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ । सरकारले ठुलो धनराशि लगानी गरी अगाडि बढाएको विकास निर्माणको कार्य सम्पन्न हुने चरणमा आएपछि मात्र लामो समयावधि व्यतीत भएपछि आयोजना प्रभावित हुने गरी न्यायिक उपचार माग गरेको कुरालाई उचित ठान्न सकिँदैन । अनुचित विलम्बको सिद्धान्त (Doctrine of Laches) का आधारमा यस प्रकारका कालतिरोहित दाबीलाई अदालतले अस्वीकार गर्नुपर्दछ । अधिकारमा आघात परेका व्यक्तिले उचित समयमा नै न्यायिक मार्ग अपनाउनु आवश्यक हुन्छ । यस दृष्टिले हेर्दा रिट निवेदकहरूको मागबमोजिम परमादेशसमेतका रिट आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

मिसिल कागजातबाट अहिले आएर प्रसारण लाइनको रुट परिवर्तन गरिएको भन्ने देखिँदैन । कानूनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको, सरोकारवालाहरूसँग राय सुझाव लिने काम भएको र परियोजनाको कार्य अगाडि बढाइएको भन्ने देखिएको छ । वि.सं. २०६३ सालदेखि सुरू भएको परियोजना निर्माणमा ठुलो धनराशि (केही अर्ब रकम) खर्च भइसकेको भन्ने तथ्य पनि प्रस्तुत हुन आएको छ । आयोजनाबाट प्रभावित हुने प्रायः अधिकांश जग्गावालाले मुआब्जा बुझेर लगिसकेको भन्नेसमेत देखिन्छ । आयोजनाबाट प्रभावित हुने अन्य व्यक्तिलाई समेत उचित क्षतिपूर्ति प्रदान गर्न प्रत्यर्थीहरू तयार रहेको पाइयो । वातावरणीय नोक्सानीलगायत अन्य कुनै कानूनबमोजिमको कारणबाट आयोजना निर्माण गर्ने कार्य हुनु नपर्ने कुनै मनासिब तथ्ययुक्त कारण खुल्न आएको देखिँदैन । यस अवस्थामा अहिले आएर आयोजनाको मार्ग परिवर्तन गर्नु भनी प्राविधिक

दृष्टिले निरूपण गर्नुपर्ने विषयमा यस अदालतबाट रिट आदेश जारी गर्नु मनासिब नहुने।

सार्वजनिक हित वा प्रयोजनका लागि राज्यले व्यक्तिको निजी सम्पत्ति/जग्गा कानूनबमोजिम प्राप्त गर्न सक्ने नै देखिन्छ। वस्तुतः सम्पत्तिको अधिकार कुनै निरपेक्ष हक पनि होइन। नेपालको संविधानको धारा २४ ले सम्पत्तिको अधिकारलाई निरपेक्ष अधिकारको रूपमा नलिई सार्वजनिक हितका लागि राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३, दफा ४ लगायतका कानूनमा सार्वजनिक कामका लागि कानूनबमोजिम मुआब्जा दिई निजी सम्पत्ति प्राप्त गर्न सकिने व्यवस्था रहेको छ। विद्युत् ऐन, नियमावलीलगायतका कानूनमा समेत विद्युत् उत्पादन, प्रसारण आदि कार्यका सन्दर्भमा मुआब्जा प्रदान गरेर व्यक्तिको निजी सम्पत्ति उपयोगमा ल्याउन सकिने प्रावधान रहेको छ। तसर्थ, सार्वजनिक प्रयोजनका विकास परियोजना सञ्चालनार्थ व्यक्तिको सम्पत्ति राज्यले उपभोग गर्न नपाउने भन्ने देखिँदैन। तर व्यक्तिको निजी सम्पत्ति सार्वजनिक प्रयोजनका लागि प्राप्त गर्दा वा उपयोग गर्दा भने कानूनद्वारा निर्धारित सर्त र प्रक्रियाहरूको अनुसरण गरिएको हुनु वाञ्छनीय हुन्छ। सार्वजनिक हितसम्बन्धी प्रयोजन देखाएर व्यक्तिको निजी सम्पत्ति राज्यले अन्यथा रूपमा उपयोग गर्ने, स्वेच्छाचारिता अपनाउने वा कानूनी सर्त वा मान्यताहरूको अनुसरण नगर्ने छुट भने कोही कसैलाई हुँदैन। यस दृष्टिले हेर्दासमेत विवादित परियोजना निर्माणको कार्यलाई अन्यथा अनुचित भनी मान्न सकिने मनासिब कारण नदेखिने।

विद्युत् प्रसारण लाइनका लागि टावर निर्माण गर्ने कार्य कानूनअनुकूल नै भए गरिएको देखिँदा रिट निवेदकहरूको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहन नपर्ने।

राज्यले व्यक्तिको निजी सम्पत्ति सार्वजनिक प्रयोजनका लागि प्राप्त गर्दा वा उपयोग गर्दा उचित/मनासिब क्षतिपूर्ति दिनु आवश्यक हुन्छ। उचित क्षतिपूर्ति प्रदान नगरी व्यक्तिको सम्पत्ति प्राप्त वा उपभोग गर्नु कानूनअनुकूल हुँदैन। नेपालको संविधान, जग्गा प्राप्ति ऐन, २०३४ तथा विद्युत्सम्बन्धी ऐन नियमहरूले पनि उचित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनहरूको समुचित रूपमा अनुशरण/पालना गर्नु अनिवार्य नै छ। त्यसैले विवादित आयोजनाको विद्युत् प्रशारण लाइन, टावर आदि निर्माण गरिएको कारणबाट असर पर्ने व्यक्तिलाई उचित क्षतिपूर्ति प्रदान गर्नु अनिवार्य भएकाले रिट निवेदकहरूलाई पुग्न गएको वा पुग्न जाने क्षतिको यथाशक्य चाँडो विवेकपूर्ण तवरबाट मूल्याङ्कन गरी तथा कानूनबमोजिम छिटो छरितो रूपमा क्षतिपूर्ति निर्धारण गरी वास्तविक रूपमा प्रभावित निवेदकहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनु भनी प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणसमेतका प्रत्यर्थीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत :- रूद्रप्रसाद अर्याल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असार १२ गते रोज १ शुभम्।

**५६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-०२७०, बन्दीप्रत्यक्षीकरण, रेनुका पोखरेल, काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत*

रिट निवेदक सुवास भेटवालउपर आपराधिक लाभको कसुरमा जाहेरी परेको र अनुसन्धानका लागि अदालतको अनुमति लिई प्रहरीले पक्राउ गरी थुनामा राखिएको देखियो। यसबिच रिट निवेदकको तर्फबाट समेत प्रत्यर्थी राजकुमार बरालउपर जिल्ला अदालतमा चेक अनादर र जालसाजी मुद्दाको फिरादपत्र दायर गरेको देखिन्छ। आपराधिक लाभसम्बन्धी कसुर सरकारवादी हुने फौजदारी कसुर हो। आरोपित पक्षले कुनै जालसाजी वा चेक अनादरजस्ता विषयलाई लिएर व्यक्तिवादी भई कुनै अदालतमा मुद्दा दायर गरेकै

कारणबाट आपराधिक लाभसम्बन्धी कसुरको विषयमा कानूनबमोजिम अनुसन्धान छानबिन गर्न बाधा पर्ने देखिँदैन । त्यसैले अदालतमा विचाराधीन मुद्दाको विषयमा असरपर्ने गरी प्रत्यर्थीहरूले काम कारबाही गरेको भन्ने अर्थमा प्रस्तुत विवादलाई हेर्न नमिल्ने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ बमोजिम प्रहरीले "कुनै कसुर भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्ने र दफा ९ बमोजिम कसुरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसुर गर्दागर्दैको अवस्थामा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्ने देखिन्छ । सरकारवादी हुने फौजदारी कसुरमा पक्राउ गर्नुपूर्व सम्बन्धित अदालतबाट अनुमति लिनुपर्ने कानूनी प्रावधानबमोजिम रिट निवेदक सुवास भेटवाललाई आपराधिक लाभ मुद्दाको कसुरमा महानगरीय प्रहरी परिसर टेकु काठमाडौंको च.नं. ८४७५ मिति २०७९/१/११ गतेको पत्रानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(३) बमोजिम अनुसन्धानको लागि पकाउ गर्न अदालतबाट अनुमति प्रदान भएकोसमेत पाइयो । पक्राउपश्चात् मुद्दा हेर्न सक्षम अदालतमा उपस्थित गराई अनुसन्धानका लागि थुनामा राख्न अनुमति (म्याद थप) लिएकोसमेत देखिन्छ । निवेदकलाई थुनामा राखिएको सन्दर्भमा कुनै कानूनी वा प्रक्रियागत त्रुटि रहेको भन्ने पनि देखिँदैन । यसका अतिरिक्त कानून प्रतिकूल कुनै गम्भीर अन्यायको अवस्थासमेत खुल्न आएको पाइएन । यस अवस्थामा कानूनबमोजिम सरकारवादी हुने फौजदारी कसुरको मुद्दामा अनुसन्धान गर्न प्रहरीले निवेदकलाई थुनामा राखेको कार्यलाई गैरकानूनी थुना भन्न नमिल्ने ।

निवेदक सुवास भेटवाललाई सरकारवादी हुने फौजदारी कसुरको अभियोगमा अनुसन्धान छानबिनका लागि सम्बन्धित अदालतको अनुमतिले थुनामा राखेको देखिएको, कानूनबमोजिमको प्रक्रिया पुऱ्याई थुनामा राखिएको र थुना गैरकानूनी रहेको भन्ने कुनै तार्किक आधार रहेको नदेखिएको हुँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिलेन । अन्यथा पर्याप्त र मनासिब आधार तथा कारणको विद्यमानता रहेको नदेखिएसम्म नियमित फौजदारी न्याय प्रक्रियाका सन्दर्भमा मुद्दामा अनुसन्धानको सिलसिलामा राखिएको थुनाको विषयमा रिट क्षेत्राधिकारबाट हेर्नु पनि मनासिब देखिँदैन । तसर्थ, निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - हरिप्रसाद आचार्य

कम्प्युटर :- विजय खड्का

इति संवत् २०७९ साल श्रावण १० गते रोज ३ शुभम् ।

## इजलास नं. ९

### ५७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-०३००, फैसला बदर, मदनप्रसाद पंडित कुम्हार वि. रामपतीदेवी तेलीनसमेत*

भूमिसुधार कार्यालय बाराले मिति २०५४।४।१३ मा फैसला गर्दा वादी बदन पंडितका बाबु देवी पंडित भन्ने देविर पंडित स्वयम्ले ती जग्गामा भाइ दिपलालको जोत रहेको भनी गरेको कागजलाई आधार लिइएको देखियो । वादी बदन पंडितका बाबु देवी पंडित भन्ने देविर पंडितले ती जग्गामा भाइ दिपलालको जोत रहेको बेहोरा उल्लेख गरेको, लगतवाला मोही दिपलाल पंडितको मृत्युपश्चात् मरुवा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालयबाट फैसला भई सो फैसला अन्तिम भएको दशौँ वर्षपछि मोही लगत नभएको तर केवल मोही प्रमाणपत्रमा देवी पंडित भनी नाम मात्र उल्लेख भएको आधारमा वादीका बाबु देवी पंडित भन्ने देविर पंडितको नाममा पुन: मोही लगत कायम गरी निज देवी पंडित भन्ने देविर पंडितको मृत्युपछि वादी बदन पंडितका नाममा मोही नामसारी

गर्नु भनी आदेश गर्न मिल्ने अवस्था देखिएन । दाबीका कि.नं. ४१, ४३ र ४६ का जग्गामा देवीलाल पंडितको नाममा मोही लगत रहेको र निजको मृत्युपछि मरुवा मोहीको लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, बाराबाट भएको मिति २०५४।४।१३ को निर्णय बदर हुनसक्ने सम्मको कारण प्रमाण नभएकोले वादी दाबी नपुग्ने ठहऱ्याई भूमिसुधार कार्यालय, बाराबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।८।१६ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

मिति २०५४।४।१३ मा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालय, बाराबाट भएको निर्णय कानूनसङ्गत नै भएकोले बदर गर्न मिलेन भनी सुरू भूमिसुधार कार्यालय, बाराबाट मिति २०६९।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।८।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : शंकर गुरुङ

इति संवत् २०७९ साल भदौ ९ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएको छ :

- ०७२-CI-०२९८, मोही नामसारी, मदनप्रसाद पंडित कुम्हार वि. रामपतीदेवी तेलीनसमेत
- ०७२-CI-०२९९, मोही नामसारी, मदनप्रसाद पंडित कुम्हार वि. विजयप्रसाद साह तेलीसमेत

## इजलास नं. १५

### ५८

**मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०७९-RC-००१०, कर्तव्य ज्यान, नेपाल सरकार वि. चाँद खानसमेत*

मृतक छोरा सावुद्दिन अन्सारीलाई घरभित्रै ल्यापटप खेलाइरहेको अवस्थामा विनाकारण प्रतिवादीहरू वकिल अन्सारी र चाँद खानले घाँटी थिची कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भनी मृतकका बुवा समीम अन्सारीले इलाका प्रहरी कार्यालय तुलसीपुर, दाङसमक्ष दिएको किटनी जाहेरीपश्चात् प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । मिसिल संलग्न रहेको घटनास्थल लास जाँच मुचुल्कालाई हेर्दा घाँटीमा नङ तथा हातका औँलाको डामजस्तो देखिने निलडामहरू रहेको र छातीमा कोतरेकोजस्तो देखिने भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Strangulation asphyxia भनी उल्लेख भएको पाइन्छ । साइन सिरक स्टोर पसलमा खडा गरिएको घटनास्थल प्रकृति मुचुल्का हेर्दा वारदातस्थलनजिकै घाँटी थिच्न प्रयोग गरिएको कफी रङ्गको सल भेटिएको भन्ने देखिन्छ । यस्तै प्रतिवादीहरू चाँद खान र वकिल अन्सारीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा वारदातस्थलमा फेला परेको कफी रङ्गको दोपट्टा मृतकलाई कर्तव्य गरी मार्न प्रयोग गरेको हो देखी, चिनी, सनाखत गरिदिएँ भनी कसुरमा साबित भई बरामद भएको दोपट्टालाई पनि सनाखत गरिदिएको पाइन्छ । निज प्रतिवादीहरू अदालतमा बयान गर्दा पनि कसुरमा साबित रही बयान गरेको देखिन्छ । यी उल्लिखित शव परीक्षण प्रतिवेदन, लास जाँच प्रकृति मुचुल्का, घटनास्थल मुचुल्का तथा प्रतिवादीहरूले अनुसन्धान अधिकृतसमक्ष र अदालतमा गरेको बयानबाट मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित भएको देखिने।

मृतकको मृत्यु यी प्रतिवादीहरू चाँद खान र वकिल अन्सारीको कर्तव्यबाट भएको हो वा होइन भन्ने सन्दर्भमा विचार गर्दा घटनाविवरण कागज गर्ने व्यक्तिहरूमध्ये बिरजेश कुमारले कागज गर्दा प्रतिवादी वकिल अन्सारी र चाँद खानले मृतक सावुद्दिन अन्सारीको नाक, मुख र घाँटी च्यापेको थियो, मृतक

भुइँमा पल्टिरहेको थियो, मैले के गरेको भनी सोध्दा प्रतिवादी वकिल अन्सारीले मलाई समातेर मृतकलाई मारिसकेँ, तँ बाहिर गए तँलाई पनि मारिदिन्छु भनी मलाई बाहिर जान दिएनन्, वकिल अन्सारीले मृतकलाई काँधमा बोकी अस्पताल लगेपछि निजको मृत्यु भएको हो भन्ने बेहोरा लेखाएको देखिन्छ । निज बिरजेश कुमारले अदालतमा उपस्थित भई बकपत्र गर्दा पनि मौकाको सोही बेहोरालाई समर्थन गर्दै आफ्नो बेहोरा लेखाएको पाइन्छ । प्रतिवादीहरू चाँद खान र वकिल अन्सारीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा मृतकलाई ल्यापटपमा गीत बजाऊ भन्दा नबजाएको र मोबाइल चार्जमा राख्नसमेत नदिई तिमीहरू मेरो पसलमा काम गर्न बसेका हौ काम गर भन्दै गाली गर्नुका साथै हानेको हुँदा मसमेत रिसको आवेगमा आई चुन्नी दोपट्टाले घाँटीमा कसी निज सावुद्दिन अन्सारीलाई हामीहरूले कर्तव्य गरी मारेका हौँ, अन्य कसैको पनि संलग्नता छैन भनी करिब एउटै मिलानको बेहोरासहित कसुर स्वीकार गरी साबिती बयान गरेको देखिन्छ। निज प्रतिवादीहरूले मौकाको बयान बेहोरालाई नै समर्थन गर्दै अदालतसमक्षको बयानमा पनि हामी दुवै मिली मृतकको नाक, मुख र घाँटी थिची कर्तव्य गरी मारेका हौँ भनी बयान गरेको देखिन्छ। यस्तै जाहेरवाला मृतकको बुवाले आफूले प्रहरीसमक्ष दिएको किटानी जाहेरीलाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा Strangulation asphyxia भनी उल्लेख भएकोबाट जाहेरवालाको किटानी जाहेरी बेहोरा र प्रतिवादीहरूको साबिती बयान बेहोरा समर्थित भइरहेको देखिएको छ । घाँटी बाँधी कस्ने काममा प्रयोग भएको कफी रङ्गको दोपट्टाको सल बरामद भएकोबाट घटना थप पुष्टि भएको छ । यसरी उल्लिखित घटनाविवरण कागज गर्ने व्यक्तिको मौकाकोलेखाई र अदालतसमक्ष भएको बकपत्र, प्रतिवादीहरू दुवै जनाले अनुसन्धान अधिकृतसमक्ष एवम् अदालतसमक्ष आफूले कसुर गरेको भनी स्वीकारेको अवस्था, जाहेरवालाको किटानी जाहेरी, उक्त जाहरीलाई मृतकको शव परीक्षण प्रतिवेदन र घाउ जाँच मुचुल्काले थप पुष्टि भइरहेको अवस्था हुँदा मृतकलाई निज प्रतिवादीहरू चाँद खान र वकिल अन्सारीले नै मृतकको नाक, मुख र घाँटी थिची कर्तव्य गरी मारेको भन्ने प्रमाणित भएको देखिने।

प्रतिवादीहरू वकिल अन्सारी र चाँद खानका हकमा उच्च अदालत तुलसीपुरले उल्लिखित कसुरमा गरेको कैद सजायतर्फ हेर्दा दुवै प्रतिवादीहरूलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भए पनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय नहुने हुँदा तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार जन्मकैद अर्थात् २० (बिस) वर्ष कैद सजाय हुनेमा प्रतिवादी वकिल अन्सारीलाई सोहीबमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादीमध्येका चाँद खान उक्त वारदात हुँदाको समयमा केवल १७ वर्षको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम दुइ तिहाइ मात्र सजाय हुने हुँदा निजका हकमा १३ वर्ष ४ महिना कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७७।९।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - प्रियन्का शर्मा / विनिता भारती
कम्प्युटर : शान्ति तामाङ
इति संवत् २०८१ साल जेष्ठ १८ गते रोज ६ शुभम्।